## शुद्धोधन गाउँपालिकाको

# पाँच वर्षे शिक्षा योजना

(२०८२/२०८३-२०८६/२०८७)

## शुद्धोधन गाउँपालिका

लबनी, कपिलवस्तु,

लुम्बिनी प्रदेश,

नेपाल

गाउँ कार्यपालिकाको मिति २०८२।२।२९ गतेको बैठकबाट स्वीकृत।

# शुद्धोधन गाउँपालिका

लबनी, कपिलवस्तु,
लुम्बिनी प्रदेश,
नेपाल

शुद्धोधन गाउँपालिकाको

# पाँच वर्षे शिक्षा योजना

**(२०८२/२०८३-२०८६/२०८७)**

## शुद्धोधन गाउँपालिका
## लवनी, कपिलवस्तु
## लुम्बिनी प्रदेश
### नेपाल

*गाउँकार्यपालिकाको मिति २०८२।२।२९ गतेको बैठकबाट स्वीकृत।*

# विषय-सूची

विषय प्रवेश ........ १
परिच्छेद १ ........ ६
**परिचय** ........ ६
१.१ पृष्ठभूमि ........ ६
१.२ शुद्धोधन गाउँपालिकाको परिचय ........ ७
१.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण ........ १३
१.४ गाउँपालिकाको शैक्षिक अवस्था ........ १५
१.५ शुद्धोधन गाउँपालिकाका शैक्षिक समस्था तथा चुनौतिहरूको SWOT विश्लेषण ........ १७
**दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** ........ २३
२.१ शुद्धोधन गाउँपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः ........ २३
२.२ दीर्घकालीन सोच तथा गन्तव्य ........ २५
२.३ लक्ष्य ........ २५
२.४ उद्देश्य ........ २५
२.५ रणनीति र कार्यनीति ........ २६
२.६ अपेक्षित उपलब्धी ........ ३०
२.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण ........ ३०
परिच्छेद-३ ........ ३३
**विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र** ........ ३३
**३.१ बालविकास केन्द्र र शिक्षा** ........ ३३
३.१.१ परिचय ........ ३३
३.१.२ वर्तमान अवस्था ........ ३४
३.१.३ उद्देश्य ........ ३५
३.१.४ रणनीतिहरू ........ ३५
३.१.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ३५५

३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ........ ३७

**३.२ आधारभूत शिक्षा** ........ ३८

३.२.१ परिचय ........ ३८

३.२.२ वर्तमान अवस्था ........ ३९

३.२.३ उद्देश्य ........ ४३३९

३.२.५ रणनीति ........ ४४

३.२.६ प्रमुख उपलब्धि तथा नतिजाः ........ ४४

३.२.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ ४६

**३.३ माध्यमिक शिक्षा** ........ ४९

३.३.१ परिचय ........ ४९

३.३.२ वर्तमान अवस्था ........ ५०

३.३.३ उद्देश्यहरु ........ ५३

३.३.४ रणनीतिहरु ........ ५३

३.३.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ५४

३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ५७

**३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम** ........ ६०

३.४.१ परिचय ........ ६०

३.४.२ वर्तमान अवस्था ........ ६०

३.४.३ उद्देश्यहरू ........ ६१

३.४.४ रणनीतिहरू ........ ६२

३.४.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ६२

३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ६४

**३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ** ........ ६५

३.५.१ परिचय ........ ६५

३.५.२ वर्तमान अवस्था ........ ६५

३.५.३ उद्देश्य ........ ६८

३. ५.४ रणनीतिहरु ........ ६८

३. ५.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु ........ ६९

३. ५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ७०

परिच्छेद ४ ........ ७१

अन्तरसम्बन्धित विषय तथा क्षेत्र ........ ७१

४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ........ ७१

४.१.१. परिचय ........ ७१

४.१.२ वर्तमान अवस्था ........ ७३

४.१.३ उद्देश्य ........ ७४

४.१.४ रणनीति ........ ७४४

४.१.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ७५

४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ७६

**४.२ शिक्षक ब्यवस्थापन तथा विकास** ........ ७७

४.२.१ परिचयः ........ ७७

४.२.२ वर्तमान अवस्थाः ........ ७८

४.२.३ उद्देश्यहरुः ........ ७९

४.२.४ रणनीतिहरू ........ ७९

४.२.५ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ८०

४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ८१

**४.३ शैक्षिक समता र समावेशीकरण** ........ ८३

४.३.१ परिचय ........ ८३

४.३.२ वर्तमान अवस्था ........ ८३

४.३.३ समस्या तथा चुनौतीहरू ........ ८४

४.३.४ उद्देश्यहरुः ........ ८४

४.३.५ रणनीति ........ ८४
४.३.६ उपलब्धि तथा प्रमुख नतिजाहरु ........ ८५
४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ८६
**४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम** ........ ८७
४.४.१ परिचय ........ ८७
४.२.२ वर्तमान अवस्था ........ ८८
४.४.३. चुनौतीहरूः ........ ८९
४.४.४. उद्देश्यहरुः ........ ८९
४.२.५ रणनीतिहरु ........ ८९
४.४.६ उपलब्धि,नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य ........ ९०
४.४.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ९२
**४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता** ........ ९२
४.५.१ परिचय ........ ९२
४.५.२ वर्तमान अवस्था ........ ९४४
४.५.३ उद्देश्यहरुः ........ ९५
४.५.४ रणनीति ........ ९५
४.५.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ९५
४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ........ ९७
**४.६ विद्यालय भौतिक पूर्वाधार विकास** ........ ९७
४.६.१ परिचय ........ ९७
४.६.२ वर्तमान अवस्था ........ ९८
४.६.३ उद्देश्य ........ ९९
४.६.४ रणनीति ........ ९९
४.६.५ प्रमुख उपलब्धि तथा नतिजा ........ ९९
४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य ........ १००

**४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि**......१०१
४.७.१ परिचय......१०१
४.७.२ वर्तमान अवस्थाः ......१०२
४.७.३ उद्देश्यः......१०३
४.७.४ प्रमुख उपलब्धि तथा नतिजा......१०४
४.७.५ नतिजा तथा परिमाणात्मक लक्ष्य......१०४
४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......१०५
परिच्छेद ५ ......१०७
सुशासन तथा व्यवस्थापन......१०७
५.१.१ परिचय ......१०७
५.१.२ वर्तमान अवस्था......१०८
५.१.३ उद्देश्य ......१०९
५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य......११०
५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......१११
**५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध**......११३
५.२.१ परिचय......११३
५.२.२ वर्तमान अवस्थाः ......११३
५.२.३ उद्देश्यहरुः ......११४
५.२.४ प्रमुख उपलब्धि तथा नतिजा......११५
६.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः ......११५
५.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य......११६
परिच्छेद ६ ......११७
*लगानी र स्रोत व्यवस्थापन*......११७
६.१ परिचय ......११७
६.२ वर्तमान अवस्था......११८

६.३ उद्देश्यहरू........................................................................................................११८

६.४ प्रमुख उपलब्धि तथा नतिजा ................................................................................११९

६.५ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया..................................................................१३५

परिच्छेद ७ ...........................................................................................................१३६
**अनुगमन तथा मूल्याङ्कन**..........................................................................................१३६

७.१ परिचय ..............................................................................................................१३६

७.२ वर्तमान अवस्था....................................................................................................१३६

७.३ उद्देश्य...............................................................................................................१३६

७.४ प्रमुख उपलब्धि तथा नतिजा ................................................................................१३७

७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः .................................................................१३७

# विषय प्रवेश

नेपालको संविधान २०७२ मा शिक्षालाई प्राथमिकतामा राखिएको छ साथै संविधानको भाग ३ मा मौलिक हकको व्यवस्था गरिएको छ । जस अन्तर्गत धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेख छ। धारा ३१ मा शिक्षालाई नागरिकको आधारभूत अधिकारको रुपमा व्यवस्था गरी प्रत्येक नागरिकलाई आधारभूत तहको शिक्षा अनिवार्य र निःशुल्क साथै माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक रहेको छ । अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक रहेको छ । त्यस्तै दृष्टिविहीन नागरिकलाई ब्रेललिपि, बहिरा तथा बोलाई समस्या भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानुनबमोजिम निःशुल्क शिक्षा पाउने तथा नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुने कुरा उल्लेख गरिएको छ। यसैगरी संविधानको धारा ३८ मा महिलाको हक अन्तर्गत उपधारा ५ मा महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक हुनेछ भन्ने उल्लेख छ । यसैगरी नेपालको संविधान २०७२ मा बालबालिकाको हक अन्तर्गत प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन, व्यक्तित्व विकास तथा बाल सहभागिताको हक रहेको छ साथै बालबालिकालाई घर विद्यालय वा जुनसुकै स्थानमा शारीरिक मानसिक वा कुनै किसिमको यातना दिन पाइने छैन भनी उल्लेख गरिएको छ । त्यसैगरी दलितको हक अन्तर्गत आधारभूत तहबाट उच्च तहसम्म छात्रवृत्ति सहित निःशुल्क शिक्षाको व्यवस्था हुने कुरा उल्लेख छ । त्यसैगरी नेपालको संविधानमा शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक, जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्ने कुरा उल्लेख छ। साथै नागरिकको व्यक्तित्व विकासका लागि पुस्तकालय सामुदायिक सूचना केन्द्रको स्थापना र प्रवर्धन गर्ने कुरा उल्लेख छ ।

दिगो विकास को लक्ष्य नं ४ मा समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सबैलाई उपलब्ध गराउने र आजीवन सिकाइलाई प्रवर्धन गर्ने कुरा उल्लेख गरिएको छ । नेपालको अनिवार्य आधारभूत शिक्षा ऐन, २०७५ अनुसार वि.सं. २०८५ सम्म सबै नागरिकलाई आधारभूत तह सम्मको शिक्षामा पहुँच पुऱ्याउने व्यवस्था उल्लेख गरिएको छ । यसै गरी स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ (२) को उप दफा (ज) अनुसार स्थानीय तहलाई माध्यमिक र आधारभूत विद्यालय सम्बन्धी २३ वटा अधिकारहरू प्रदान गरिएको छ । अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा हासिल गर्नका लागि ७५३ वटै स्थानीय तहले सङ्घीय र प्रदेश सरकारका योजनालाई आधार मानी आफ्ना आवश्यकतालाई प्राथमिकतामा राखी स्थानीय तह स्तरीय शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको सन्दर्भमा यस शुद्धोधन गाउँपालिकाले पनि शैक्षिक सेवा प्रभावकारी रुपमा कार्यान्वयन गरी अपेक्षित नतिजा हासिल गर्न विगतमा ५ वर्षे शिक्षा योजना (२०७६/०७७ देखि २०८०/०८१) निर्माण गरी कार्यान्वयन गरेको सन्दर्भमा शिक्षा

योजनाको अवधि आ.ब. २०८०/०८१ मा सकिएको छ । शिक्षामा पहुँच, गुणस्तर, सहभागिता र समता सुनिश्चित गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका ठहर गरी नेपाल सरकार शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले दश वर्षे शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ । नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) कार्यान्वयनमा रहेको अवस्थामा यस शुद्धोधन गाउँपालिकाको पाँच वर्षीय शिक्षा योजनाले विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा थप सहयोगी भूमिका निर्वाह गर्नेछ भन्ने अपेक्षाका साथ शुद्धोधन गाउँपालिकाले नयाँ शिक्षा योजना (२०८२/०८३ देखि २०८६/०८७) कार्यान्वयन गरेको छ ।

शिक्षा ऐन, २०२८ र शिक्षा नियमावली, २०५९ मा शिक्षा सम्बन्धी विविध व्यवस्था गरिएको छ र सङ्घीय सरकारले राष्ट्रिय शिक्षा नीति २०७६ जारी गरेको छ भने त्यसका लागि विद्यालय शिक्षा क्षेत्र योजना (२०७९-२०८८) कार्यान्वयनमा रहेको छ । यी सबै नीति, योजना, व्यवस्था र घोषणाहरूको मर्मअनुसार स्थानीय तहको शिक्षालाई सु-व्यवस्थित बनाउन, गुणस्तरीय र समावेशी, समतामूलक शिक्षा सबै नागरिकलाई प्रदान गरी संवृद्ध नेपाल सुखी नेपालीको नारालाई साकार पार्न शुद्धोधन गाउँपालिका पाँच वर्षीय शिक्षा योजना (२०८२/०८३ देखि २०८६/०८७) तयार गरेको छ । यसका साथै गाउँपालिका अन्तर्गतका शिक्षा सम्बन्धी समस्याहरूको पहिचान गरेर विभिन्न चरणमा कार्यशाला, गोष्ठीहरू सञ्चालन गरी शिक्षा सम्वन्धी सरोकार राख्ने सबै स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष सहभागितामा यो योजना तयार गरिएको हो । यस योजनामा व्यवस्था गरिएका सबै कुराहरू कार्यान्वयन गर्न शिक्षा सम्बन्धी सरोकार राख्ने सबै निकायहरूको महत्वपूर्ण भूमिका रहनेछ । यसमा भएका व्यवस्थाहरूलाई आ-आफ्नो क्षेत्रमा लागु गर्नु सबै नागरिकको कर्तव्य रहनेछ । गुणस्तरीय शिक्षाको विकास गरी सिपयुक्त नागरिक तयार गर्न र संमृद्ध शुद्धोधन गाउँपालिकाको रुपमा विकास गर्न यस शैक्षिक योजनाले उल्लेख्य भूमिका खेलेको छ ।

## १. शिक्षा योजना निर्माणको आवश्यकता र औचित्यः

नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, दिगो विकास लक्ष्य, १६औं पञ्चवर्षीय योजनाको अवधारणा तथा विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन कानुनले प्राथमिकतामा राखेका नीति, कार्यक्रम तथा लक्ष्यलाई सङ्घीय संरचना अनुसार कार्यान्वयन गर्न र विद्यालय शिक्षा क्षेत्रको विकासलाई दिशानिर्देश गर्न स्थानीय तहमा विद्यालय शिक्षा योजनाको निर्माण गर्न आवश्यकता देखिएको छ । विज्ञान तथा प्रविधिमा भएको विकास तथा परिवर्तनलाई आत्मसाथ गर्न र सृजनशील, सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रूपान्तरणका लागि उपयोगी नागरिक तयार गर्नका लागि र शिक्षाको योगदानलाई समय सापेक्ष बनाउन पनि विद्यालय शिक्षा क्षेत्रको योजना मार्फत समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।

नेपालको संविधान अनुसूची ८ मा स्थानीय तहको एकल अधिकार अन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा उल्लेख भएको तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ (११ ज) ले आधारभूत

तथा माध्यमिक तहका लागि २३ वटा शिक्षाको अधिकार तोकेको छ । यस ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी प्रावधानलाई कार्यान्वयन गर्नका लागि स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य समेत रहेको छ ।

विद्यालय शिक्षामा रहेका आर्थिक तथा सामाजिक लगायतका कारणले सुविधाविहीन, सीमान्तकृत तथा अपाङ्गता भएका बालबालिकाको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले शिक्षा क्षेत्र योजना (School Education Sector Plan २०७९-२०८८) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसै परिवेशमा यस शुद्धोधन गाउँपालिकाले पनि शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्ने आवश्यकतालाई महसुस गरी पाँच वर्षीय स्थानीय शिक्षा योजना निर्माण र कार्यान्वयन गरी शिक्षा क्षेत्रमा अपेक्षित सुधार गर्नुपर्ने आवश्यकता र औचित्य देखेको छ ।

### ३. शुद्धोधन गाउँपालिकामा शिक्षा योजना निर्माणको औचित्यः

१. बालबालिकाहरूको शिक्षामा पहुँच सुनिश्चितता, विद्यालयमा अर्थपूर्ण सहभागिताका लागि वञ्चित समूह, समुदायका बालबालिकाहरूलाई शिक्षाको पहुँच सम्बोधन गर्न,
२. आधारभूत र माध्यमिक दुवै तहको शिक्षामा बालबालिकाको ससम्मान प्रवेश, बालबालिकाको क्षमता, आवश्यकता र परिवेश अनुसार सफल जीवनयापनका लागि आवश्यक सिपहरूको विकास गर्न,
३. विद्यालयभन्दा बाहिर रहेका बालबालिकालाई विद्यालयसम्म ल्याउने, उनीहरूलाई विद्यालयमा टिकाइ राख्ने र सिकाइ पश्चात् शैक्षिक सिपको उद्देश्य पूरा गर्न,
४. लैङ्गिक असमानता, अपाङ्गता, भाषा, जातीयता, कठिन परिवेशमा रहेका बालबालिकालाई शिक्षामा अर्थपूर्ण सहभागिता र सिकाइमा सुधार ल्याउन,
५. तिनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय र क्षितिजीय सहसम्बन्ध स्थापित गर्न,
६. सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाइ व्यवस्थापन, परिचालन र उपयोग गर्न,
७. कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न,
८. साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन,
९. शिक्षा सम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुऱ्याउन र
१०. गाउँपालिकामा देखिएका मुख्य शैक्षिक समस्या, समस्याका कारणहरुको पहिचान गरी समस्या समाधानका उपायहरु कार्यान्वयन गर्न,

## ४. शिक्षा योजना निर्माणका आधारहरुः

शुद्धोधन गाउँपालिकाको शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइएको छ । यसका अतिरिक्त अन्य सान्दर्भिक र सन्दर्भ सामग्री प्रयोग गरी योजना निर्माण गरिएको छ ।

क) नेपालको संविधान २०७२
ख) १६ औं आवधिक योजना
ग) स्थानीय सरकार सञ्चालन ऐन २०७४
घ) सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७
ङ) अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ लगायत विद्यमान विद्यालय शिक्षा सम्बन्धी ऐन नियमावली
च) विद्यालय शिक्षा क्षेत्र योजना
छ) शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
ज) विद्यालय शिक्षामा समता रणनीति
झ) दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
ञ) स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
ट) स्थानीय तहको मध्यमकालीन खर्च संरचना
ठ) राष्ट्रिय जनगणनाको प्रतिवेदन २०७८
ड) विद्यालय सुधार योजना र अन्य सरकारी र गैरसरकारी सङ्घसंस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि
ढ) शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको प्रतिवेदनहरू
ण) सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan), २०२३-२०२८

## ५. शिक्षा योजना निर्माण प्रक्रिया

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रक्रियाहरूको सम्मिश्रण योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नुपर्छ । त्यसैले योजना निर्माण गर्नु जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैली र भविष्यको दृष्टिकोण नै योजना भएकाले सबै तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याइ मिठो प्रतिफल दिने अपेक्षाका साथ सहभागितामूलक ढङ्गले योजना निर्माण कार्य गरिएको छ । शुद्धोधन गाउँपालिकाको शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रक्रियाहरूलाई गम्भीरतापूर्वक अवलम्बन र अनुसरण गरिएको छ ।

१. गाउँ शिक्षा समितिको मिति २०८१/४/९ को बैठकले गाउँ शिक्षा योजना निर्माणका लागि कार्यादिश सहितको ७ सदस्यीय निर्माण कार्यदलको गठन भएको ।

२. कार्यदलको मिति २०८१/०४/१७ गते बैठक बसी गाउँ शिक्षा योजनाको लागि कार्ययोजना बनाइ कामको जिम्मेवारी बाँडफाँड गरिएको ।
३. योजनालाई मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको । योजनाको खाका तयार गरी योजनाले समेट्ने विषयवस्तुमाथि छलफल भएको ।
४. योजनाको लागि वर्तमान अवस्थाको मूल्याङ्कन गरी तथ्याङ्क सङ्कलन र विश्लेषण गरिएको ।
५. सरोकारवालाहरूसँगको कार्यशालाबाट पालिकाका शैक्षिक समस्या चुनौती र अवसरका सन्दर्भमा समस्या वृक्ष, SWOT analysis तथा Gap Analysis गरिएको ।
६. शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट पहिलो मस्यौदा तयार गरिएको ।
७. मुख्य सरोकारवालाहरूबाट योजनाको पहिलो मस्यौदा उपर सुझावको लागि कार्यशाला आयोजना गरिएको
८. विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण सङ्कलन गरिएको ।
९. सरोकारवालाहरुको सल्लाह सुझावको आधारमा शिक्षा योजना निर्माण कार्यदलबाट योजनाको लेखन छलफल तथा अन्तरक्रियाबाट अन्तिम मस्यौदा तयार गरिएको ।
१०. सरोकारवालाहरुबाट प्राप्त सुझावका आधारमा योजनालाई आवश्यक परिमार्जन र भाषिक सम्पादन सहित मुख्य सरोकारवालामाझ अन्तिम सुझावका लागि प्रस्तुत गरिएको ।
११. गाउँ कार्यपालिकाको मिति २०८२।२।२९ गतेको बैठकबाट स्वीकृत भइ आ.व. २०८२।८३ बाट कार्यान्वन हुने ।

### ६. योजनाको दस्तावेजको स्वरुप

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न सरोकारवालाहरूसँगको प्रत्यक्ष सहभागितामा पालिकाका वर्तमान अवस्था, शैक्षिक समस्या, चुनौती, अवसर र योजनामा समेट्नुपर्ने मुख्य मुख्य उद्देश्य, रणनीति र कार्यनीतिहरुका सन्दर्भमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक स्रोतकारूपमा लिइ योजनालाई बढी भरपर्दो, विश्वासिलो र यथार्थपरक बनाउने प्रयत्न गरिएको छ । शुद्धोधन गाउँपालिकाको आगामी १० वर्षे शिक्षाको स्पष्ट मार्गदर्शन नै शिक्षा योजनामा निहित रहने हुँदा योजनामा समावेश भएका प्रत्येक परिच्छेद र विषयवस्तुमा उल्लेख भएका क्षेत्रको परिचय वर्तमान, अवस्थाको विश्लेषण, अवसर र चुनौती, रणनीतिक क्रियाकलाप, बजेट व्यवस्था तथा कार्यान्वयनको योजनालाई जिम्मेवारीका साथ महत्त्वपूर्ण स्थान दिइएको छ ।

# परिच्छेद १

## परिचय

### १.१ पृष्ठभूमि

वर्तमान नेपालको संविधानअनुसार राज्यको पुनर्संरचना भइ एकात्मक राज्य व्यवस्थाबाट सङ्घीय गणतन्त्रात्मक राज्य व्यवस्थामा परिवर्तन भएको छ । जसअनुसार हाल देशमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार क्रियाशील रहेका छन् । संविधानले समग्रमा समतामूलक समावेशी समाजवाद उन्मुख राष्ट्र निर्माण गर्ने ध्येय राखेको छ । नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीमा आधारित भइ प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ । यसका अतिरिक्त अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ । राज्यको आर्थिक, समृद्धि र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणका लागि गुणस्तरीय शिक्षाको सुनिश्चितता र सबैका लागि जीवनपर्यन्त शिक्षाको समान अवसरले दिगो शान्ति, असल संस्कृति, सामाजिक सहिष्णुता तथा साझा मूल्यको प्रवर्धन गरी राष्ट्र निर्माणमा आवश्यक मानव संसाधनको विकासमा शिक्षाको अहम् भूमिका रहनेमा दुई मत छैन ।

संविधानले शिक्षालाई मौलिक हकको रूपमा उल्लेख गरी कार्यान्वयन गर्न कानुन निर्माणको कार्य थालनी गरेको छ । यी संवैधानिक हक तथा प्राथमिकताहरूलाई कार्यान्वयन गर्न सहयोगी हुने कानुनी आधार तयार गर्ने क्रममा निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा यस सम्बन्धी नियमावली २०७० कार्यान्वयनमा आएको छ । बालबालिका सम्बन्धी ऐन २०७५ ले शिक्षा लगायत बालबालिकाहरूको हक र अधिकारलाई थप प्रत्याभूत गरेको छ । नेपाल सरकारले जारी गरेको राष्ट्रिय शिक्षा नीति २०७६ ले संवैधानिक मान्यतामा आधारित भइ शिक्षा क्षेत्रमा सुधार तथा परिवर्तनका लागि नीतिगत मार्गदर्शन गरेको छ ।

संघीय स्वरूपको राज्य व्यवस्थामा राज्यका सबै तहका सरकारबिचको आपसी समन्वय र सहकार्यबाट नै राज्यले परिलक्षित गरेका उद्देश्य प्राप्त गर्न सकिन्छ । मानव संसाधनको विकासबाट मुलुकको उपलब्ध प्राकृतिक स्रोतसाधन र अवसरहरूको समुचित परिचालन हुन गइ नेपाल सरकारले राखेको २५ वर्षे दीर्घकालीन सोँच "समृद्ध नेपाल, सुखी नेपाली" सहितको समुन्नत राष्ट्र निर्माणमा शिक्षाको माध्यमबाट योगदान पुऱ्याउन सकिन्छ । यही वृहत्तर उद्देश्य प्राप्तिका लागि राष्ट्रिय रूपमा नै शैक्षिक कार्यक्रमहरू बीच तादात्म्यता सहित तिनै तहका सरकारको आपसी समन्वय र सहकार्यमा शिक्षा योजना निर्माण हुनु सान्दर्भिक देखिन्छ । यसै सन्दर्भमा नेपालको संविधानमा भएका शिक्षा सम्बन्धी प्रावधान, २५ वर्षे राष्ट्रिय दीर्घकालीन सोँच, राष्ट्रिय शिक्षा नीति र राष्ट्रिय विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति, सामुदायिक विद्यालय सवलीकरण दशक (२०७६-२०८५) का लागि सम्बोधन

गर्नुपर्ने विषयहरू, १५ वर्षे दिगो विकास लक्ष्य, सोह्रौं आवधिक योजनाका लक्ष्यहरू र कोभिड १९ ले पारेको प्रभावलाई समेत सम्बोधन गर्ने गरी नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले १०वर्षे (वि.सं.२०७९ देखि २०८८ सम्म) विद्यालय शिक्षा क्षेत्रको नयाँ शिक्षा योजना कार्यान्वयनमा ल्याएको छ । विद्यालय शिक्षा क्षेत्र योजना (वि.सं.२०७९ देखि २०८८ सम्म) नेपाल सरकार, शिक्षा, विज्ञान, तथा प्रविधि मन्त्रालयद्वारा तयार गरिएको दीर्घकालीन रणनीतिक योजना हो, जसको उद्देश्य विद्यालय शिक्षा प्रणालीलाई गुणस्तरीय, समावेशी र सुलभ बनाउनु रहेको छ । तिनै तहमा निर्माण हुने प्रस्तावित योजनाले नेपाललाई सन् २०३० सम्ममा दिगो विकासका लक्ष्य हासिल गर्दै मध्यम आय भएको मुलुकको रूपमा स्तरोन्नति गर्ने तथा समृद्ध नेपाल र सुखी नेपालीको राष्ट्रिय अपेक्षा पूरा गर्ने कार्यमा मुलुकको शिक्षाले माध्यमको रूपमा भूमिका खेल्ने अपेक्षा अनुरूप शुद्धोधन गाउँपालिकाले पनि स्थानीयतामा आधारित रहेर यो शिक्षा क्षेत्रको पाँच वर्षे योजना निर्माण गरिएको छ ।

## १.२ शुद्धोधन गाउँपालिकाको परिचय

नेपालको संविधान जारी भएपछि राज्य पुनर्संरचनाका क्रममा मन्त्रीपरिषद्को २०७३ फागुन २२ गते निर्णय विशेष रह्यो । सोही निर्णयका आधारमा २०७३ फागुन २७ गतेदेखि ७ सय ५३ स्थानीय तहहरू सञ्चालनमा आए । तीमध्ये शुद्धोधन गाउँपालिका पनि संविधान बमोजिम एक स्थानीय तहका बन्न सफल भयो । कपिलवस्तु जिल्लाका १० वटा स्थानीय तहहरु मध्ये शुद्धोधन गाउँपालिका पनि एक हो । शुद्धोधन गाउँपालिका लुम्बिनी प्रदेशको कपिलवस्तु जिल्लाको दक्षिण-पूर्वी भेगमा अवस्थित रहेको छ । यस गाउँपालिकाको स्थापना २०७३ फागुन २७ गते भएको हो । साविकका पतरिया, नन्दनगर, लवनी, विठुवा, हथिहवा र बाँसखोर गा.वि.स.हरुलाई समायोजन गरी शुद्धोधन गाउँपालिका घोषण गरिएको हो । राजा शुद्धोधनको नामबाट गाउँपालिकाको शुद्धोधन नाम राखिएको स्थानीयहरुको मान्यता छ ।

### गाउँपालिकाको भौगोलिक अवस्थिति र सिमाना

| भौगोलिक | विवरण |
|---|---|
| | २७'२५" उत्तरी |
| देशान्तर | ८३'१४" पूर्वी |
| पालिकाको क्षेत्रफल कि.मी. | ९१.९९ वर्ग कि.मी. |
| सिमाना | पूर्व-लुम्बिनी साँस्कृतिक नगरपालिका र गैडहवा गाउँपालिका रुपन्देही, पश्चिम-मायादेवी गाउँपालिका, उत्तर-वाणगंगा नगरपालिका, दक्षिण-भारत |
| हावापानी | उष्णप्रदेशीय |
| गाउँपालिका केन्द्र रहेको | लवनी |

| | |
|---|---|
| स्थान | |
| प्रशासनिक विभाजन | |
| जम्मा वडा संख्या | ०६ |
| सङ्घीय निर्वाचन क्षेत्र नं. | १ |
| प्रदेश निर्वाचन क्षेत्र नं. | १ (ख) |
| प्रमुख नदीनालाहरु | कोठी, बेथी नदी |
| तालतलैया/पोखरीहरु | मुडफुटुवा, दोहनी, मेहनिहवा |
| प्रमुख धार्मिक स्थलहरु | समयमाई थान जयनगरा, शुद्धोधन थान नौडिहवा, दुर्गा मन्दिर लवनी, मस्जिदहरु |

**धरातलीय अवस्था**

शुद्धोधन गाउँपालिकाको धरातलीय अवस्था समथर खालको रहेको छ । ग्रामीण क्षेत्रका भागहरुमा कृषि उत्पादन गरिन्छ । यस गाउँपालिकामा उष्ण प्रदेशीय हावापानी पाइन्छ । अधिकतम तापक्रमः ४५ डिग्री सेल्सियस र न्यूनतम तापक्रम ७ डिग्री सेल्सियस सम्म पुगेको देखिन्छ भने औसत वर्षाः १४३६.५ मि.मि. सम्म भएको पाइएको छ । मंसिरदेखि माघसम्म जाडो हुने, वैशाख देखि आश्विनसम्म गर्मी हुन्छ । लगभग ८० प्रतिशत वर्षा आषाढ, श्रावण, भाद्र महिनामा मनसुनी वर्षा हुने गर्दछ ।

**जनसांख्यिक अवस्था**

शुद्धोधन गाउँपालिकाको जम्मा जनसंख्या ५२८६१ छ । उक्त जनसंख्यामा महिलाको संख्या २६९०० र पुरुषको संख्या २५९६१ छ । कूल जनसंख्यामा महिलाको प्रतिशत ५०.८९ र पुरुषको प्रतिशत ४९.११ छ ।

राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन अनुसार यस शुद्धोधन गाउँपालिकाको परिवार संख्या र जनसंख्या विवरण यहाँ उल्लेख गरिएको छ ।

| परिवार संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | परिवारको औसत आकार | लैंगिक अनुपात | बार्षिक जनसंख्या बृद्धिदर | जन-घनत्व |
|---|---|---|---|---|---|---|---|
| ८५४३ | ५२८६१ | २५९६१ | २६९०० | ६.१९ | ९६.५१ | १.५० | ५७५ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## वडागत जनसंख्या विवरण

| वडा | पुरुष | महिला | जम्मा | लैङ्गिक अनुपात | कैफियत |
|---|---|---|---|---|---|
| वडा नं. १ | ४८९८ | ५१२९ | १००२७ | ९५.५ | |
| वडा नं. २ | ४०९० | ४२८६ | ८३७६ | ९५.४ | |
| वडा नं. ३ | ४४७० | ४३९० | ८८६० | १०१.८ | |
| वडा नं. ४ | २५९७ | २६८४ | ५२८१ | ९६.८ | |
| वडा नं. ५ | ४५३८ | ४८५३ | ९३९१ | ९३.५ | |
| वडा नं. ६ | ५३५८ | ५५५८ | १०९२६ | ९६.६ | |
| **जम्मा** | **२५९५१** | **२६९००** | **५२८६१** | **९६.४** | |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## धर्मको आधारमा जनसंख्याको विवरण

| क्र.सं. | धर्म | पुरुष | महिला | जम्मा |
|---|---|---|---|---|
| १. | हिन्दु | २०३५२ | २०९०७ | ४१२५९ |
| २. | बौद्ध | ० | १ | १ |
| ३. | इश्लाम | ५५९३ | ५९७२ | ११५६५ |
| ४ | ईसाइ | १६ | २० | ३६ |
| | जम्मा | २५९६१ | २६९०० | ५२८६१ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## जातजातिको आधारमा जनसंख्याको विवरण

| क्र.सं. | जातजाती | जम्मा | महिलाको संख्या | पुरुषको संख्या | प्रतिशत |
|---|---|---|---|---|---|
| १ | क्षेत्री | १२९ | ६० | ६९ | ०.२ |
| २ | ब्राम्हण पहाड | ५९३ | २९८ | २९५ | १.१ |
| ३ | मगर | ४७ | २३ | २४ | ०.१ |
| ४ | थारु | २५६१ | १२४८ | १३१३ | ४.८ |
| ५ | नेवाः नेवार | १० | ७ | ३ | ०.० |
| ६ | विश्वकर्मा | ११३ | ४७ | ६६ | ०.२ |
| ७ | मुसलमान | ११३७५ | ५५१४ | ५८६१ | २१.५ |
| ८ | यादव | ८२०६ | ४०३५ | ४१७१ | १५.५ |
| ९ | परियार | ६२ | २९ | ३३ | ०.१ |
| १० | तेली | १६४६ | ८४३ | ८०३ | ३.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११ | चमार हरिजन राम | २८६० | १४१८ | १४४२ | ५.४ |
| १२ | कोइरी कुशहवा | ५०३ | २५२ | २५१ | १.० |
| १३ | कुर्मी | ३२५९ | १६१७ | १६४२ | ६.२ |
| १४ | सन्यासी दशनामी | १६३ | ८० | ८३ | ०.३ |
| १५ | दुशाद पासवान पासी | ३९३६ | १९५० | १९८६ | ७.५ |
| १६ | मल्लाह | २८२६ | १३५८ | १४६८ | ५.४ |
| १७ | केवट | ७५९ | ३६९ | ३९० | १.४ |
| १८ | कठाबानीया | १०८ | ५७ | ५१ | ०.२ |
| १९ | ब्राम्हण तराई | ९५९ | ४७२ | ४८७ | १.८ |
| २० | कलवार | ४८९ | २४२ | २४७ | ०.९ |
| २१ | कानु | ११ | ५ | ६ | ०.० |
| २२ | कुमाल | २३ | १६ | ७ | ०.० |
| २३ | हजाम ठाकुर | २४७ | १२४ | १२३ | ०.५ |
| २४ | धोबी | १५०५ | ७५३ | ७५२ | २.९ |
| २५ | लोहार | ६७८ | ३४५ | ३३३ | १.३ |
| २६ | बरई | ६५६ | ३४१ | ३१५ | १.२ |
| २७ | नुनिया | ५३४ | २५५ | २७९ | १.० |
| २८ | सोनार | ११५ | ५३ | ६२ | ०.२ |
| २९ | कमहार | ५७६ | २९३ | २८३ | १.१ |
| ३० | कहार | १६२३ | ७७५ | ८४८ | ३.१ |
| ३१ | कायश्थ | १३२ | ६६ | ६६ | ०.३ |
| ३२ | राजपुत | १३ | ९ | ४ | ०.० |
| ३३ | ओराओन÷कुदुख | ४०८ | १९८ | २१० | ०.८ |
| ३४ | लोध | १५९९ | ७९८ | ८०१ | ३.० |
| ३५ | बधाई/बाधी | ६०१ | २९० | ३११ | १.१ |
| ३६ | गडेरी/भेडियार | ९२१ | ४५९ | ४६२ | १.७ |
| ३७ | माली | १५६ | ६६ | ९० | ०.३ |
| ३८ | धुनिया | ५४ | २९ | २५ | ०.१ |
| ३९ | कोरी | ७२८ | ३७६ | ३५२ | १.४ |
| ४० | राजविर | ७०१ | ३३१ | ३७० | १.३ |
| ४१ | पत्थरकट्टा/खुस्वाडीया | ६४ | ३० | ३४ | ०.१ |
| ४२ | नटुवा | १९३ | ९५ | ९८ | ०.४ |
| ४३ | ढाडी | ३९ | १९ | २० | ०.१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४४ | बनिया | ३१ | १८ | १३ | ०.१ |
| ४५ | खटिक | ४८६ | २५७ | २२९ | ०.९ |
| ४६ | अन्य | २६ | १२ | १४ | ०.१ |
| ४७ | विदेशी नागरिक | १२७ | २४ | १०३ | ०.२ |
| ४८ | उल्लेख नभएको | १० | ५ | ५ | ०.० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## मातृभाषा सम्बन्धी विवरण

| क्र स | मातृभाषा | जम्मा जनसंख्या | पुरुष | महिला |
|---|---|---|---|---|
| १ | नेपाली | ११२० | ५४७ | ५७३ |
| २ | थारु | १५३४ | ७४६ | ७८८ |
| ३ | नेवारी | १० | ७ | ३ |
| ४ | उर्दु | ३८१ | १९६ | १८५ |
| ५ | अवधी | ४९७५६ | २४४४१ | २५३१५ |
| ६ | हिन्दी | २८ | ८ | २० |
| ७ | खस | ११ | ६ | ५ |
| ८ | अन्य | २१ | १० | ११ |
| ९ | कुल जम्मा | ५२८६१ | २५९६१ | २६९०० |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## धर्म सम्बन्धी विवरण

| क्र.स. | लिङ्ग | जम्मा जनसंख्या | हिन्दु | बौद्ध | इस्लाम | क्रिश्चियन |
|---|---|---|---|---|---|---|
| १ | पुरुष | २५९६१ | २०३५२ | ० | ५५९३ | १६ |
| २ | महिला | २६९०० | २०९०७ | १ | ५९७२ | २० |
| ३ | जम्मा | ५२८६१ | ४१२५९ | १ | ११५६५ | ३६ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## साक्षरता सम्बन्धी विवरण

| कूल साक्षरता दर | पुरूष साक्षरता दर | महिला साक्षरता दर |
|---|---|---|
| ६७.६% | ७६.७ % | ५८.२ % |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## उमेर समूह अनुसारको जनसंख्या (२०७८)

| उमेर | पुरुष | महिला | जम्मा | पुरूष % | महिला % |
|---|---|---|---|---|---|
| ०-४ | ३२०९ | ३०३१ | ६२४२ | ५१.४ | ४८.६ |
| ०४-०९ | ३२६३ | ३०८० | ६३४३ | ५१.४ | ४८.६ |
| ०९-१४ | ३३३१ | ३१८० | ६५११ | ५१.२ | ४८.८ |

| | | | | | |
|---|---|---|---|---|---|
| १५-१९ | ३११४ | २९८१ | ६०९५ | ५१.१ | ४८.९ |
| २०-२४ | २२८१ | २६६७ | ४९४८ | ४६.१ | ५३.९ |
| २५-२९ | १८२७ | २१५३ | ३९८० | ४५.९ | ५४.१ |
| ३०-३४ | १५०५ | १९९६ | ३५०१ | ४३.० | ५७.० |
| ३५-३९ | १४६८ | १७०९ | ३१७७ | ४६.२ | ५३.८ |
| ४०-४४ | ११४२ | १२९० | २४३२ | ४७.० | ५३.० |
| ४५-४९ | ९२० | ९४९ | १८६९ | ४९.२ | ५०.८ |
| ५०-५४ | ८९३ | १०६० | १९५३ | ४५.७ | ५४.३ |
| ५५-५९ | ८५६ | ७३० | १५८६ | ५४.० | ४६.० |
| ६०-६४ | ६२७ | ६५८ | १२८५ | ४८.८ | ५१.२ |
| ६५-६९ | ६५३ | ६२४ | १२७७ | ५१.१ | ४८.९ |
| ७०-७४ | ५२४ | ४८६ | १०१० | ५१.९ | ४८.१ |
| ७५-७९ | २१४ | १७० | ३८४ | ५५.७ | ४४.३ |
| ८०-८४ | ७० | ७२ | १४२ | ४९.३ | ५०.७ |
| ८५-८९ | ३३ | ३२ | ६५ | ५०.८ | ४९.२ |
| ९०-९४ | १३ | १६ | २९ | ४४.८ | ५५.२ |
| ९५+ | १८ | १६ | ३४ | ५२.९ | ४७.१ |
| कुल जम्मा | २५९६१ | २६९०० | ५२८६३ | ४९.१ | ५०.९ |

*स्रोतः राष्ट्रिय जनगणना २०७८*

## उमेर समूह अनुसारको जनसंख्या (२०८१)

| उमेर | पुरुष | महिला | जम्मा | पुरूष % | महिला % |
|---|---|---|---|---|---|
| ०-४ | ३३५६ | ३१६९ | ६५२५ | ५१.४ | ४८.६ |
| ०४-०९ | ३४१२ | ३२२१ | ६६३३ | ५१.४ | ४८.६ |
| ०९-१४ | ३४८३ | ३३२५ | ६८०८ | ५१.२ | ४८.८ |
| १५-१९ | ३२५६ | ३११७ | ६३७३ | ५१.१ | ४८.९ |
| २०-२४ | २३८५ | २७८९ | ५१७४ | ४६.१ | ५३.९ |
| २५-२९ | १९१० | २२५१ | ४१६२ | ४५.९ | ५४.१ |
| ३०-३४ | १५७४ | २०८७ | ३६६१ | ४३.० | ५७.० |
| ३५-३९ | ३४२५ | ३११० | ६५३४ | ५२.४ | ४७.६ |
| ४०-४४ | ३४३२ | ३४२० | ६८५२ | ५०.१ | ४९.९ |
| ४५-४९ | २४४१ | २६८३ | ५१२४ | ४७.६ | ५२.४ |
| ५०-५४ | २०९७ | २४९० | ४५८६ | ४५.७ | ५४.३ |
| ५५-५९ | १५७२ | २०५१ | ३६२२ | ४३.४ | ५६.६ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६०-६४ | १५६४ | १८३८ | ३४०३ | ४६.० | ५४.० |
| ६५-६९ | १२७५ | १४३४ | २७०८ | ४७.१ | ५२.९ |
| ७०-७४ | ९६४ | ९९८ | १९६२ | ४९.१ | ५०.९ |
| ७५-७९ | ९१२ | १०७४ | १९८६ | ४५.९ | ५४.१ |
| ८०-८४ | ८९९ | ८८२ | १७८१ | ५०.५ | ४९.५ |
| ८५-८९ | ६८५ | ६९४ | १३७९ | ४९.७ | ५०.३ |
| ९०-९४ | ६२७ | ६५४ | १२८१ | ४९.० | ५१.० |
| ९५+ | ६५६ | ५९२ | १२४७ | ५२.६ | ४७.४ |
| कुल जम्मा | ३९९२४ | ४१८७८ | ८१८०३ | ४८.८ | ५१.२ |
| *स्रोतः क्यलिब्रेशन टूलकिट२०८१* | | | | | |

| अपाङ्गताको आधारमा जनसंख्या विवरण | | | | | | |
|---|---|---|---|---|---|---|
| क्रस | अपाङ्गताको प्रकार | पुरुषको संख्या | महिलाको संख्या | जम्मा | पुरुषको प्रतिशत | महिलाको प्रतिशत |
| १ | शारीरिक अपाङ्गता | १९९ | १३४ | ३३३ | २९.१ | २२.२४ |
| २ | न्यून दृष्टियुक्त | २४१ | २५३ | ४९४ | ३५.२ | ४२.४ |
| ३ | दृष्टिविहीन | २८ | २८ | ५२ | ४.१ | ४. |
| ४ | बहिरोपन | ३३ | ४८ | ८१ | ४.८ | ८. |
| ५ | मनोसामाजिक अपाङ्गता | ३१ | २१ | ५२ | ४.५ | ३.५ |
| ६ | न्यून श्रवणशक्ति | ३३ | ३६ | ६९ | ४.८ | ६. |
| ७ | बहिरोपन एवं दृष्टिविहीन | ९ | ५ | १४ | ०.७ | १.७ |
| ८ | मानसिक वा मनोसामाजिक | २५ | १५ | ४० | ३.७ | २.५ |
| ९ | बौद्धिक अपाङ्गता | १५ | १३ | २८ | २.२ | २.२ |
| १० | अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ६ | ७ | १३ | ०.९ | १.२ |
| ११ | अटिजम् | २ | ५ | ७ | ०.३ | ०.८ |
| १२ | बहुअपाङ्गता | ६६ | ३२ | ९८ | ९.६ | ५.४ |
| *स्रोतः राष्ट्रिय जनगणना २०७८* | | | | | | |

## १.३ शिक्षा क्षेत्रको समग्र विश्लेषण

देश विकासका निम्ति शिक्षा पूर्वाधारको पनि पूर्वाधार हो । शिक्षाले व्यक्तिको सर्वाङ्गीण विकास गरी असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक मानवपूँजी तयार गर्दछ । राष्ट्रको आर्थिक, सामाजिक,

सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ । देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । "समृद्ध नेपाल, सुखी नेपाली" हाम्रो राष्ट्रिय आकाङ्क्षा र अठोट हो । सिपमूलक, वैज्ञानिक, व्यावहारिक एवं गुणस्तरीय शिक्षा समृद्ध नेपालको आधारशिला हो । मुलुकको सर्वाङ्गीण विकासको मूल आधार शिक्षा नै भएकाले गुणस्तरीय शिक्षामा सबै नागरिकको समतामूलक र न्यायोचित पहुँच स्थापित गर्नु आजको आवश्यकता हो । नेपालको संविधानको धारा ३१ मा शिक्षा सम्बन्धी हक उल्लेखित छ । उक्त धाराले प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुने, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने, अपाङ्गता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था स्थापना र सञ्चालन गर्न पाउने हक हुने जस्ता शिक्षा सम्बन्धी मौलिक हकको प्रत्याभूत गरेको छ । यो संवैधानिक प्रावधानलाई कार्यान्वयन गर्न सुदृढ राष्ट्रिय शिक्षा प्रणालीको विकास जरुरी भएको छ । मुलुकको समग्र विकासको दृष्टिकोण तथा प्राथमिकता स्पष्ट रुपमा निर्धारण गर्न लक्ष्य, उद्देश्य, नीति, रणनीति, कार्यनीति र कार्यक्रमहरू तर्जुमा गरिन्छ । राष्ट्रको शैक्षिक विकासको दृष्टिकोण र कार्यदिशा शिक्षा नीति मार्फत प्रतिविम्बित हुने गर्दछ । कुनै पनि देशको शिक्षा नीतिले आफ्नो राष्ट्रिय विकासका प्राथमिकताहरूलाई सम्बोधन गर्ने प्रयास गरेको हुन्छ । यसै परिप्रेक्षमा नेपाल सरकारले सङ्घीय संरचना अनुरूप शिक्षा क्षेत्रको मार्गदर्शक नीतिका रुपमा राष्ट्रिय शिक्षा नीति २०७६ तर्जुमा गरेको छ ।

- शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवं जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवं राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने, शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने, उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य बनाइ क्रमशः निःशुल्क बनाउँदै लैजाने, नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्धन गर्ने नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीति नेपालको संविधानमा उल्लेख छ ।
- उमेर समूह अनुसार प्रारम्भिक बालशिक्षाका लागि ४ वर्षदेखि ५ वर्षमुनी, कक्षा १-५ का लागि ५-९ वर्ष, कक्षा ६-८ का लागि १०-१२ वर्ष र माध्यमिक तह कक्षा ९-१२का लागि १३-१६ वर्ष तोकिएको छ ।
- नेपाल सरकारले तोकेको सर्त तथा मापदण्ड पालना गर्ने गरी स्थानीय तहको अनुमति वा स्वीकृतिमा सरकारी, गैरसरकारी, सामुदायिक वा निजी लगानीमा बालमैत्री तथा पूर्वाधारयुक्त प्रारम्भिक बालविकास कक्षा र बालविकास तथा स्याहार केन्द्रको व्यवस्थापन गरी

बालविकास कार्यक्रम सञ्चालन गर्न नीतिगत प्रबन्ध गर्ने प्रारम्भिक बालशिक्षाको नीति रहेको छ ।

- सबैका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न पहुँच र सहभागिता, संस्थागत क्षमता र गुणस्तर अभिवृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने ।
- विद्यालय सेवाक्षेत्र सम्बन्धी मापदण्ड तथा कार्यविधि तयार पारी सोको आधारमा सबै प्रकारका आधारभूत विद्यालयहरूलाई सेवाक्षेत्रको अवधारणा अनुरुप व्यवस्थित गर्ने ।
- आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराइ अध्ययन निरन्तरताको व्यवस्था मिलाउने ।
- माध्यमिक शिक्षाको संरचनागत एकीकरण गरी विविधिकृत विद्यालयहरूको प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने माध्यमिक शिक्षाको नीति रहेको छ ।
- माध्यमिक शिक्षामा सबैको पहुँच विस्तार गर्नुका साथै विद्यार्थीको रुचि र समाजको आवश्यकता अनुरुप माध्यमिक शिक्षामा प्राविधिक तथा व्यावसायिक शिक्षाको अवसर प्रदान गर्ने ।

## १.४ गाउँपालिकाको शैक्षिक अवस्था

शुद्धोधन गाउँपालिका लुम्बिनी प्रदेश कपिलवस्तु जिल्लाको दक्षिण-पूर्वी भेगमा अवस्थित रहेको छ । यस गाउँपालिकामा जम्मा ६ वटा वडाहरु रहेका छन् । गाउँपालिका अन्तर्गत सञ्चालित शैक्षिक संस्थाको प्रसङ्ग उठाउँदा यस पालिकामा २४ वटा सामुदायिक विद्यालयहरू (जसमा १७ वटा आधारभूत विद्यालय र ७ वटा माध्यमिक विद्यालय), २५ वटा मदरसाहरु, १० वटा संस्थागत विद्यालयहरु, ५ वटा सामुदायिक सिकाइ केन्द्र गरी जम्मा ६४ शैक्षिक संस्थाहरु रहेका छन् ।

शिक्षाको माध्यमबाट देश विकासमा महत्वपूर्ण टेवा पुग्न सक्छ भन्ने मान्यताका साथ जीवन उपयोगी शिक्षा प्रदान गर्न यस गाउँपालिकाबाट प्रयास गरिएको छ । शिक्षक, विद्यार्थी, अभिभावक एवं सबै शिक्षासँग सरोकारवाला पक्षसँगको समन्वय र सहकार्यमा सिकाइलाई अगाडि बढाउन सकिएमा थप सकारात्मक नतिजा हासिल गर्न सकिन्छ भन्ने कुरामा कहीं कसैको दुईमत नहोला तथापि शैक्षणिक सिकाइ सुधारका लागि सबै शिक्षा सम्बद्ध सरोकारवाला पक्ष मिलेरै अगाडि बढ्नु वर्तमान अवस्थाको टड्कारो आवश्यकता छ । सबै शिक्षा क्षेत्रसँग सम्बद्ध सरोकारवाला पक्षहरू बीच आपसी समन्वय र सहकार्य प्रभावकारी ढंगबाट अगाडि बढाइ बालबालिकाहरुले प्राप्त गर्ने शिक्षाको गुणस्तरमा थप वृद्धि गरी हामी सबैले अपेक्षा गरे अनुरूपको सिकाइ उपलब्धि हासिल गर्न हामी सबैको निरन्तर प्रयास रहिरहनेछ भन्ने विश्वास छ ।

**विद्यालय विवरण**

| क्र.सं. | सञ्चालित कक्षा | सामुदायिक | संस्थागत | धार्मिक | जम्मा |
|---|---|---|---|---|---|
| १ | १-३ | ४ | ० | २० | २९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | १-५ | ७ | ६ | ५ | १४ |
| ३ | १-८ | ६ | ३ | ० | ८ |
| ४ | १-१० | ४ | १ | ० | ५ |
| ५ | १-१२ | ३ | ० | ० | ३ |
| | जम्मा | २४ | १० | २५ | ५९ |

*स्रोतः IEMIS २०८१*

## सामुदायिक सिकाइ केन्द्रको विवरण

| क्र.स. | सामुदायिक सिकाइ केन्द्रको नाम | वडा नं | सहजकर्ताको नाम | सम्पर्क नं. |
|---|---|---|---|---|
| १ | पतरिया सामुदायिक सिकाइ केन्द्र | १ | चन्द्रकला पाठक | ९८४४७१६४७४ |
| २ | नन्दनगर सामुदायिक सिकाइ केन्द्र | ४ | राधा चौधरी | ९८२१५४५९४९ |
| ३ | लवनी सामुदायिक सिकाइ केन्द्र | ३ | संगीता चौधरी | ९८११९८७९१२ |
| ४ | हथिहवा सामुदायिक सिकाइ केन्द्र | ६ | अनुजा यादव | ९८१४४६५७१ |
| ५ | बाँसखोर सामुदायिक सिकाइ केन्द्र | ६ | रेनु यादव | ९८११९५५८४१ |

*स्रोतः IEMIS २०८१*

शुद्धोधन गाउँपालिकामा आधारभूत शिक्षा प्रदान गर्नका लागि सामुदायिकतर्फ कक्षा १-३ सञ्चालन भएका ४, कक्षा १-५ सञ्चालन भएका ७, कक्षा १-८ सञ्चालन भएका ६, कक्षा १-१० सञ्चालन भएका ४ वटा र कक्षा १-१२ सञ्चालन भएका ३ वटा गरी जम्मा २४ वटा र संस्थागततर्फ कक्षा १-३ सञ्चालन भएका ०, कक्षा १-५ सञ्चालन भएका ६ कक्षा १-८ सञ्चालन भएका ३, कक्षा १-१० सञ्चालन भएका १ वटा र कक्षा १-१२ सञ्चालन भएका ० वटा गरी जम्मा १० वटा विद्यालय छन् भने धार्मिक तर्फ कक्षा १-३ सञ्चालन भएका १७, कक्षा १-५ सञ्चालन भएका ८ गरी जम्मा २५ कुल जम्मा ५९ ओटा विद्यालयहरु सञ्चालनमा रहेका छन् साथै ५ ओटा समुदायिक सिकाइ केन्द्रहरुले पनि अनौपचारिक शिक्षा प्रदान गर्दै आएका छन् ।

## तह अनुसार विद्यालय गइरहेका बालबालिकाहरूको संख्या २०८१

| विद्यालय | बालविकास केन्द्र | कक्षा १-५ | कक्षा ६-८ | कक्षा ९-१२ |
|---|---|---|---|---|
| सामुदायिक र धार्मिक | ११२८ | ६५५५ | २०६२ | १८५४ |
| संस्थागत | १३१८ | १९१० | २८१ | ४२ |
| जम्मा | २४४६ | ८४६५ | २३४३ | १८९६ |

*स्रोतः IEMIS २०८१*

२०८१ मा बालविकास तर्फ २४४६, कक्षा १- ५मा ८४६५, कक्षा ६- ८ मा २३४३, र कक्षा ०९-१२ मा जम्मा १८९६ गरी बालविकास देखि कक्षा १२ सम्म कुल विद्यार्थी संख्या १५१५० रहेको छ ।

<u>शिक्षक विवरण २०८१</u>

| क्रसं | तह | स्थायी | अस्थायी | राहत | अन्तरिक स्रोत (विद्यालय) | गाउँपालिका अनुदान | प्रदेश अनुदान | सङ्घीय अनुदान | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | वाविके | ० | २६ | ० | ० | ० | ० | ० | |
| २ | प्राथमिक | ५३ | ० | २६ | ० | ० | ० | ० | |
| ३ | निम्नमाध्यमिक | ६ | ० | ४ | १० | ३८ | ० | ७ | |
| ४ | माध्यमिक | १ | ० | ४ | ६ | ५ | ० | ८ | |
| ५ | उमावि | ० | ० | २ | ० | ० | ० | ० | |
| | जम्मा | ६० | २६ | ३६ | १६ | ४३ | ० | १७ | |

**सामुदायिक, धार्मिक र संस्थागत विद्यालय अध्यनरत विद्यार्थी विवरण**

| क्र.सं. | तह | कुल विद्यार्थी | | |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | जम्मा |
| १ | बालविकास | १०९५ | १३५१ | २४४६ |
| २ | आधारभूत १-५ | ४१२० | ४३४५ | ८४६५ |
| ३ | आधारभूत ६-८ | ११११ | १२३२ | २३४३ |
| ४ | माध्यमिक ९-१० | ६२६ | ६४५ | १२७१ |
| ५ | माध्यमिक ११-१२ | २९६ | ३२९ | ६२५ |
| जम्मा | | ७२४८ | ७९०२ | १५१५० |

*स्रोत :EMIS रिपोर्ट २०८१*

## १.५ शुद्धोधन गाउँपालिकाका शैक्षिक समस्या तथा चुनौतिहरूको SWOT विश्लेषण

शुद्धोधन गाउँपालिकाको वर्तमान अवस्थाको विश्लेषणबाट शिक्षा क्षेत्रमा रहेका मुख्य मुख्य समस्या, ती समस्याको समाधानमा देखिएका चुनौती र अवसरको पहिचान गरिएका समस्याहरुलाई विश्लेषण गरिएको छ । सरोकारवालाहरूको सहभागितामा समस्याको विश्लेषण गर्न समस्या वृक्ष र Gap analysis प्रक्रिया अवलम्बन गरिएको छ । सरोकारवालाहरूबाट प्राप्त विश्लेषणबाट समस्याका कारणलाई नै योजनाको रणनीति तथा कार्यनीतिको रुपमा ल्याइएको छ । जसले गर्दा निर्माण भएको शिक्षा योजना प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्न सकिने भएकाले विशेष गरी शिक्षा योजनामा समावेश गरिएका शैक्षिक समस्याहरु उल्लेख गर्दा समतामूलक पहुँच, निरन्तरता, गुणस्तर, सक्षमता विकास, सहभागिता व्यवस्थापन आदि क्षेत्रगत पक्षसँग सम्बन्धित रहेर विश्लेषण गरिएको छ । गाउँपालिका

क्षेत्रको तथ्याङ्क, अवस्थाहरूको विश्लेषणका आधारमा शिक्षा क्षेत्रको विकासका समस्या, समस्याका कारण, चुनौती र अवसरहरुलाई प्रस्तुत गरिएको छ ।

### क) शैक्षिक समस्या

शुद्धोधन गाउँपालिकाको माथि विश्लेषण गरिएको शैक्षिक अवस्था र गाउँपालिकाले अनुभूति र भोगेका समस्याहरू निम्न अनुसार रहेका छन्:-

आधारभूत विद्यालय उमेर समूहका बालबालिकाहरू विशेषत सुविधाविहीन समूहका बालबालिकाहरू विद्यालय बाहिर रहिरहनु ,

विद्यालय भर्ना भएकामध्ये सबै विद्यार्थी अध्ययनमा निरन्तर नहुनु ,

आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क हुन नसक्नु ,

शैक्षिक सुशासन कायम हुन नसक्नु र उच्चशिक्षा प्रतिस्पर्धी उत्पादनमुखी र अनुसन्धानमूलक हुन नसक्नु ,

१. सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन नसक्नु ,
२. सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा हुनु, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावको रोजाइमा पर्नु ,
३. सामुदायिक विद्यालयका शिक्षकहरूको पेसाप्रतिको लगनशीलता, उत्तरदायित्व र उत्प्रेरणामा कमी जसले गर्दा शिक्षण पेसा रोजाइको पेसा हुन सकेको छैन शिक्षकहरूको मानमर्यादा समाजमा अन्य कर्मचारी वर्गको भन्दा तल राखिनु ,
४. विद्यालयको भौतिक अवस्था सन्तोषजनक छ यद्यपि विद्यालयहरू विद्यालयको शैक्षिक गुणस्तर भन्दा भौतिक विस्तारतिर ध्यान दिनु ,
५. विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ । विद्यालयमा दण्डहीनता मौलाइरहेको छ शिक्षकले कक्षा कोठामा बिताउने समय कम रहेको छ । राम्रो शिक्षकलाई पुरस्कृत र अनुशासनहीन तथा आचारसंहिता विपरीत कार्य गर्ने शिक्षकलाई दण्ड हुन नसक्नु ,
६. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु । शिक्षकको वृत्ति विकास अवैज्ञानिक र अपारदर्शी हुनु ,
७. विज्ञान, अङ्ग्रेजी र गणित विषयका शिक्षकहरूको अझै पनि गाउँपालिकामा अभाव रहुनु प्राथमिक तहका शिक्षकको संख्या बढी देखिएको भए तापनि निमावि र माविमा अभाव हुनु ,
८. शिक्षकहरूको पेसागत विकास तालिम प्रशस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सिप कक्षाकोठामा विशेषतः शिक्षणमा कम प्रयोग हुनु ,
९. कोभिड -१९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन आन्तरिक तथा बाह्य दुबै पक्षले गर्दा ज्यादै कठिन हुनु ,
१०. विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन नसक्नु ,

११. सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न विद्यालय शिक्षक र विद्यार्थी इच्छुक भएर पनि विद्यालयमा त्यस किसिमको वातावरण नहुनु ,
१२. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र व्यवस्थापकीय जिम्मेवारी हुनुपर्ने हो तर सो हुन नसक्नु ,
१३. धेरै जसो सबै माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरूमा विषयगत दरबन्दीको अभाव भइ न्यून वेतनमा तालिम अप्राप्त र लाइसेन्स समेत नभएका व्यक्तिलाई शिक्षकको रूपमा भर्ना गरी पठनपाठन गराइनु ,
१४. विद्यालय अनुगमन निरीक्षण सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन नसक्नु ,
१५. पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामग्रीको कक्षाकोठामा सही ढङ्गले प्रयोग हुन नसक्दा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको ,
१६. विद्यार्थीको मूल्याङ्कनका लागि पाठ्यक्रमले तोकेबमोजिम आधारभूत तहको कक्षा ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन गर्नुपर्नेमा निरन्तर मूल्याङ्कन नाम मात्रको हुनु र उपचारात्मक शिक्षण प्रायः शून्य हुनु ,
१७. विद्यार्थीहरूको सिकाइ उपलब्धि सन्तोषजनक नहुनु ,
१८. प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नुपर्ने भएकोले विद्यालय ब्यबस्थापन र शैक्षिक प्रशासन कमजोर हुँदै जानु ,
१९. सङ्घीय शिक्षा ऐन जारी नहुनु ,

**ख) शैक्षिक समस्याका कारणहरूः**

२०. अभिभावकले उपयुक्त उमेरमा बालबालिकालाई बालविकास केन्द्रमा नपठाउनु, पालिकाका ५ देखि १२ वर्ष उमेर समूहका लगभग सबै बालबालिका विद्यालयमा रहेको तर केही विद्यार्थी माथिल्लो कक्षा (कक्षा ६–८) मा पुगेर विद्यालय छोड्ने गरेको पाइएको छ ।
२१. विपन्न समुदायका बालबालिका ज्याला मजदुरी र घरायसी कामका कारण विद्यालय भर्ना भए पनि अनियमित हुने गरेका छन् । अभिभावकहरु दैनिक ज्यालादारी काम गर्न जाने र अभिभावक काममा गएपछि अभिभावकले विद्यालय पठाउदा समेत केही बालबालिकाहरु विद्यालय नगइ घरमा नै बस्ने गरेको देखिएको छ ।
२२. सामुदायिक विद्यालयहरुमा विद्यार्थी संख्या अनुसार शिक्षक अभाव तथा अंग्रेजी माध्यमबाट शिक्षण सिकाइ सञ्चालन गर्नुपर्ने भएकाले निजीस्रोत शिक्षक व्यवस्थापनार्थ मासिक रुपमा शुल्क नलिए पनि भर्नाको समयमा अभिभावकबाट आर्थिक सहयोग लिने गरिएकोले आधारभूत तथा माध्यमिक शिक्षा पूर्णरूपमा निःशुल्क छ भन्न सकिएको छैन ।
२३. स्थानीय तहमा शैक्षिक सुशासन कायम हुन नसक्नु र उच्चशिक्षा प्रतिस्पर्धी, उत्पादनमुखी, र अनुसन्धानमूलक हुन नसक्नुको प्रमुख कारण सीमित स्रोत र क्षमता, असङ्गठित

व्यवस्थापन, र प्रबन्धकीय कमजोरी हो, जसले संस्थागत प्रभावकारिता र नवप्रवर्तनलाई रोक्दछ ।

२४. स्थानीय आवश्यकता र प्राथमिकतासँग मेल नखाने शिक्षा नीति र कार्यान्वयनका कारण सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना हुन सकेको छैन ।

२५. सामुदायिक विद्यालयका सिकाइ उपलब्धि न्यून रहेको कारणले सामुदायिक विद्यालयमा विद्यार्थी संख्या घट्दो क्रममा छन्, सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालय विद्यार्थी र अभिभावकको रोजाइमा पर्ने गरेका छन् ।

२६. शिक्षकलाइ शैक्षिक पेसागत विकासका अवसरहरू कम प्रदान गरिनु, उत्प्रेरणाका लागि कम सेवा सुविधा तथा शिक्षकलाई पुरस्कार र दण्डको ब्यवस्था नहुनु पनि हो ।

२७. पूवार्धारको विकासलाई मात्र समुदाय तथा विद्यालय ब्यवस्थापन पक्षले चासोका रूपमा लिनु पूर्वाधारको विकासलाई मात्र विकासको रूपमा लिए पनि गुणस्तरको विकासलाई चासो दिएको पाइदैन ।

२८. शिक्षण पेसाप्रति कम उत्प्रेरणा र शिक्षकहरू विद्यार्थीको सिकाइप्रति जिम्मेवार नहुनाले विद्यालयको शैक्षिक गुणस्तर कमजोर छ ।

२९. शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न नसकिनु ।

३०. सङ्घ सरकारले विज्ञान, अङ्ग्रेजी र गणित विषयका कम दरबन्दी उपलब्ध गराउनु, सङ्घीय शिक्षण सिकाइ अनुदान कम हुनु, गा.पा. शिक्षण सिकाइ अनुदान शिक्षक ब्यवस्थापन गर्न पालिकासँग स्रोतको अभाव हुनु तथा विद्यालयले निजीस्रोत शिक्षक व्यवस्थापन गर्न नसक्दा नि.मा.वि र मा.वि. तहमा विद्यार्थी संख्याको आधारमा शिक्षक दरवन्दी कम भएको छ ।

३१. निरन्तर कक्षा अवलोकन, पृष्ठपोषण र शिक्षक उत्प्रेरणको कमीले शिक्षकहरूको पेसागत विकास तालिम प्रशस्त भएर पनि तालिमबाट प्राप्त गरेको ज्ञान र सिप कक्षाकोठामा शिक्षणका क्रममा प्रयोग हुन सकेको छैन ।

३२. पारिवारिक आर्थिक अवस्था, सबै विद्यार्थीले प्रविधिको प्रयोग गर्न नसक्नु, वैकल्पिक सिकाइ विधिको कम प्रयोगका कारणले कोभिड-१९ जस्तो महामारीमा शिक्षण र सिकाइलाई निरन्तरता दिन, वैकल्पिक सिकाइका अवसरहरु कम भएकाले विद्यार्थीको सिकाइमा क्षति हुन पुगेको छ ।

३३. शिक्षक विद्यार्थी निर्मित सिकाइ सामग्रीलाई प्राथमिकता नदिइनु, बजारमा पाइने शैक्षिक सामग्री खरिद गर्न श्रोतको अभाव, शैक्षिक सामग्री खरिदका लागि ३ वटै तहबाट बजेटको ब्यवस्था नहुनुले विद्यालयहरूमा सिकाइ सामग्रीहरू पर्याप्त छैन भइरहेका विद्यालयमा समेत उपलब्ध श्रोत सामग्रीको अधिकतम प्रयोग हुन सकेको छैन ।

३४. सिकाइमा सूचना तथा सञ्चार प्रविधि प्रयोग गरी शिक्षण गर्न विद्यालयसँग स्रोतको अभाव छ उपलब्ध स्रोतको प्रयोग गर्न पनि शिक्षकलाई प्रविधिमैत्री तालिम सञ्चालन गर्न नसक्दा शिक्षकहरुमा प्राविधिक ज्ञानको कमी छ ।

३५. विद्यालय व्यवस्थापन समितिको विद्यालयप्रतिको समग्र व्यवस्थापकीय जिम्मेवारी हुनुपर्ने भएपनि भौतिक पूर्वाधार विकास र शिक्षक ब्यवस्थापनमा बढी जिम्मेवार भएपनि गुणस्तर सुधारका योजनामा काम गर्ने क्षमता नहुनु ।

३६. विषयगत दरबन्दीको अभावका कारणले केही माध्यमिक तथा निम्न माध्यमिक विद्यालयहरूमा न्यून वेतनमा तालिम अप्राप्त र लाइसेन्स समेत नभएका व्यक्तिलाई शिक्षकको रूपमा भर्ना गरी पठनपाठन गराउनु परेको छ ।

३७. पालिका तहमा अनुगमन, मूल्याङ्कन र पृष्ठपोषण तथा शिक्षक सहायताका कार्यका लागि मानवश्रोतको अवस्था कम रहेको, विज्ञ समूहलाई निरन्तर परिचालनका लागि श्रोतको अभाव भएका कारणले विद्यालय अनुगमन निरीक्षण, सुपरिवेक्षण तथा शिक्षक सहायताका कार्य र आवश्यक संयन्त्रको विकास हुन सकिरहेको छैन ।

३८. शिक्षण सिकाइका क्रममा शिक्षकले पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षक निर्देशिका र शैक्षिक सामग्रीको तालमेल, शिक्षक निर्देशिकालाई कम अनुसरण र शिक्षकको शिक्षण तयारी कम भएकाले कक्षाकोठामा उपयुक्त शिक्षण विधिको प्रयोग नभएको ।

३९. परिक्षा केन्द्रित शिक्षण प्रणालीको निरन्तरता, अभिभावकलाई परीक्षा प्रणालीको चाहाना तथा कक्षाकोठामा आधारित मूल्याङ्कन र उपचारात्मक शिक्षणको प्रयोग कम भएका कारण निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रभावकारी  कार्यान्वयन हुन सकेको छैन ।

४०. उपचारात्मक शिक्षण विधिको कम प्रयोगका कारणले शैक्षिक गुणस्तर कमजोर हुनु, कमजोर नतिजा भएका विद्यालयहरु जिम्मेवार नहुदा शैक्षिक उपलब्धि कमजोर हुनु, शिक्षकको कार्य सम्पादनमा विद्यार्थीको सिकाइ उपलब्धिलाई जोड्न सकिएको  छैन ।

४१. विषयगत दरवन्दी अभावका कारणले प्रधानाध्यापकले प्रशासनिक कार्य र शिक्षण समेत गर्नु पर्ने जिम्मेवारी भएकोले विद्यालय व्यवस्थापन र शैक्षिक प्रशासन फितलो र निस्प्रभावी देखिएको छ ।

४२. सङ्घीय शिक्षा ऐन जारी नभएको कारणले गर्दा कतिपय कुराहरूमा नीतिगत र कानुनी अन्योलतामा कायम भइ कार्यमा अन्यौलता र अप्रभावकारिता देखिएको छ ।

## ग) चुनौतिहरू

१. सामुदायिक विद्यालयमा अभिभावकहरूको आकर्षण गर्न ।

२. शिक्षकहरूलाई पेसागत सहयोग उपलब्ध गराउन पालिकास्तरमा विज्ञको अभाव ।

३. निरन्तर विद्यार्थी मूल्याङ्कनको व्यवहारिक कार्यान्वयन गराउन ।

४. विषयगत दक्ष शिक्षकको पर्याप्तता छैन तल्लो तहका शिक्षकले माथिको तहमा अध्यापन गराउनु परेको छ ।

५. नवीनतम प्रविधिको पहुँच र उपयोग गरी प्रविधिमैत्री शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न ।

६. पर्याप्त र सान्दर्भिक शैक्षिक सामग्री उपलब्ध र प्रयोग गर्न ।

७. अपाङ्गता भएका बालबालिकाको विद्यालय पहुँचमा पुर्‍याउन।

८. बालबालिकाप्रति अभिभावकको कम चासो तथा विद्यार्थी निरन्तरतामा कमी रहेको छ
९. विपदको समयमा बैकिल्पिक शिक्षाको निरन्तरता दिन।
१०. तथ्याङ्क विश्लेषण गरी विद्यालय शिक्षामा पहुँचयुक्तता गुणस्तर र सान्दर्भिकताका अवस्थामा यकिन गर्न।

**घ) अवसरहरू**

१. आधारभूत तहमा अनिवार्य तथा नि:शुल्क शिक्षा र माध्यमिक तहमा नि:शुल्क शिक्षाको लागि संवैधानिक, कानुनी र नीतिगत व्यवस्था
२. स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले प्रदान गरेका अधिकार
३. स्थानीय तहमा शिक्षा क्षेत्रमा सङ्घसंस्थाहरूको क्रियाशीलता
४. गुणस्तरीय शिक्षाप्रति अभिभावकहरूको मोह
५. विद्यार्थीहरूको खुद भर्नादरमा वृद्धि
६. सकारात्मक लैङ्गिक समता सूचकाङ्क
७. शिक्षाको विकासमा विभिन्न साझेदार संस्थाको लगानी र सहभागिता
८. शिक्षामा लगानीको लागि स्थानीय तहको प्रतिबद्धता
९. तिनै तहको सरकारबाट शिक्षा क्षेत्रमा लगानी र सहकार्य
१०. मूल्याङ्कन प्रतिवेदन

# परिच्छेद-२

## दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

### २.१ शुद्धोधन गाउँपालिकामा शिक्षा क्षेत्र योजना निर्माणका आधारहरुः

शुद्धोधन गाउँपालिकाले शिक्षालाई सधै पहिलो प्राथमिकतामा राखेको छ । नेपाल सरकारले गरेका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतिवद्धता, शिक्षा नीति, विभिन्न घोषणाहरू, नेपालको संविधानले प्रदत्त गरेको व्यवस्था, स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भएको व्यवस्था अनुरुप कार्य गर्न शिक्षालाई महत्वपूर्ण विषयका रुपमा आत्मसाथ गर्दै आएको छ । साथै यस क्षेत्रको शैक्षिक विकासका लागि गाउँपालिकाले विभिन्न प्रयासहरू समेत गरेको छ । विद्यालयमा नयाँ नेतृत्व विकास, शिक्षक कर्मचारी व्यवस्थापनका लागि अनुदानको व्यवस्था गरिने छ । कम्तीमा एक सामुदायिक विद्यालयमा एक बालविकास कक्षा तथा समग्र शैक्षिक क्षेत्रमा समावेशी, बालमैत्री र अपाङ्गतामैत्री प्रणालीको अवलम्बन गरिने छ । साथै निरन्तर तथा अनौपचारिक शिक्षाको माध्यमबाट साक्षरता र साक्षरोत्तर शिक्षाका कार्यक्रमहरू सञ्चालन गरी साविकका गाविसहरूलाई साक्षर गाविसको रुपमा घोषणा भइ कपिलवस्तु जिल्ला समेत साक्षर जिल्ला घोषणा गरी सकिएको छ । विद्यालयको भौतिक पूर्वाधार विकासका लागि भवन, कक्षाकोठा निर्माण, खानेपानी, शौचालय निर्माणका लागि हरेक वर्ष विशेष महत्त्वका साथ सम्बन्धित क्षेत्रमा बजेट विनियोजन हुदै आएको छ । बालबालिकाको शिक्षा प्राप्त गर्ने हकको सुनिश्चितताका लागि आधारभूत तहसम्मका विद्यालयहरूमा निःशुल्क र अनिवार्य शिक्षा लागु गरिनेछ । शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धिका कामहरूलाई निरन्तरता दिदै आइराखेको छ । उच्च शिक्षा अध्ययनका लागि गरिब तथा जेहेन्दार छात्र छात्राहरूका लागि विशेष छात्रवृत्ति कार्यक्रमको व्यवस्था गरिनेछ । यस गाउँपालिकाको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न विभिन्न सरकारी गैरसरकारी सङ्घ संस्थाहरूसँग समन्वय र सहकार्य हुदै आइरहेको छ । मुलुकको समृद्धि र समुन्नतिका लागि आवश्यक पर्ने सबै प्रकारको दक्ष जनशक्ति उत्पादन गर्ने संस्थाहरूको सञ्चालन र व्यवस्थापनमा शैक्षिक सुशासन कायम भएको हुनेछ । साधारण शिक्षा, प्राविधिक शिक्षा र सिपमूलक तालिमलाई एकीकृत र समन्वयात्मक ढङ्गले अघि बढाउदै यस पालिकालाई शिक्षाको लागि सबैको आकर्षणको केन्द्र बनाउने तर्फ यो योजना केन्द्रित रहनेछ । यही सन्दर्भलाई दृष्टिगत गरी यस शिक्षा क्षेत्र योजनाको माध्यमबाट अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा, निःशुल्क माध्यमिक शिक्षा र सर्वसुलभ साक्षरता, निरन्तर शिक्षा तथा जीवनपर्यन्त सिकाइमा पालिकाले अबको ५

वर्ष सम्ममा प्राप्त गर्ने उपलब्धिहरूलाई समेटिने गरी यस परिच्छेदमा योजनाको दूरदृष्टि, उद्देश्यहरू, र रणनीतिहरू तथा प्रमुख उपलब्धि सूचक प्रस्तुत गरिएको छ ।

शुद्धोधन गाउँपालिकाको शैक्षिक प्रणालीलाई  सहज र व्यवस्थित रुपमा सञ्चालन गर्नको लागि विगत देखि नै विभिन्न प्रयासहरू भैरहेका छन् । नेपालको सबै क्षेत्रमा शैक्षिक अवसरमा समान पहुँच पुऱ्याउनु राज्यको दायित्व हो । हाल स्थानीय तह शुद्धोधन गाउँपालिका गाउँ कार्यपालिकाको मातहतमा  शिक्षा शाखाको रुपमा स्थापना भइ सेवा प्रवाह गर्दै आएको छ । शुद्धोधन गाउँ पालिकाको शैक्षिक सुधार एवं विकासका लागि जनमुखी, जवाफदेही, पारदर्शी तथा जनसहभागितामूलक शैक्षिक प्रशासनको विकास गर्न र शिक्षाको प्रतिफल सरोकारवालालाई उपलव्ध गराइ कानुनको शासन भ्रष्टाचारमुक्त र चुस्त प्रशासन, विकेन्द्रीकरण, आर्थिक अनुशासन तथा स्रोतको कुशल वयवस्थापन जस्ता असल शासनका आधारभूत मान्यतालाई आत्मसात् गरी सर्वसाधारणमा गुणस्तरीय  शैक्षिक सेवा छिटोछरितो र कम खर्चिलो ढङ्गबाट प्रदान गर्ने अवस्था सिर्जना गर्न गाउँ शिक्षा समितिको व्यवस्था गरिएको छ । शिक्षा समिति एउटा शैक्षिक एकाइको रुपमा रहेको शिक्षा क्षेत्रको सुदृढ र विकास गर्न गाउँ शिक्षा समितिले शिक्षा शाखालाई प्रभावकारी, उत्तरदायी र प्राविधिक सेवा प्रदान गर्ने शैक्षिक खम्बाको रुपमा कार्य गर्ने सवल, सक्षम संस्थाको रुपमा प्रस्तुत हुने सम्मानजनक आधारहरू तयार गरिरहेको अवस्था छ । त्यसैले शुद्धोधन गाउँपालिकाले पनि सङ्घीय सरकारको प्राप्त जिम्मेवारी बमोजिम तपसिलमा उल्लेख गरे अनुसारका आधारमा पाँच वर्षे शिक्षा क्षेत्र योजना निर्माण गरेको छ ।

१. स्थानीय आवश्यकताहरूको पहिचानः  समुदायका बालबालिका, शिक्षक, र अभिभावकहरूको आवश्यकता तथा समावेशी समानताका आधारमा सबैलाई शिक्षा क्षेत्रमा समेट्नका लागि स्थानीय सरोकारवालाहरुसँग छलफल गरियो । यसबाट शिक्षा क्षेत्रको प्राथमिकता र चुनौतीहरू पहिचान गर्न सहज भएको छ ।
२. स्रोत र पूर्वाधारको मूल्याङ्कनः  विद्यालयको भौतिक पूर्वाधार, जनशक्ति, सिकाइ सामग्री, र वित्तीय स्रोतको उपलब्धता र अवस्था अध्ययन गरिएको छ ।
३. समावेशी शिक्षाः  महिला, दलित, जनजाति, अपाङ्गता भएका व्यक्ति, र अन्य पिछडिएको समुदायको शिक्षामा पहुँचलाई प्राथमिकतामा राखिएको छ ।
४. नीतिगत निर्देशनः नेपाल सरकारको शिक्षा नीति, संविधानमा व्यवस्था भएका शिक्षा अधिकारहरू, स्थानीय सरकार सञ्चालन ऐन २०७४, सङ्घ, प्रदेश र स्थानीय तह समन्वय तथा अन्तरसम्बन्ध ऐन २०७७ (योजना निर्माण सम्बन्धी), अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५ र नियमावली २०७७, १६औं योजना, विद्यालय शिक्षा क्षेत्र योजना (२०७९–२०८८), सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना र अन्तर्राष्ट्रिय शिक्षा मानकहरूको अध्ययन गरी तिनलाई योजना निर्माणमा समावेश गरियो ।

५. गुणस्तरीय शिक्षा प्रवर्धन : गुणस्तरीय शिक्षाको सुनिश्चितता गर्न पाठ्यक्रम, शिक्षक तालिम, प्रविधिमैत्री सिकाइ, बालमैत्री शिक्षण सिकाइ विधि र सिकाइको अनुगमन तथा मूल्याङ्कनलाई आधार बनाइयो ।
६. सहकार्य र साझेदारीः तिनवटै तहका सरकार (सङ्घ, प्रदेश र स्थानीय) का बिचमा आपसी समन्वय, शिक्षामा सुधार गर्न स्थानीय सङ्घसंस्था, गैरसरकारी संस्था, र समुदायसँगको सहकार्य र साझेदारीलाई ध्यानमा राखिएको छ ।
७. दिगो विकास लक्ष्यहरू (SDGs): विशेष गरी चौथो लक्ष्य (गुणस्तरीय शिक्षा) लाई ध्यानमा राखिएको, जसले समग्र शिक्षा प्रणालीमा सुधार ल्याउने उद्देश्य राख्दछ ।
८. पूर्व अनुभव र उपलब्धिः गाउँपालिकाको विगतका शिक्षा सम्बन्धी क्रियाकलापहरुको समीक्षा गरी तिनबाट सिकेका पाठहरूलाई योजनामा समावेश गरिएको ।

## २.२ दीर्घकालीन सोच तथा गन्तव्य

समय सापेक्ष शिक्षा प्रणाली अवलम्बन गरी प्राविधिक, व्यवसायिक, जीवनोपयोगी, समावेशी तथा संस्कारयुक्त गुणस्तरीय शिक्षा प्रदान गर्ने ।

## २.३ लक्ष्य

सवै प्रकारका बालबालिकाहरुलाई गुणस्तरीय शिक्षा प्रदान गर्दै सभ्य समाज सहितको राष्ट्र निर्माणमा टेवा पुऱ्याउने सक्षम जनशक्ति तयार गर्ने ।

## २.४ उद्देश्य

१. गाउँपालिकाभित्रका सबै प्रकारका बालबालिकाहरुलाई समावेशी र समतामूलक शिक्षाको पहुँच सुनिश्चित गर्नु,
२. शैक्षिक सुशासन प्रवर्धन गर्दै सिकाइका लागि सुरक्षित भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु,
३. व्यावसायिक, सिपयुक्त, सूचना तथा सञ्चार प्रविधिमा आधारित रोजगारमूलक शिक्षालाई जोड दिदै विद्यार्थीहरुमा ज्ञान सिप क्षमताको अभिवृद्धिको विकास गरी र प्रतिस्पर्धी नागरिक तयार गर्नु,
४. उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उद्यमशील मानव संसाधनको विकास गर्नु,
५. विद्यार्थीहरुमा नैतिक आचरण सहितको मानव मूल्यमा आधारित शिक्षा प्रदान गर्नु,
६. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु,
७. स्थानीय भाषा, कला, साहित्य, लिपि, संस्कृतिको जगेर्ना र स्थानीय सिपलाई प्रवर्धन गर्नु,

८. आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु ,

## २.५ रणनीति र कार्यनीति

| उद्देश्य | रणनीति | कार्यनीति |
|---|---|---|
| गाउँपालिका भित्रका सबै प्रकारका बालबालिकाहरु लाई समावेशी र समतामूलक शिक्षाको पहुँच सुनिश्चित गर्नु | • सबै बालबालिकाहरुलाई विद्यालय शिक्षामा पहुँच सुनिश्चित गर्नका लागि विद्यालयको नक्साङ्कन गरी आवश्यकताको आधारमा शैक्षिक सेवाको पहुँच विस्तार गर्ने,<br>• अनिवार्य तथा निःशुल्क शिक्षाको मापदण्ड बमोजिम विद्यालय शिक्षामा समतामूलक पहुँच र गुणस्तर सुनिश्चित गर्न विभिन्न प्रोत्साहनमूलक कार्यक्रम सञ्चालन गर्ने, | • विद्यालय नक्साङ्कनको आधारमा विद्यालयको स्थापना, समायोजन वा विस्तार गरिनेछ ।<br>• आवश्यक कानुन, नियम, कार्यविधि तथा निर्देशिकाहरु निर्माण गरिनेछ ।<br>• विद्यार्थीको स्वास्थ्यमा सुधार ल्याउन र सिकाइ उपलब्धिमा वृद्धि गर्न दिवा खाजा कार्यक्रमलाई थप व्यवस्थित गर्दै विद्यार्थीहरुको स्वास्थ्य परीक्षण र रिफरल सेवा समेत गरिनेछ ।<br>• लक्षित वर्गका वालवालिकाहरुलाई छात्रवृत्ति स्टेशनरी तथा अन्य आवश्यक सामग्रीको व्यावस्था गरिनेछ ।<br>• छात्राहरुको विद्यालयमा नियमित उपस्थितिका लागि गुणस्तरीय र निःशुल्क सेनेटरी प्याडको व्यवस्था मिलाइनेछ । |
| शैक्षिक सुशासन प्रवर्धन गर्दै सिकाइका लागि सुरक्षित भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण गरी गुणस्तरीय शिक्षा प्रदान गर्नु | • विद्यालयमा शैक्षिक सुशासन कार्यक्रमहरु प्रभावकारी रुपमा सञ्चालन गर्ने,<br>• विद्यार्थी संख्या, विषयगत र तहगत आधारमा शिक्षकहरुको व्यवस्था गर्ने,<br>• भवन निर्माण संहिताको पालना गर्दै आवश्यकताको आधारमा सुरक्षित | • एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई यथार्थपरक तथा वस्तुनिष्ठ बनाइनेछ ।<br>• निर्धारित समयमा सामाजिक परीक्षण, लेखापरीक्षण गर्ने, विद्यालय सुधार योजना निर्माण र विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ गठन गर्ने व्यवस्था मिलाइनेछ ।<br>• शिक्षक दरबन्दी मिलान, पुनर वितरण तथा नियमानुसार प्र.अ. व्यवस्थापन गरिनेछ ।<br>• शिक्षकहरुको पेसागत क्षमता विकासका लागि आवश्यकता अनुसार कार्यक्रमहरु सञ्चालन गरिनेछ । |

| | | |
|---|---|---|
| | भौतिक पूर्वाधार निर्माण गर्ने,<br>• गुणस्तरीय शिक्षाको सुनिश्चितका लागि शिक्षकहरुको क्षमता विकास गर्दै विद्यालयलाई आवश्यक शैक्षिक सामग्रीहरुको व्यवस्था गर्ने, | • शिक्षक, कर्मचारी र विद्यार्थीहरुका लागि ई-हाजिरीको व्यवस्था, विद्यालयको सम्पूर्ण आर्थिक कारोबारलाई बैङकिङ प्रणालीमा आबद्ध गरिनेछ ।<br>• आवश्यकताका आधारमा विद्यालयमा भौतिक संरचना निर्माण गर्दै लगिनेछ ।<br>• शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी बनाउन शिक्षणमा विभिन्न विधिहरुको प्रयोग गर्दै उपयुक्त पाठ्यसामग्री, सन्दर्भ सामग्री, स्रोत सामग्री, उपयुक्त कक्षाकोठा व्यवस्थापन जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>• एक विद्यालय एक बगैंचा निर्माण कार्यक्रम संचालन गरिनेछ ।<br>• विद्यालयमा बालमैत्री, अपाङ्गमैत्री, छात्रामैत्री समावेशी र सुरक्षित सिकाइ वातावरण कायम गरिनेछ । |
| व्यावसायिक, सिपयुक्त, प्राविधिक, सूचना तथा सञ्चार प्रविधिमा आधारित रोजगारमूलक शिक्षालाई जोड दिदै विद्यार्थीहरुमा ज्ञान, सिप र अभिवृद्धिको विकास गरी सक्षम, सिर्जनशील र प्रतिस्पर्धी नागरिक तयार गर्नु | • प्रत्येक विद्यालयमा प्रविधि मैत्री शिक्षाको विस्तार गरी विद्यालयमा सूचना प्रविधिका सामग्रीहरुको व्यवस्थापन गर्ने,<br>• आवश्यकतका आधारमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गरी सक्षम मानवस्रोत तयार गर्ने, | • गुणस्तरीय इन्टरनेट र विद्युतको व्यवस्था गरिनेछ ।<br>• प्रत्येक विद्यालयमा कम्तीमा एक/एक वटा स्मार्ट कक्षा र माध्यमिक तहमा इ-लाइब्रेरीको निर्माण गरिनेछ ।<br>• क्रमशः साझेदारीमा एक शिक्षक एक ल्यापटपको व्यवस्था गरिनेछ ।<br>• प्राविधिक शिक्षा सञ्चालन भएको विद्यालयहरुको स्तरोन्नति गर्दै कक्षा, शिक्षक तथा शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।<br>• उत्पादन भएका सिपयुक्त जनशक्तिलाई सङ्घ संस्था, उद्योग र रोजगारदाताहरुसँग रोजगारीका लागि समन्वय, पहल तथा सहजीकरण गरिनेछ ।<br>• विद्यार्थीहरुका लागि सिपमूलक छोटो अवधिका तालिम सञ्चालन गरिनेछ । |

| | | |
|---|---|---|
| उच्च शिक्षामा पहुँच अभिवृद्धि गरी सामाजिक र आर्थिक विकासका लागि विज्ञान र प्रविधिप्रति अभिप्रेरित, प्रतिस्पर्धी र उधमशील मानव संसाधनको विकास गर्नु, | • उच्च शिक्षा अध्ययनको लागि शैक्षिक संस्था स्थापना, समन्वय तथा व्यवस्थापन गर्ने,<br>• विज्ञान तथा प्रविधि सम्बन्धी विषयहरु अध्ययन गर्ने विद्यार्थीहरुको लागि प्रोत्साहन गर्ने, | • पालिकाभित्र उच्च शिक्षा अध्ययनको लागि कम्तिमा एक शैक्षिक संस्थाको स्थापना गरिनेछ ।<br>• अन्य स्थानीय तह, जिल्लामा सञ्चालनमा रहेका उच्च शिक्षा प्रदायक संस्थाहरुसँगको समन्वयमा अध्ययनको व्यवस्था मिलाउन पहल गरिनेछ ।<br>• उच्च शिक्षामा विज्ञान तथा प्रविधि सम्बन्धी विषयहरु अध्ययन गर्ने लक्षित समूहका विद्यार्थीहरुका लागि आर्थिक सहायता उपलब्ध गराइनेछ ।<br>• उच्च शिक्षामा विद्यार्थीहरुको आकर्षण अभिवृद्धि गर्न माध्यमिक तहबाट नै परामर्श सेवा सञ्चालन गरिनेछ । |
| . विद्यार्थीहरुमा नैतिक आचरण सहितको मानव मूल्यमा आधारित शिक्षा प्रदान गर्नु | • पाठ्यक्रममा भएमा नैतिक शिक्षाका विषयवस्तुहरुलाई व्यवहारमा देखिने गरी शिक्षण सिकाइ गर्ने, | • अभिभावक शिक्षा सञ्चालन गर्ने,<br>• विद्यार्थीहरुमा व्यवहार कुशल सिपहरुको अभ्यासको लागि शिक्षक, विद्यार्थी र अभिभावकहरुबिचमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ । |
| अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित गर्नु, | • सामुदायिक सिकाइ केन्द्रहरुलाई बहुउद्देश्य संयन्त्रको रुपमा सुदृढीकरण गरी समावेशी र समतामा आधारित आजीवन सिकाइ थलोको रुपमा विकास गर्ने,<br>• आवश्यकता तथा मागमा आधारित वैकल्पिक शिक्षाका विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने, | • सामुदायिक सिकाइ केन्द्रहरुलाई आधारभूत सुविधा सम्पन्न (पुस्तकालय, सूचना प्रविधि सम्बन्धी सामग्री, फर्निचर आदि) गर्दै सिकाइ केन्द्रको रुपमा विकास गरिनेछ ।<br>• सि.एल.सि. व्यवस्थापन समिति र सहजकर्ताहरुको क्षमता अभिवृद्धि गरिनेछ ।<br>• सि.एल.सिहरुबीच असल अभ्यासहरुको आदान प्रदान गर्न गाउँपालिकाको समन्वयमा कम्तीमा त्रैमासिक रुपमा बैठक बस्ने व्यवस्था मिलाइनेछ ।<br>• साक्षरताको वर्तमान अवस्था साथै विद्यालय बाहिर रहेका बालबालिकाहरुको पहिचानको लागि घरधुरी सर्वेक्षण गरिनेछ ।<br>• विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुको समन्वय तथा सहयोगमा निरन्तर साक्षरता |

| | | |
|---|---|---|
| | | कक्षा तथा वैकल्पिक शिक्षाका विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• अनौपचारिक शिक्षाबाट साक्षर भएकालाई व्यवसायिक सिपमा आबद्ध गर्न आवश्यक सहयोग गरिनेछ । |
| स्थानीय भाषा, कला, साहित्य,लिपि, संस्कृतिको जगेर्ना र स्थानीय सिपलाई प्रबर्धन गर्नु, | • स्थानीय पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकाको निर्माण र कार्यान्वयन गर्दै स्थानीय कला, साहित्य र संस्कृतिको जगेर्ना गर्ने,<br>• स्थानीय परम्परागत (रैथाने) सिपहरुको पहिचान, संरक्षण र प्रबर्धन गर्ने,<br>• माध्ययम भाषाको रुपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा र बहुभाषाको प्रयोग गर्ने, | • स्थानीय परिवेश सुहाउँदो पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीको निर्माण गरी कार्यान्वयन गरिनेछ ।<br>• स्थानीय कला, साहित्य र संस्कृतिको जगेर्ना गर्न विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।<br>• स्थानीय सिप पहिचान गरी अन्तरपुस्ता हस्तान्तरण गर्न सहजीकरण गर्दै जीविकोपार्जनसँग आबद्ध गरिनेछ ।<br>• भाषा, कला तथा साहित्यको संरक्षण, प्रबर्धन र विकासका लागि पालिकास्तरमा प्रज्ञा प्रतिष्ठान स्थापना गरिनेछ ।<br>• सरोकारवालाहरुको सहभागितामा गाउँपालिका भित्रको बहुभाषाको पहिचान गरिनेछ ।<br>• आवश्यकता अनुसार मातृभाषा र बहुभाषाका कक्षा सञ्चालन गरिनेछ । |
| आपतकालीन अवस्थामा पनि विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित गर्दै वैकल्पिक सिकाइको प्रभावकारी रुपमा कार्यान्वयन गर्नु, | • विपद्को समयमा शिक्षाको निरन्तरताको लागि आवश्यक योजना, नीति तथा कार्यविधि निर्माण गरी आवश्यक सामग्रीहरुको व्यवस्थापन गर्ने,<br>• कोभिड-१९ लगायतका अन्य महामारी र प्रकोपका कारणले शिक्षण सिकाइलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाउने, | • विपद् व्यवस्थापनका लागि संयन्त्र निर्माण, क्षमता अभिवृद्धि गर्दै श्रोत साधनको व्यवस्था गरिनेछ ।<br>• बृहत विद्यालय सुरक्षा सम्बन्धी कार्यक्रमहरु सबै विद्यालयहरुमा सञ्चालन गरिनेछ ।<br>• सिकाइ आपूरण तथा द्रुत सिकाइ योजना (ReAL Plan) साझेदारीमा प्रभावकारी रुपमा सञ्चालन गरिनेछ ।<br>• महामारी तथा प्रकोपका कारणले विद्यालय सञ्चालन हुन नसक्ने अवस्था भएमा अनलाइन तथा भर्चुअल सिकाइको व्यवस्था गरिनेछ ।<br>• स्थानीय स्तरमा शिक्षा समूह निर्माण तथा परिचालन गरिनेछ । |

## २.६ अपेक्षित उपलब्धी-

१. गाउँपालिकाभित्रका सबै प्रकारका बालबालिकाहरुलाई समावेशी र समतामूलक शिक्षाको पहुँच सुनिश्चित भएको हुनेछ,
२. विद्यालयमा शैक्षिक सुशासन प्रबर्धन भएको हुनेछ,
३. गुणस्तरीय शिक्षा प्राप्त गर्न सुरक्षित भौतिक पूर्वाधार सहितको बालमैत्री वातावरण निर्माण भएको हुनेछ,
४. व्यावसायिक, सिपयुक्त, प्राविधिक, सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्न सक्ने मध्यमस्तरको जनशक्ति तयार भएको हुनेछ,
५. उच्च शिक्षमा पहुँच अभिवृद्धि भएको हुनेछ,
६. प्रतिस्पर्धी र क्षमतावान् मानव संसाधनको विकास भएको हुनेछ,
७. विद्यार्थीहरुमा नैतिक आचरण सहितको मानव मूल्यमा आधारित असल व्यवहार देखिनेछ,
८. अनौपचारिक शिक्षा र आजीवन सिकाइका अवसर सुनिश्चित भएको हुनेछ,
९. स्थानीय भाषा, कला, लिपि, संस्कृतिको जगेर्ना र स्थानीय सिपको प्रबर्धन भएको हुनेछ,
१०. आपतकालीन अवस्थामा पनि वैकल्पिक माध्यमबाट विद्यार्थीको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ,

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

योजनाले योजना अवधिभर हासिल गर्नुपर्ने मुख्य कार्यसम्पादन सूचक तथा लक्षहरू देहाय बमोजिम तय गरिएको छ ।

| क्र. सं. | सूचक | राष्ट्रिय स्तर | प्रदेश | जिल्ला | पालिका | गाउँपालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| १ | प्रारम्भिक बालविकास तथा शिक्षामा कुल भर्ना दर (GER | **९९.९** | **१०६.८** | **९७.६** | **७४.८** | ७८.० | ८३.० | ९०.० | ९५ | ९७ |
| २ | प्रारम्भिक बालविकास तथा शिक्षामा खुद भर्ना दर (NER) | **७०.६** | **७२.६** | **५९.२** | **३६.२** | ५० | ५५ | ६० | ७० | ७८ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव लिएर कक्षा एकमा भर्ना | **७६.९** | **८४.३** | **७७.३** | **८८.५** | ९० | ९३ | ९५ | ९७ | १०० |
| ४ | कक्षा १ मा भर्ना भएका विद्यार्थीको खुद प्रवेशदर (NIR) | **९५.७** | **९५.८** | **९५.७** | **९६.०** | ९७ | ९८ | ९८.५ | ९९ | १०० |
| ५ | कक्षा १ मा भर्ना भएका | **११५.९** | **११९.५** | **१२०.३** | **१०८.६** | १०६ | १०४ | १०३ | १०२ | १०१ |

| क्र. सं. | सूचक | राष्ट्रिय स्तर | प्रदेश | जिल्ला | पालिका | गाउँपालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| | विद्यार्थीको कुल प्रवेशदर GIR | | | | | | | | | |
| ६ | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर (NER) | **९५.६** | **९५.५** | **९५.५** | **९५.४** | ९६ | ९७ | ९८ | ९९ | १०० |
| ७ | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर -GER_ | **१२४.८** | **१२८.४** | **१३१.८** | **१०९.०** | १०७ | १०५ | १०३ | १०२ | १०१ |
| ८ | आधारभूत तह कक्षा १-५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | **०.९२** | **०.९१** | **०.९६** | **०.९९** | १०० | १०० | १०० | १०० | १०० |
| ९ | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर -NER_ | **९५.२** | **९५.१** | **९४.५** | **९३.३** | ९४ | ९५ | ९६.५ | ९७ | ९८.५ |
| १० | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर -GER_ | **१२१.६** | **१२३.९** | **१२१.७** | **११३.३** | ११० | १०८ | १०६ | १०४ | १०२ |
| ११ | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | **८६.३** | **८६.२** | **८५.२** | **८१.२** | ८३ | ८८ | ९२ | ९४ | ९७ |
| १२ | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | **०.९३** | **०.९१** | **०.९३** | **०.९७** | ०.९८ | ०.९९ | १०० | १०० | १०० |
| १३ | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर NER | **७६.५** | **७५.७** | **७३.०** | **७७.५** | ७९ | ८१ | ८४ | ८८ | ९० |
| १४ | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर GER | **९८.७** | **९६.८** | **९०.९** | **८९.२** | ९३ | ९५ | ९६.५ | ९७ | ९७.५ |
| १५ | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर NER | **३७.१** | **३५.९** | **२४.२** | **२३.१** | २८ | ३० | ३३.५ | ३६ | ४० |
| १६ | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर GER | **६७.७** | **६६.०** | **४२.२** | **४०.३** | ५० | ५५.५ | ६० | ६५ | ७२.५ |
| १७ | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर NER | **५६.८** | **५५.२** | **४६.८** | **४६.२** | ४९ | ५२ | ५५.५ | ५८ | ६०.५ |
| १८ | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर GER | **८३.२** | **८०.९** | **६४.७** | **६१.१** | ६७ | ७३ | ७९ | ८५ | ९० |
| १९ | प्रारम्भिक बालविकास तहको GPI | **०.८२** | **०.८१** | **०.८०** | **०.७७** | ०.८० | ०.८३ | ०.९० | ०.९३ | ०.९७ |

| क्र. सं. | सूचक | राष्ट्रिय स्तर | प्रदेश | जिल्ला | पालिका | गाउँपालिकाको लक्ष्य | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
| २० | आधारभूत तह कक्षा १-५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क GPI | ०.९२ | ०.९१ | ०.९६ | ०.८३ | ०.८६ | ०.८९ | ०.९२ | ०.९५ | ०.९८ |
| २१ | आधारभूत तह कक्षा १-८ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क GPI | ०.९३ | ०.९१ | ०.९३ | ०.९३ | ०.९४ | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ |
| २२ | माध्यमिक तहको कक्षा ९-१० मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क GPI | ०.९६ | ०.९७ | ०.९१ | ०.९० | ०.९२ | ०.९४ | ०.९७ | ०.९८ | ०.९९ |
| २३ | माध्यमिक तहको कक्षा ११-१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क GPI | १.०२ | १.०६ | १.०२ | १.०२ | १.०१ | १.० | १.० | १.० | १.० |
| २४ | माध्यमिक तहको कक्षा ९-१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क GPI | ०.९९ | ०.०१ | **०.९५** | **०.९५** | ०.९६ | ०.९७ | ०.९८ | ०.९९ | ०.९९ |
| | कक्षा स्थानान्तरण (विद्यार्थी प्रवाह) | | | | | | | | | |
| २५ | कक्षा चढ्ने दर १ देखि ५ | ८३.८ | ८७.७ | ७५.५ | ७२.० | ७५.० | ७९.५ | ८४.५ | ९२ | ९७ |
| २६ | कक्षा चढ्ने दर ६ देखि ८ | ८८.२ | ८७.३ | ८६.२ | ८४.४ | ८८ | ८९.५ | ९३.५ | ९७.० | ९८.० |
| २७ | कक्षा चढ्ने दर ९ देखि १० | ९३.४ | ९३.१ | ९२.१ | ९५.४ | ९६ | ९६.५ | ९७.० | ९७.५ | ९८ |
| २८ | कक्षा दोहोऱ्याउने दर १ देखि ५ | ८.७ | ९.५ | १४.७ | १८.७ | १५ | १०.५ | ६.५ | ३.० | १.० |
| २९ | कक्षा दोहोऱ्याउने दर ६ देखि ८ | ५.२ | ६.३ | ४.४ | ७.१ | ५.५ | ३.५ | ३.० | २.० | १.० |
| ३० | कक्षा दोहोऱ्याउने दर ९ देखि १० | २.२ | २.३ | ०.८ | १.० | ०.८ | ०.५ | ०.३ | ०.२ | ०.१ |
| ३१ | कक्षा छाड्ने दर १ देखि ५ | ३.२ | ३.३ | ५.३ | ५.२ | ३.० | २.५ | २.० | १.५ | १.० |
| ३२ | कक्षा छाड्ने दर ६ देखि ८ | २.८ | २.९ | ३.७ | ५.० | ३.५ | ३.० | २.८ | १.५ | १.० |
| ३३ | कक्षा छाड्ने दर ९ देखि १० | १.९ | २.१ | २.६ | २.८ | २.५ | २.० | १.८ | १.५ | १.० |

# परिच्छेद-३

## विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

### ३.१ बालविकास केन्द्र र शिक्षा

#### ३.१.१ परिचय

प्रारम्भिक बालविकास र शिक्षा बालबालिकाहरूलाई आधारभूत शिक्षाको लागि तयार गराउने कार्यक्रम हो । यस कार्यक्रमले विद्यालय जाने उमेर पूर्वका बालबालिकाहरूको शारीरिक, मानसिक तथा बौद्धिक, सामाजिक र संवेगात्मक जस्ता सर्वाङ्गीण विकासमा सहयोग गर्दछ । नेपालको निःशुल्क तथा अनिवार्य शिक्षा ऐन २०७५ तथा राष्ट्रिय शिक्षा नीति २०७६ मा चार वर्ष उमेर पुगेका बालबालिकाको लागि एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा कार्यक्रम सञ्चालन गरिने कुरा उल्लेख छ । नेपालको पन्ध्रौं योजनामा पनि प्रारम्भिक बालविकास र शिक्षा कार्यक्रमलाई जोड दिइएको सन्दर्भमा शुद्धोधन गाउँ शिक्षा योजनामा पनि सो कार्यक्रमलाई समावेश गरिएको छ । यस कार्यक्रमलाई सबै बालबालिकाहरूको पहुँचमा पुऱ्याउनको लागि सरकारी तथा गैर सरकारी संस्था, स्थानीय सरकार, सामुदाय, विद्यालयहरू तथा आम सरोकारवालाहरूले हातेमालो वा सहयोग हुन आवश्यक छ ।

कक्षा एकमा भर्ना गर्ने उमेर नपुगेका बालबालिकाहरुका लागि विद्यालयले शिशु कक्षाको व्यवस्था गर्ने प्रचलन पहिलेदेखि नै रहेको भए तापनि २०५६ सालमा तत्कालीन शिक्षा विभागले समुदायमा आधारित बालविकास कार्यक्रम सुरु गरेपछि नेपालमा सरकारी स्तरबाट बालविकास र शिक्षाको सुरुआत भएको हो । ४ वर्ष उमेर समूहका बालबालिकाहरुलाई शिक्षा प्रदान गर्ने उद्देश्यले प्रारम्भिक बाल विकास कार्यक्रमको ब्यवस्था गरिएको छ । यस उमेर समूहका बालबालिकाहरुको शारीरिक, मानसिक र संवेगात्मक पक्षको यथोचित विकासका निम्ति यो कार्यक्रमको प्रबन्ध गरिएको छ ।

नेपालमा प्रारम्भिक बालविकास सम्बन्धी पहिलो रणनीति पत्र शिक्षा मन्त्रालयको नेतृत्वमा वि.सं. २०६१ देखि २०७२ सम्म कार्यान्वयनमा थियो । यस रणनीति पत्रमा प्रारम्भिक बालविकास उमेरका सबै बालबालिकालाई स्वास्थ्य, पोषण, सुरक्षा र बालशिक्षा सम्बन्धी सबै सेवाहरू एकीकृतरूपमा उपलब्ध गराइ उनीहरूको सर्वाङ्गीण विकास गर्नुपर्ने कुरा उल्लेख गरिएको छ । दिगो विकास लक्ष्यका लक्ष्य-४ को ४.२ मा सन् २०३० सम्म सबै बालबालिकाहरुको स्तरीय प्रारम्भिक बाल्यावस्था विकास, स्याहार र पूर्व प्राथमिक शिक्षामा पहुँच सुनिश्चित गर्ने, जसले गर्दा उनीहरु प्राथमिक शिक्षाका लागि तयार हुन सकुन भन्ने सुनिश्चितता गर्ने व्यवस्था भएको पाइन्छ ।

### ३.१.२ वर्तमान अवस्था

यस गाँउपालिकामा हाल २६ वटा बालविकास केन्द्रहरु सञ्चालनमा रहेका छन् । प्रत्येक बालविकास केन्द्रमा कम्तीमा एक जना बालविकास सहजकर्ता कार्यरत रहेका छन् । आगामी ५ वर्षमा गाँउपालिका भित्रका ४ वर्ष उमेर समूहका सबै बालबालिकालाई बालविकास केन्द्रमा भर्ना गर्नका लागि बालविकास केन्द्रको यो संख्या अपर्याप्त रहेकोले नयाँ बालविकास केन्द्रहरु स्थापना गर्नु पर्ने देखिएको छ । यस पालिकाभित्र राष्ट्रिय जनगणना २०७८ अनुसार ३ देखि ४ वर्ष उमेर समूहको बालबालिकाको जनसंख्या २६६२ रहेको छ भने शैक्षिक सत्र २०८१ मा जम्मा २४४८ जना बालबालिकाहरु मात्र बाल विकास केन्द्रमा भर्ना भएका छन् । बालबिकास केन्द्रको सहजै देखिने कुल भर्नादर ७४.८ र खुद भर्नादर ३६.२ रहेको छ । बालबिकास केन्द्रको अनुभव लिएर कक्षा १ मा भर्ना हुने बालबालिका ८८.५ प्रतिशत रहेको छ । अर्कोतिर हाल सञ्चालनमा रहेका सबै बालविकास केन्द्रहरु, प्रारम्भिक बालविकास केन्द्रको राष्ट्रिय न्यूनतम मापदण्ड मार्गदर्शक पुस्तिका २०६७ को पहिलो संशोधन २०७५ मा उल्लेखित मापदण्डको स्तरमा पुऱ्याउनका लागि सुधारका कार्यहरु गर्नुपर्ने भएको छ । उक्त मापदण्डमा बालविकास केन्द्र बालबालिकाको घरबाट १० देखि १५ मिनेटको पैदल दुरीमा हुनु पर्ने कुरा पनि उल्लेख भएको हुनाले अब स्थापना गरिने बालविकास केन्द्रहरु सकेसम्म समुदायका सबै बालबालिकालाई पायक पर्ने स्थानमा स्थापना गर्नुपर्ने आवश्यकता रहेको छ । बालबालिकाको शारीरिक, बौद्धिक, सामाजिक र संवेगात्मक विकासमा सहयोग पुग्ने क्रियाकलापहरु सञ्चालन गर्नको लागि बालविकास केन्द्रमा चाहिने सामग्रीहरुको व्यवस्था गर्नुपर्ने आवश्यकता रहेको छ । बालविकास केन्द्रलाई सिकाइको थलो बनाउन र बालबालिकाको सिकाइ अनुभवलाई रमाइलो र अर्थपूर्ण बनाउनका लागि त्यहाँ कार्यरत सहयोगी कार्यकर्ताहरुलाई पनि समय सापेक्ष सक्षम बनाउनका लागि तालिमको आवश्यकता पर्दछ । त्यसैले भौतिक श्रोत साधनको व्यवस्था लगायत कार्यरत जनशक्तिको ज्ञान र सिपलाई पनि अद्यावधिक गराइ राख्ने कार्यक्रमहरु यस योजनामा समावेश गरिएका छन् ।

**मुख्य समस्याहरु**

१. कम उमेर र बढी उमेरका प्रारम्भिक बालविकास कक्षामा भर्ना हुनु,
२. प्रारम्भिक बालबालिका केन्द्रमा भित्री र बाहिरी खेल सामग्री उपलब्ध नहुनु,
३. पोषणयुक्त दिवा खाजाको व्यवस्थापनमा कमी,
४. व्यक्तिगत स्वास्थ्य तथा सरसफाइको प्रबन्ध गर्न नसक्नु,
५. पेसागत क्षमता विकास गर्न नसक्नु,
६. प्रारम्भिक बालविकास केन्द्रमा आयको व्यवस्थापन गर्न नसक्नु,
७. बालमैत्री कक्षा व्यवस्थापन गर्न नसक्नु र नियमित अनुगमन तथा निरीक्षणको कमी।

### ३.१.३ उद्देश्य

- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच बढाउनु,
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित गर्नु,
- सबै बालबालिकालाई प्रारम्भिक बाल शिक्षाको अनुभव सहित कक्षा १ मा भर्ना गराउनु ।

### ३.१.४ रणनीतिहरू

१. सबै बालबालिकाको पहुँचका लागि सङ्घीय सरकारले निर्धारण गरेको मापदण्डअनुसार प्रारम्भिक बालविकास तथा शिक्षा सञ्चालन गर्ने,
२. कार्यक्रमको नक्साङ्कन, पुनर्वितरण र आवश्यकता अनुसार नयाँ केन्द्र स्थापना गर्ने,
३. जटिल भौगोलिक क्षेत्रमा बसोबास गर्ने, लोपोन्मुख तथा सीमान्तकृत समुदायका बालबालिकाका लागि विभिन्न नमुनाहरू विकास गरी पहुँच सुनिश्चित गर्ने,
४. नमुना बालविकास केन्द्र स्थापना गर्ने,
५. पाठ्यक्रमको परिमार्जन तथा अनुकूलन गर्ने,
६. लागत सहभागिता अभिवृद्धि गर्ने,
७. कार्यक्रमको प्रभावकारिता वृद्धिका लागि परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, निजी क्षेत्र र विद्यालयहरूलाई जिम्मेवार बनाउने,
८. बालविकास केन्द्रको व्यवस्थापन, कक्षा सजावट, प्रविधिमा आधारित शैक्षिक सामग्री, बाल उद्यानको व्यवस्थापन गर्ने,
९. ऐन र कार्यविधिमा उल्लेख भए बमोजिमको मापदण्ड पूरा गर्ने,
१०. कार्यरत जनशक्तिको वृत्ति विकास तथा क्षमता विकास गर्ने,
११. स्थानीय तहको आवश्यकतामा आधारित हुने गरी प्रारम्भिक बाल विकास तथा शिक्षाका लागि सुपरिवेक्षण र सहजीकरणका लागि थप छुट्टै अधिकार सम्पन्न संयन्त्र बनाउने ।

### ३.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धिः**

- चार वर्ष उमेरका सबै बालबालिकाको सर्वाङ्गीण विकास र आधारभूत शिक्षाको तयारीका लागि प्रारम्भिक बालविकास सेवामा पहुँच भएको हुनेछ ।
- प्रारम्भिक बालविकास तथा शिक्षाका सेवाहरूमा गुणस्तर सुनिश्चित भएको हुनेछ ।
- सबै बालबालिकालाई प्रारम्भिक बालशिक्षाको अनुभवसहित कक्षा १ मा भर्ना भएका हुनेछ ।

<u>नतिजा तथा परिमाणात्मक लक्ष्य</u>

| क्र. सं. | सूचक | एकाइ | २०८१/८२(आधार वर्ष) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | संख्या | ११२९ | ११९४ | १२१५ | १२३७ | १२६० | ११२९ |
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | संख्या | १ | ५ | ५ | ५ | ५ | ५ |
| ३ | प्रारम्भिक बालविकास तथा शिक्षा उमेरका सबै बालबालिकालाई प्रारम्भिक शिक्षाको अनुभवसहित कक्षा १ मा प्रवेश गर्ने अवसर हुने | प्रतिशत | ९०.० | ९३ | ९५ | ९७ | ९८ | १०० |
| ४ | भौगोलिक दुरी रहेका र अपाङ्गता भएका बालबालिकाहरुलाई समेट्न आवश्यकतामा आधारित जस्तैः टोलमा आधारित, समुदायमा आधारित, तथा घुम्ती बालविकास तथा शिक्षा कार्यक्रमका नमुना विकास हुने । | संख्या | ० | १ | ० | १ | १ | १ |
| ५ | प्रारम्भिक बालविकास तथा शिक्षाको कार्यान्वयनमा परिवार, समुदाय, गैर सरकारी सङ्घ संस्था, धार्मिक संस्था र विद्यालयहरु जिम्मेवार भएको हुने । | संख्या | ६ | ८ | ८ | ९ | ९ | १० |

### ३.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १. | पूर्व प्रा.वि./ECED कक्षा/केन्द्रमा तोकिएका न्यूनतम मापदण्डहरूको (Minimum Standards) कार्यान्वयन गर्ने | केन्द्र | | ३ | ३ | ३ | ३ | ३ |
| २. | आवश्यकता पहिचानको आधारमा अवस्थित ECED/PPE (संस्थागत विद्यालय सुविधाहरू सहित) लाई पुनरावलोकन गर्ने र नयाँ ECED केन्द्रहरूको स्थापना गर्ने | पटक | | १ | ० | १ | ० | १ |
| ३. | न्यूनतम मापदण्डहरूको पालना सुनिश्चित गर्न ECED मैत्री हात धुने सुविधाको व्यवस्था | केन्द्र | ३ | ५ | ४ | ४ | ४ | २० |
| ४. | दिवा खाजा कार्यक्रम | जना | ११२९ | ११९४ | १२१५ | १२३७ | १२६० | ६०३५ |
| ५. | बालबालिकाको समग्र विकास र सिकाइलाई सहज बनाउन प्रारम्भिक बाल्यकाल र सिकाइ मापदण्डहरूको कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६. | ECED केन्द्र र शिक्षकहरूलाई कार्यसम्पादन अनुदान (निर्धारित मापदण्डमा आधारित) | केन्द्र | ३ | ४ | ४ | ४ | ४ | १९ |
| ७. | बिभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | जना | १५ | १५ | १५ | १५ | १६ | ७६ |
| ८. | पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जाँच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९. | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | पटक | २६ | २६ | २६ | २६ | २६ | १३० |
| १०. | ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोसाक भत्ता | संख्या | २६ | २६ | २६ | २६ | २६ | १३० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ११. | ECED कक्षाहरूका सामग्री र सिकाइ कुनाका लागि बजेट अनुदान | संख्या | ४ | ५ | ५ | ५ | ५ | २४ |
| १२. | ECED कक्षाहरूका सिकाइ सामग्री र विद्युतीय सिकाइ सामग्रीका लागि बजेट अनुदान | संख्या | ५ | ५ | ५ | ५ | ४ | २४ |
| १३. | ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति विपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुबिधाका लागि छात्रवृत्ति | विद्यार्थी (प्रतिशत) | ६० | ८० | ९० | ९५ | १०० | ४२५ |
| १४. | अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| १५. | सहजकर्ताहरुलाई पुनर्ताजगी तालिम | | | १ | १ | १ | १ | ४ |
| १६. | स्थानीय तहमा प्रारम्भिक बाल विकास समिति गठन तथा परिचालन | | १ | १ | १ | १ | १ | |
| १७. | कक्षाकोठाको बसाइ व्यवस्थापन | | ६ | ५ | ५ | ५ | ३ | २४ |

## ३.२ आधारभूत शिक्षा

### ३.२.१ परिचय

नेपाल सरकारले आधारभूत तहको शिक्षालाई शिक्षा ऐन २०२८ अनुसार "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा भनी परिभाषित गरिएको छ । आधारभूत तहमा अध्ययन गर्ने बालबालिकाहरुको उमेर समूह ४ वर्षदेखि १३ वर्षसम्म रहेको छ । आधारभूत तह कक्षा १-३ मा कक्षा ४ -५ र कक्षा ६-८ सञ्चालन भएका विद्यालयहरुमा विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनरसंरचना गरी कक्षा १-८ लाई आधारभूत शिक्षाको रुपमा परिभाषित गरिएको छ । प्राथमिक र नि.मा. तहलाई एकीकृत गरी बनाइएको आधारभूत तहलाई संविधानको धारा ३१ (१) मा नागरिकको मौलिक हक अन्तरगत राखिएको छ । आधारभूत तहमा प्रदान गरिने गुणस्तरीय शिक्षाले राष्ट्र र समाजमा रहेका गरिबी हटाउन जोड दिनुका साथै व्यक्तिको जीवनस्तर उकास्नमा टेवा पुऱ्याउन सक्ने भएकोले समाज र राष्ट्रलाई अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न प्रतिवेदनहरुले देखाएका छन् । आधारभूत तहको शिक्षा अध्ययन पश्चात् यसको महत्त्वलाई दृष्टिगत गर्दै यसलाई गुणस्तरीय योजनाबद्ध रुपमा व्यवस्थित गर्नका लागि शुद्धोधन गाउँपालिकाले यस ५ वर्षे योजनामा आधारभूत शिक्षा अन्तर्गत कक्षा १ देखि कक्षा ८

सम्मको शिक्षामा पहुँच गुणस्तर, बालमैत्री र प्रविधिमैत्री तथा व्यवस्थापकिय प्रवन्धको वर्तमान अवस्थाको समीक्षा गर्दै यसमा देखिएका चुनौतिहरु पहिचान गरी आगामी ५ वर्षका लागि आधारभूत तहको शिक्षा विकासका लक्ष्य उद्देश्यहरु, रणनीति, नतिजा र प्रमुख क्रियाकलापहरु उल्लेख गरिएको छ ।

नेपालको संविधान २०७२ ले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको एकल अधिकार क्षेत्रभित्र राख्ने व्यवस्था गरिएको छ भने सङ्घ, प्रदेश र स्थानीय सरकारको साझा अधिकारभित्र पनि समेटिएको छ । संविधानमा उल्लेख भएका प्रावधानहरुले सम्पूर्ण बालबालिकाहरुलाई बालमैत्री, गुणस्तरीय र प्रविधिमैत्री शिक्षा प्रदान गर्न तिनै तहका सरकारहरु जिम्मेवार रहनुपर्ने प्रावधान रहेको छ ।

### ३.२.२ वर्तमान अवस्था

विद्यालय क्षेत्र सुधार योजना २०६६-२०७२ ले विद्यालय शिक्षाको पुनःसंरचना गरेर कक्षा १-८ लाई आधारभूत शिक्षा र कक्षा ९-१२ लाई माध्यमिक शिक्षाको रुपमा परिभाषित गरेको छ । पहिलेको प्राथमिक र निम्न माध्यमिक तहलाई मिलाएर बनाइएको आधारभूत तहले व्यक्ति, समाज र राष्ट्रको विकासमा महत्वपूर्ण भूमिका खेल्ने भएकोले नेपालको संविधानको धारा ३१ (१) मा यसलाई नागरिकको मौलिक हक अन्तर्गत राखेको छ । गुणस्तरीय आधारभूत शिक्षाले गरिबी घटाउन मद्दत गर्ने र व्यक्तिको जीवनस्तरमा उल्लेखनीय सुधार ल्याउन सक्ने तथा यसबाट समाज र राष्ट्रलाई नै विकासको पथमा अगाडि बढ्नमा सहयोग हुने कुरा विभिन्न अध्ययन प्रतिवेदनहरुले देखाएका छन् ।(शैक्षिक सत्र २०८०/०८१) यस गाउँपालिकामा २४ वटा सरकारी र ११ वटा संस्थागत विद्यालयहरु र २३ वटा धार्मिक रहेका छन् । शैक्षिक सत्र २०८० मा गाउँपालिकाका विभिन्न विद्यालयको विवरण हेर्दा सरकारी विद्यालयतर्फ कक्षा १० सम्म २१ वटा र कक्षा ११ र १२ मा ३ वटा विद्यालय रहेको देखिन्छ । संस्थागत विद्यालयतर्फ कक्षा ११ र १२ कुनै विद्यालय नभएको देखिन्छ ।आधारभूत तहको शिक्षाको महत्वलाई दृष्टिगत गरी शिक्षालाई गुणस्तरीय बनाउनका लागि गाँउपालिकाले यस योजनामा आधारभूत शिक्षा विकासका कार्यक्रमहरु समावेश गरिएको छ । आधारभूत शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन यस गाउँपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्न अनुसार रहेको छ :

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| १. | आधारभूत तह कक्षा १ देखि ५ को खुद भर्ना दर | ९५.५ |
| २. | आधारभूत तह कक्षा १ देखि ५ को कुल भर्ना दर | १२६.४ |
| ३. | आधारभूत तह कक्षा १-५ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | १. |

| | | |
|---|---|---|
| ४. | आधारभूत तह कक्षा १ देखि ८ को खुद भर्ना दर | ९४.८ |
| ५. | आधारभूत तह कक्षा १ देखि ८ को कुल भर्ना दर | ११६.८ |
| ६. | आधारभूत तह कक्षा १ देखि ८ को टिकाउ दर | ८६.४ |
| ७. | आधारभूत तह (कक्षा १–८) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.९६ |
| ८. | कक्षा चढ्ने दर १ देखि ५ | ८२.५ |
| ९. | कक्षा चढ्ने दर ६ देखि ८ | ९०.४ |
| १०. | कक्षा दोहोर्याउने दर कक्षा १ देखि ५ | ७.९ |
| ११. | कक्षा दोहोर्याउने दर कक्षा ६ देखि ८ | ०.९ |
| १२. | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ५.३ |
| १३. | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | ४.१ |
| १४. | नयाँ भर्ना दर कक्षा १ देखि ५ | ४.३ |
| १५. | नयाँ भर्ना दर कक्षा ६ देखि ८ | ४.६ |

## स्थानीय तहको आधारभूत तहमा सेवा प्रवाहको अवस्थाः

| वडा नं | सामुदायिक | | मदरसा | | संस्थागत | |
|---|---|---|---|---|---|---|
| | कक्षा १–५ | कक्षा १-८ | कक्षा १–५ | कक्षा१ –८ | कक्षा १–५ | कक्षा १ –८ |
| १. | २ | २ | ५ | ० | २ | १ |
| २. | ३ | २ | ४ | ० | २ | ० |
| ३. | ३ | १ | ३ | ० | २ | १ |
| ४. | ३ | २ | २ | ० | २ | ० |
| ५. | ६ | १ | ३ | ० | २ | २ |
| ६. | ७ | २ | ८ | ० | ० | ० |
| जम्मा | २४ | १० | २५ | ० | १० | ४ |

स्रोतः *Shudhodhan EMIS dashboard 2081*

## आधारभूत तहमा विद्यार्थी संख्या(२०८१)

| सामुदायिक तथा धार्मिक | | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|
| क्र.स | आधारभूत | कक्षा १–५ | कक्षा ६–८ | आधारभूत | कक्षा १–५ | कक्षा ६–८ |
| १ | ३९ | ६५१६ | २१७६ | ७ | १८७० | २७८ |

**स्रोतः *Shudhodhan EMIS dashboard 2081***

## अधारभूत तहमा जातिगत विद्यार्थी संख्या (सामुदायिक, मदरसा र संस्थागत)

| कक्षा | दलित | | जनजाति | | अन्य | | ब्राम्हण/क्षेत्री | | अपाङ्ग | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| १ | २०० | २३२ | ३२३ | ३२७ | ७०६ | ८०० | २६ | ३१ | १ | ० |
| २ | १७९ | १७५ | २३८ | २०९ | ४१२ | ४८४ | १२ | १५ | ० | ० |
| ३ | १४४ | १७४ | २७८ | २४९ | ३५४ | ३७२ | ७ | २० | ० | २ |
| ४ | १३९ | १३३ | २३४ | २१२ | २५० | २७२ | ७ | १३ | ० | ३ |
| ५ | १४७ | १५९ | २०१ | १८४ | २०७ | २३४ | ९ | १५ | ० | ३ |
| ६ | ९० | १०९ | २०९ | १७४ | ११७ | १८० | ५ | १४ | ० | १ |
| ७ | ९३ | ९९ | १८८ | १७३ | १०७ | १६० | ८ | ८ | २ | २ |
| ८ | ७५ | ७५ | १७० | १७७ | ९१ | ११७ | ६ | ९ | ० | ३ |
| जम्मा | १०६७ | ११५९ | १८४१ | १७०५ | २२४४ | २६१९ | ८० | १२५ | ३ | १४ |

**स्रोतः** ***shudhodhan EMIS dashboard 2081***

## २०८० सालको परीक्षाको नतिजा बमोजिम कक्षा १-८ को तहगत सिकाइ उपलब्धि

| कक्षा | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | हाम्रो सेरोफेरो | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १ | २.५८ | २.४२ | २.५० | २.५३ | २.३८ | २.४५ | २.५० | २.३५ | २.४२ | २.५१ | २.३१ | २.४१ |
| २ | २.४९ | २.४३ | २.४६ | २.५० | २.३५ | २.४२ | २.५८ | २.४२ | २.५० | २.४९ | २.३८ | २.४४ |
| ३ | २.४३ | २.३८ | २.४१ | २.४३ | २.४० | २.४१ | २.२२ | २.२२ | २.२२ | २.४१ | २.४२ | २.३५ |
| १-३ | २.५० | २.४१ | २.४६ | २.४८ | २.३७ | २.४३ | २.४३ | २.३३ | २.३८ | २.४७ | २.३७ | २.४० |

| कक्षा | नेपाली | | | अङ्ग्रेजी | | | गणित | | | विज्ञान तथा प्रविधि | | | सामाजिक अध्ययन तथा मानव मूल्य शिक्षा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| ४ | २.५३ | २.४६ | २.४९ | २.५० | २.४८ | २.४९ | २.४५ | २.३९ | २.४१ | २.४९ | २.४४ | २.४६ | २.४१ | २.४१ | २.४१ |
| ५ | २.६५ | २.६४ | २.६५ | २.४८ | २.४४ | २.४६ | २.५२ | २.४८ | २.५० | २.४९ | २.४७ | २.४८ | २.४७ | २.४५ | २.४६ |
| ६ | २.४४ | २.०७ | २.२५ | २.४४ | २.०८ | २.२६ | २.३८ | २.०२ | २.२० | २.४० | २.०४ | २.२२ | २.४० | २.०७ | २.२४ |
| ७ | २.४३ | २.३५ | २.३९ | २.३८ | २.३१ | २.३५ | २.३२ | २.२६ | २.२९ | २.३१ | २.२८ | २.२९ | २.३६ | २.३१ | २.३३ |
| ८ | २.४० | २.३९ | २.३९ | २.२५ | २.३३ | २.२९ | २.२८ | २.३७ | २.३२ | २.३५ | २.३४ | २.३५ | २.३९ | २.४७ | २.४३ |
| ४-८ | २.४९ | २.३८ | २.४३ | २.४१ | २.३३ | २.३७ | २.३९ | २.३० | २.३५ | २.४१ | २.३१ | २.३६ | २.४१ | २.३४ | २.३७ |

**स्रोतः** ***Shudhodhan EMIS dashboard 2081***

यस तहको शिक्षाको पहुँचमा आर्थिक तथा सामाजिक अवस्थाले असमानता रहेको । दलित छात्राहरूको अति गरिबी विद्यालयको पहुँच पुऱ्याउन कठिन छ । विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री र सुरक्षित बनाउन थप प्रयास आवश्यक छ । बालबालिकाको विकास तथा सिकाइलाई प्रभावित पार्ने पोषण स्वास्थ्य सरसफाइ दिवा खाजा जस्ता सेवालाई सुधार गर्नुपर्ने छ । पेसागत रुपमा सक्षम योग्य शिक्षकको अपर्याप्तता, विद्यालय नेतृत्व र व्यवस्थापनमा भएको समस्याले पनि आधारभूत शिक्षाको पहुँच र गुणस्तर व्यवस्थापनमा असर परेको देखिन्छ । यस तहमा विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने, उच्च दरका कारण तह पूरा गर्ने दरमा अपेक्षित सुधार नहुँदा यस तहको आन्तरिक सक्षमतामा सुधार गर्नुपर्ने देखिन्छ । यस तहमा प्रारम्भिक कक्षाको पढाइ तथा गणितीय सिपको सिकाइ स्तर न्यून छ । कोभिड महामारीको कारणले क्षती भएको शिक्षण सिकाइ उपलब्धिले थप समस्या सिर्जना भएको छ । प्रकोप सङ्कट तथा महामारी लगायतका परिस्थितिमा पनि सिकाइ निरन्तर हुन सकेको छैन । पाठ्यक्रमको सान्दर्भिकता वृद्धि गर्ने र प्रभावकारी कार्यान्वयन गर्ने कार्यमा सुधारको आवश्यकता छ । सिकाइ स्तर सुधारमा शिक्षकको पेसागत विकास, अनुगमन सुपरीवेक्षण व्यवस्थित गर्नु आवश्यक छ । सिकाइप्रति विद्यार्थी जवाफदेही भइ विद्यालयमा आवश्यक न्यूनतम सिकाइ पूर्वाधार र वातवारण तयार गर्नुपर्ने छ । केन्द्र प्रदेश र स्थानीय तहका कार्यक्षेत्र तथा कार्य प्रक्रिया र उत्तरदायित्व सम्बन्धमा थप स्पष्टताका लागि थप कानुनी प्रबन्ध आवश्यक छ । त्यसै गरी प्र.अ.मा शैक्षिक नेतृत्व, व्यवस्थापन सिप शिक्षकको तथा कर्मचारीमा उत्प्रेरणा तथा वृत्ति विकास तालिमको सिकाइ कक्षाकोठामा रुपान्तरण, अनुगमन सुपरीवेक्षण र क्षमता विकासमा सुधार गर्न आवश्यक छ । विद्यालयको गुणस्तरमा अभिभावकहरूको सहभागिता बढाइ वि.व्य.स. र शि.अ.सङ्घको विकासमा ध्यान दिनुपर्ने देखिन्छ ।

***समस्याहरु:***

१. आधारभूत तहका माथिल्ला कक्षाहरूमा विद्यालय छाड्ने दर उच्च हुनु,
२. विद्यार्थी संख्या र विषयको आधारमा शिक्षक दरबन्दी तथा पुनर्वितरण हुन नसक्नु,
३. सबै विद्यालयहरुमा भौतिक पूर्वाधार लैङ्गिक मैत्री र अपाङ्गता मैत्री नहुनु,
४. शिक्षकहरू प्रविधि मैत्री शिक्षण सिकाइकालाई तयार नहुनु,
५. शिक्षकलाई शिक्षण सिकाइका लागि उपयुक्त परामर्श तथा पेसागत सहयोग गर्ने पद्धति विकास हुन नसक्नु,
६. विद्यालयमा दिवा खाजा व्यवस्थापनका लागि अत्यावश्यक भान्सा तथा स्टोर कोठाको उपलब्धता नहुनु,
७. सबै विद्यालयमा किशोरीहरूका लागि प्रदान हुने सेनिटरी प्याडको प्रयोग पछि उचित विसर्जन व्यवस्था नहुनु,
८. विद्यालयमा प्राथमिक उपचार सम्बन्धी किटको व्यवस्था तथा त्यसको प्रयोग भएको अवस्था नहुनु,

९. सबै विद्यालयमा पुस्तकालय तथा सिकाइ कुनाको प्रबन्ध नहुनु, भएका विद्यालयहरुमा प्रयोग नहुनु,

१०. विद्यालयहरुमा विपद् उत्थानशील योजना बनाउन नसक्नु ।

**चुनौती**

- आधारभूत तहको भौतिक, शैक्षिक, सामाजिक वातावरणमा सुधार ल्याइ विद्यालयलाई भयरहित वालमैत्री बनाउन,
- सूचना तथा सञ्चार प्रविधि ल्याव व्यवस्थापन लगायतका प्राविधिक क्षेत्रहरुमा शिक्षक तथा विद्यार्थीहरुको पहुँच विस्तार गरी शिक्षकको क्षमता तथा दक्षतामा वृद्धि गरी सिकाइमा प्रभावकारी बनाउन ।
- सिकाइको गुणस्तरमा अभिवृद्धि गरी विद्यार्थीहरुको सिकाइ उपलव्धिमा सुधार ल्याउन,
- निशुल्क तथा आधारभूत शिक्षामा सबै बालबालिकाहरुको पहुँच तथा सहभागितामा सुनिश्चितता प्रदान गर्न,
- आधारभूत तहमा कक्षा छाड्ने दरलाई शून्यमा झारी आधारभूत तह पूरा गर्ने दरलाई शत प्रतिशत पुऱ्याउन,
- आधारभूत तहमा विषयगत शिक्षकको व्यवस्था गरी सक्षम र दक्ष जनशक्तिको व्यवस्था गर्न,
- विद्यार्थी मूल्याङ्कनलाई सिकाइ क्रियाकलापको अभिन्न अंगको रुपमा विकास गरी परीक्षा प्रणालीमा सुधार गर्दे परीक्षालाई विश्वसनीय र वैद्य बनाउन,
- विद्यालय व्यवस्थापन तथा सहभागितामा सबै सरोकारवालाहरुलाई जवाफदेही र जिम्मेवारी बनाउन,
- विद्यालयमा न्यूनतम भौतिक पूर्वाधार व्यवस्थित र पर्याप्तता बनाउन,
- विद्यालयको प्रशासनिक, भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याइ विद्यालयलाई बालमैत्री, अपाङ्गमैत्री र प्रविधिमैत्री बनाउन ।

## ३.२.३ उद्देश्य

- गाउँपालिका भित्रका आधारभूत तह उमेर समूहका सबै बालबालिकालाई आधारभूत शिक्षाको पहुँच सुनिश्चित गर्नु,
- आधारभूत तहको शिक्षालाई निशुल्क, अनिवार्य, गुणस्तरीय र समावेशी बनाउनु,
- कक्षा १ मा भर्ना भएका सबै बालबालिकाले कक्षा ८ सम्मको शिक्षा अनिवार्य रुपमा पूरा गर्ने कुराको सुनिश्चित गर्नु,

- विद्यार्थीहरुको औषत सिकाइ उपलब्धिलाई राष्ट्रिय मापदण्ड अनुसार बनाउनु,
- आधारभूत तहको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, सिकाइमैत्री र सुरक्षित बनाउनु,
- विद्यार्थीहरुको औषत सिकाइ उपलब्धि बृद्धि गर्नु ।

### ३.२.५ रणनीति

- गाउँपालिकाभित्रका सबै ५ देखि १२ वर्ष उमेर समूहका सबै बालबालिकालाई अनिवार्य तथा निःशुल्क आधारभूत तहको शिक्षामा पहुँचको सुनिश्चित गर्ने,
- तहगत सिकाइ उपलब्धि सुनिश्चित गरी बालमैत्री, समावेशी सहितको गुणस्तरीय शिक्षाको सुनिश्चित गर्ने,
- मदरसाहरुलाई मूलप्रवाहीकरण तथा एकरुपता ल्याइ गुणस्तरीय सिकाइ वातवरण बनाउने,
- स्थानीय पाठ्यक्रम निरन्तर रुपमा कार्यान्वयन गर्ने,
- विद्यालयमा सुशासन कायम गरी अभिभावकहरुको सहभागिता अभिवृद्धि गर्ने ।

### ३.२.६ प्रमुख उपलब्धि तथा नतिजाः

***<u>उपलब्धी</u>***

अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको पहुँच अभिवृद्धि र सहभागितामा सुनिश्चितता सहित गुणस्तर अभिवृद्धि भएको हुनेछ

**<u>नतिजा तथा परिमाणात्मक लक्ष्यः</u>**

**ख) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र. सं. | सूचक | एकाइ | २०८१/८२ (आधार वर्ष) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | सबै बालबालिका आधारभूत शिक्षाको पहुँचमा भइ सहभागी हुने | प्रतिशत | ९७ | ९७.५ | ९८ | ९८.५ | ९९ | ९९ |
| २ | बालबालिकाको न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने विद्यालय संख्या | संख्या | ५ | ८ | १० | १४ | १९ | २४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ३ | सबै विद्यालयले प्राथमिकता प्राप्त सक्षमता (PMEC) पूरा गरेको हुने | संख्या | ० | ५ | ८ | ११ | १५ | २४ |
| ४ | न्यूनतम भौतिक पूर्वाधार तथा सिकाइ सामग्रीको उपलब्धता भएको हुने विद्यालय संख्या | संख्या | ० | ३ | ५ | ८ | १२ | १५ |
| ५ | आवश्यक संख्यामा योग्य, सक्रिय तथा उत्प्रेरित शिक्षकको व्यवस्था हुने | प्रतिशत | २० | ४० | ५० | ७० | ९० | १०० |
| ६ | बालमैत्री र समावेशी वातावरणमा सिकाइ हुने विद्यालयमा संख्या | संख्या | १ | २ | ३ | ४ | ५ | १० |
| ७ | विद्यालयमा पोषण तथा स्वास्थ्य कार्यक्रम सञ्चालन हुने विद्यालयमा संख्या | संख्या | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ८ | विद्यालयमा दिवा खाजाको प्रबन्ध हुने विद्यालय संख्या | संख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |

### ३.२.७ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १. | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | जना | ७९ | ७९ | ७९ | ७९ | ७९ | ३९५ |
| २. | सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | जना | १० | १० | १० | १० | १० | ५० |
| ३. | आधारभूत तह १-५ कालागि थप ४७ वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाइ बजेट अनुदान प्रदान गर्ने | जना | १७ | ५ | ८ | १० | ७ | ४७ |
| ४. | आधारभूत तह ६-८ का लागि थप ३२ वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाइ बजेट अनुदान प्रदान गर्ने | जना | १० | ८ | ६ | ४ | ४ | ३२ |
| ५. | सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरुमा कार्यरत कर्मचारी र सहायक कर्मचारीहरूका लागि तलब भत्ता | जना | २४ | २४ | २४ | २४ | २४ | १२० |
| ६. | सामुदायिक आधारभूत तह (कक्षा १-५) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ सामग्री, | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | | | | | | | |
| ७. | सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ सामग्री, कम्तीमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ |
| ८. | आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ |
| ९. | आधारभूत विद्यालय (कक्षा १-८) का लागि सञ्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | १७ | १७ | १७ | १७ | १७ | ८५ |
| १०. | आधारभूत तह (कक्षा १-५) सञ्चालित परम्परागत धार्मिक विद्यालयहरुः गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | विद्यालय | २५ | २५ | २५ | २५ | २५ | १२५ |
| ११. | पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२. | आधारभूत तह (कक्षा १-५) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | विद्यार्थी | ६००० | ६२५० | ६५०० | ६७४० | ६९९० | ३२४८० |
| १३. | आधारभूत तह (कक्षा ६-८) | विद्यार्थी | २१८३ | २२३० | २२८५ | २३१५ | २३५५ | ११३६८ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | | | | | | | |
| १४. | आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सञ्चालन अनुदान | विद्यार्थी | ६००० | ६२५० | ६५०० | ६७४० | ६९९० | ३२४८० |
| १५. | कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad वितरण | विद्यार्थी | १०४२ | ९९६ | ९५४ | ९३० | ९७६ | ४८९८ |
| १६. | विद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | १५ |
| १७. | समता रणनिति कार्यान्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा ल्याइ उनीहरूको शिक्षालाई निरन्तरता दिन विद्यालय/विद्यार्थीलाई बजेट अनुदान | जना | १८१ | ३०० | ३४० | ३८० | ५०० | १७०१ |
| १८. | आधारभूत तहमा अध्ययनरत विद्यार्थीमध्ये करिब २०% विद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति कक्षा १-५ | विद्यालय | १७०० | १७५० | १७९० | १८०० | १८२० | ८८६० |
| १९. | समता रणनीति कार्यन्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा ल्याइ उनीहरूको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | पटक | ११४ | १९४ | २१० | २२३ | २३१ | ९७२ |
| २०. | शून्य दरबन्दी भएका विद्यालयहरूलाई एकमुष्ठ बजेट अनुदान | विद्यार्थी | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| २१. | SMCs र PTAs को क्षमता | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | अभिबृद्धि र अभिभावकहरूलाई सचेतना कार्यक्रम | | | | | | | |
| २२. | आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सञ्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | पटक | ७२० | ७५७ | ८०५ | ६५९ | ६६५ | ३६०६ |
| २३. | विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | | ० | १ | १ | १ | १ | ४ |
| २४. | स्थानीय तहका कर्मचारीलाई बालमैत्री प्रारूपमा अभिमुखीकरण | | १ | १ | १ | १ | १ | ५ |
| २५. | विद्यार्थी भर्ना र टिकाउका लागि घरदैलो अभियान | | ० | १ | १ | १ | १ | ४ |

## ३.३ माध्यमिक शिक्षा

### ३.३.१ परिचय

नेपालको संविधान २०७२ ले माध्यमिक तहको शिक्षा पूर्ण रुपमा निःशुल्क प्राप्त गर्ने हक स्थापित गरेको छ । यो शिक्षा अनिवार्य तथा पूर्ण निःशुल्क शिक्षा ऐन २०७५ ले पनि प्रत्येक नागरिकहरुलाई माध्यमिक शिक्षा प्रदान गर्ने पूर्ण दायित्व राज्यको हुने उल्लेख गरिएको छ । संविधानले एकातिर विद्यालय तहको शिक्षालाई स्थानीय तहको अधिकार क्षेत्र भित्र रहने व्यवस्था रहेको दखिन्छ भने अर्को तर्फ सङ्घ, प्रदेश तथा स्थानीय सरकारको साझा अधिकार क्षेत्रभित्र रहने व्यवस्था रहेको छ । संविधानका उल्लेखित प्रावधानहरुले आम नागरिकका लागि गुणस्तरीय र निःशुल्क शिक्षा सुनिश्चत गर्ने एकल तथा साझा अधिकारका रुपमा तिनै तहका सरकारलाई जिम्मेवार बनाउने स्पष्ट दिशा निर्देश छ । शिक्षा ऐन २०२८ ले कक्षा ९-१२ सम्मलाई माध्यमिक शिक्षाको रुपमा लिएको छ । अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकालाई कक्षा १-८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि सिकारुको रुचि आवश्यकता क्षमता आधारमा माध्यमिक तहमा परम्परागत, प्राविधिक तथा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नु पर्छ । यो तहको शिक्षालाई व्यवसायिक, गुणस्तरीय, रोजगारमूलक, सिपमूलक,जीवनोपयोगी, उत्पादनमूलक बनाउनु पर्दछ । आधारभूत तहमा प्राप्त गरेको भाषिक तथा गणितीय सिपको उपयोग गरी आफ्नो रुचि, आवश्यकता, क्षमता तथा दक्षताको आधारमा सिकारुले साधारण शिक्षाको लक्ष्य लिइ विभिन्न विषय र क्षेत्रमा प्राविधिक तथा व्यवसायिक सिप हासिल गरी भविष्यमा आयआर्जनको मार्ग सुनिश्चत गर्ने भन्ने उद्देश्य माध्यमिक तहको शिक्षाले गर्नु पर्दछ । यस शुद्धोधन गाउँपालिकाले माध्यमिक

तहको शिक्षालाई प्रविधियुक्त, सिपमूलक, रोजगारमूलक, निशुल्क, बालमैत्री, प्रविधिमैत्री र समावेशी गराउने लक्ष्य लिएको छ ।

### ३.३.२ वर्तमान अवस्था

अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनोपयोगी, उत्पादनमूलक, प्रविधियुक्त र व्यवहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सिपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यवसायिक सिप हासिल गरेर भविष्यमा आय आर्जनको बाटो सुनिश्चित गर्ने भन्ने निर्णय माध्यमिक तहको शिक्षाले गर्नुपर्दछ । प्राविधिक र व्यवसायिक शिक्षाको धारमा जानका लागि विद्यार्थीहरुलाई कक्षा ६ देखि ८ सम्म पढाइ हुने पेसा, व्यवसाय र प्रविधि शिक्षाले प्रदान गरेको ज्ञान सिपले पनि सजिलो बनाउन सक्दछ । यसरी विद्यार्थीहरुलाई प्राविधिक वा साधारण धार छनोट गर्न र भावी जीवनका थुप्रै विषयमा निर्णय लिन उपयुक्त परामर्श पनि विद्यालयले प्रदान गर्नुपर्दछ । यिनै कुराहरुलाई ध्यानमा राखेर शुद्धोधन गाउँपालिकाले माध्यमिक तहको शिक्षालाई प्रविधियुक्त, सिपमूलक, निःशुल्क, बालमैत्री, र समावेशी गराउने नीति लिएको छ ।

माध्यमिक शिक्षामा सबै बालबालिकाको समतामूलक पहुँच पुऱ्याउन यस गाउँपालिकामा भएका तथ्यगत तथ्याङ्क निम्न अनुसार रहेको छ ।

| **क्र.सं.** | **सूचक** | **हालको अवस्था** |
|---|---|---|
| १. | माध्यमिक तह कक्षा ९ देखि १० को खुद भर्ना दर | ७३.६ |
| २. | माध्यमिक तहको कक्षा ९ देखि १० को कुल भर्ना दर | ८७.८ |
| ३. | माध्यमिक तह (कक्षा ९—१०) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.८७ |
| ४. | माध्यमिक तह कक्षा ११ देखि १२ को खुद भर्ना दर | १८.३ |
| ५. | माध्यमिक तहको कक्षा ११ देखि १२ को कुल भर्ना दर | ३५.३ |
| ६. | माध्यमिक तह (कक्षा ११—१२) मा कुल भर्ना दरमा लैङ्गिक समता सूचक | ०.७४ |
| ७. | माध्यमिक तह कक्षा ९ देखि १२ को खुद भर्ना दर | ४४.१ |
| ८. | माध्यमिक तहको कक्षा ९ देखि १२ को कुल भर्ना दर | ५९.८ |

| क्र.सं. | सूचक | हालको अवस्था |
|---|---|---|
| ९. | माध्यमिक तहको कक्षा ९—१२ मा कुल भर्ना दरमा लैङ्गिक समता सूचकाङ्क | ०.८३ |
| १० | कक्षा चढ्ने दर ९ देखि १० | ९३.१ |
| ११ | कक्षा चढ्ने दर ११ देखि १२ | ८६.६ |
| १२ | कक्षा दोहोऱ्याउने दर कक्षा ९ देखि १० | ०.४ |
| १३ | कक्षा दोहोऱ्याउने दर कक्षा ११ देखि १२ | ०.० |
| १४ | कक्षा छाड्ने दर कक्षा १ देखि ५ | ५.३ |
| १५ | कक्षा छाड्ने दर कक्षा ६ देखि ८ | ४.१ |
| १६ | कक्षा छाड्ने दर कक्षा ९ देखि १० | १.९ |
| १७ | कक्षा छाड्ने दर कक्षा ११ देखि १२ | ०.४ |
| १८ | नयाँ भर्ना दर कक्षा ९ देखि १० | ४.६ |
| १९ | नयाँ भर्ना दर कक्षा ११ देखि १२ | १२.९ |

### स्थानीय तहको माध्यमिक तहमा सेवा प्रवाहको अवस्थाः

| सामुदायिक | | | संस्थागत | |
|---|---|---|---|---|
| वडा नं | कक्षा ९—१० | कक्षा ९—१२ | कक्षा ९—१० | कक्षा ९—१२ |
| १ | ० | १ | १ | ० |
| २ | १ | १ | ० | ० |
| ३ | १ | ० | ० | ० |
| ४ | ० | १ | ० | ० |
| ५ | १ | ० | ० | ० |
| ६. | १ | ० | ० | ० |
| जम्मा | ४ | ३ | १ | ० |

**स्रोतः** ***shudhodhan EMIS dashboard 2081***

### स्थानीय तहको माध्यमिक तहमा विद्यार्थी संख्या :

| सामुदायिक | | | | संस्थागत | | |
|---|---|---|---|---|---|---|
| क्र.स | माध्यमिक | कक्षा ९—१० | कक्षा ११—१२ | माध्यमिक | कक्षा ९—१० | कक्षा ११—१२ |
| १ | ७ | १२२० | ५२२ | १ | ४३ | ० |

**स्रोतः** ***shudhodhan EMIS dashboard 2081***

### शैक्षिक वर्ष २०८१ को माध्यमिक तहमा जातिगत विद्यार्थी विवरण

| कक्षा | दलित | | जनजाति | | अन्य | | ब्राम्हण / क्षेत्री | | अपाङ्ग | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र | छात्रा | छात्र |
| ९ | ७९ | ६५ | १५० | ११६ | ७० | १४३ | ६ | ६ | ० | ४ |
| १० | ७२ | ५१ | १७१ | १२९ | ७५ | १२३ | १ | ६ | २ | १ |
| ११ | ४४ | २९ | १०८ | १०२ | ४८ | ८६ | ३ | ५ | ० | ० |
| १२ | ४ | १२ | १ | ३ | ३० | ४४ | १ | २ | १ | १ |
| जम्मा | १९९ | १५७ | ४३० | ३५० | २२३ | ३९६ | ११ | १९ | ३ | ६ |

**स्रोतः** ***shuddhodhan EMIS dashboard 2081***

## चुनौती

- माध्यमिक शिक्षालाई पूर्ण निःशुल्क गरी प्रभावकारी रुपमा अगाडि बढाउन,
- माध्यमिक तहमा विषयगत आधारमा सबै विद्यालयहरुमा स्थायी शिक्षक दरबन्दीको व्यवस्था गर्न,
- सिकारुको सिकाइमा सुधार गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न,
- प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार गर्न,
- विद्यालयको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री बनाउन,
- शिक्षकको वृत्ति विकासलाई पारदर्शी नतिजामा आधारित पुरस्कृत तथा उपचारात्मक बनाउन,
- विद्यालय शिक्षालाई समावेशी तथा समतामूलक बनाउन,
- विद्यालयमा छुट्टै प्रशासन सम्बन्धी काम गर्ने योग्यता र क्षमताका आधारमा प्र.अ.को व्यवस्था गरी सुशासनको प्रत्याभूति दिलाउन,
- प्रशासनिक कार्यलाई चुस्त दुरुत र पारदर्शी गर्नको लागि प्रत्येक तहमा कार्यरत प्र.अ.लाई प्रोत्साहन भत्ता व्यवस्था गर्न,
- विद्यालय शिक्षालाई प्रकोप, संकट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउन,
- विद्यार्थी मूल्याङ्कनलाई सिकाइको अभिन्न अङ्गको रुपमा विकास गर्न,
- विद्यालय शिक्षा पद्धतिलाई विद्यार्थीको सिकाइप्रति उत्तरदायी बनाउन,
- निःशुल्क माध्यमिक शिक्षालाई कार्यान्वयन गर्न र शिक्षाको पहुँचबाट बहिर रहेको संख्यालाई विद्यालयमा भित्र्याउन,

- विपन्न बालबालिका,अपाङ्ग, महिला, दलित,पिछडा वर्ग र लोपोन्मुख समुदायका बालबालिकालाई माध्यमिक शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न,
- माध्यमिक तहका विद्यालयलाइ प्रविधीमैत्री बनाउन,
- माध्यमिक तहका विद्यालयमा कार्यरत लेखा कर्माचारीहरुलाई तालिम प्राप्त बनाउन,
- माध्यमिक तह विशेषत कक्षा १० बाट कक्षा ११ को भर्नादर बढाउनु तथा खुद भर्ना दरलाई वृद्धि गर्नु ।

### ३.३.३ उद्देश्यहरु

- माध्यमिक शिक्षालाई निःशुल्क बनाइ सबैको पहुँच सुनिश्चित गरी गुणस्तरमा सुधार गर्नु,
- विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरणमा सुधार गरी बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,
- माध्यमिक शिक्षामा खुद भर्ना तथा टिकाउ दर बढाउनु र कक्षा छोड्ने र दोहोर्‍याउने दर घटाउनु,
- माध्यमिक तहका शिक्षकहरुलाई पेसागत क्षमता विकास गरी शिक्षण सिकाइ गुणस्तरीय बनाउनु,
- माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रदान गर्न विषयगत शिक्षकको व्यवस्था गर्नु,
- माध्यमिक तहमा शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउनु,
- सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गर्नु र प्राविधिक तथा व्यवहार कुशल सिपलाई एकीकृत गरी सिकाइ क्रियाकलाप सञ्चालन गर्नु ।

### ३.३.४ रणनीतिहरु

- विद्यालय नक्शाङ्कन मार्फत सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयहरूको पुनर्वितरण, समायोजन तथा स्थापना गर्ने ।
- निःशुल्क माध्यमिक शिक्षामा पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न क्षमता विकास गर्ने।
- माध्यमिक तह सञ्चालित प्रस्तावित विद्यालयहरुमा विद्यार्थी अनुपातको आधारमा विषयगत शिक्षकको व्यवस्था गर्ने ।
- प्रत्येक विद्यालयको शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई सुदृढ बनाउने ।
- विद्यालयको छुट्टै प्रशासनिक काम गर्ने गरी योग्यता र क्षमतामा आधारित प्र.अ. व्यवस्थापन गर्ने ।
- विद्यालयको भौतिक शैक्षिक वातावरणमा सुधार ल्याइ विद्यालयलाई बालमैत्री बनाउने ।

- आवश्यकता अनुसार शिक्षक दरबन्दी पुनर्वितरण,समायोजन तथा थप गर्ने ।
- माध्यमिक तह सञ्चालित विद्यालयहरुमा प्राविधिक तथा व्यवसायिक धारको व्यवस्था गर्ने ।
- स्थानीय तहसँग आवश्यक परामर्श र सहकार्य गरी विद्यालय शिक्षालाई दैवी प्रकोप, संकट महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने योजना तयार गरी कार्यान्वयन गर्ने ।

## ३.३.५ प्रमुख उपलब्धि तथा नतिजा

### क) उपलब्धि

माध्यमिक शिक्षामा सबैको पहुँच सुनिश्चित भइ सान्दर्भिकता र गुणस्तरमा सुधार भएको हुनेछ ।

**ख ) नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१ /०८२ | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ |
|---|---|---|---|---|---|---|---|
| १. | सबै बालबालिकालाई निःशुल्क माध्यमिक शिक्षाको पहुँच सुनिश्चत भइ खुद भर्ना तथा टिकाउ दरमा वृद्धि हुने विद्यार्थी %मा | ३८ | ४५ | ५० | ५५ | ६० | ६५ |
| २. | माध्यमिक विद्यालयले आधारभूत मापदण्ड पूरा गरेको विद्यालय संख्या | ० | | १ | १ | १ | `१ |
| ३. | माध्यमिक शिक्षाको सान्दर्भिकता र गुणस्तरमा | ० | १ | १ | | १ | |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| | अभिवृद्धि हुने विद्यालय संख्या | | | | | | |
| ४. | पाठ्यक्रम तथा पाठ्यसामग्रीको उपलब्धता, उत्प्रेरित शिक्षकको व्यवस्थापन, प्रविधिको समुचित प्रयोग, र उचित सिकाइ वातावरणको निर्माण भएको हुने विद्यालय संख्या | ० | १ | १ | १ | १ | १ |
| ५. | माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाइ उपलब्धि हासिल गरेको हुने विद्यालय संख्या | २ | २ | १ | १ | १ | १ |
| ६. | माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाइ उपलब्धिमा | ० | १ | ० | १ | ० | १ |

| क.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| | लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका समता सूचकमा सुधार हुने विद्यालय संख्या | | | | | | |
| ७. | माध्यमिक विद्यालयहरू प्रकोप,सङ्कट तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील हुने, विद्यालय संख्या | ० | १ | १ | १ | १ | १ |
| ८. | सूचना तथा सञ्चार प्राविधिको उपयोग भइ विद्यार्थीको सिकाइमा सहयोग पुगेको हुने विद्यालय संख्या | | १ | | १ | | १ |
| ९. | माध्यमिक तहको शिक्षामा सुशासन कायम | ३ | ३ | ३ | ३ | ३ | ३ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/०८२ | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ |
|---|---|---|---|---|---|---|---|
| | हुने विद्यालय संख्या | | | | | | |
| १०. | माध्यमिक तहमा गुणस्तरीय शिक्षा प्रवाह हुने | ३ | ३ | ३ | ३ | ३ | ३ |

## ३.३.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | सबै प्रकार र तहका विद्यालय नक्शाङ्कन, समायोजन र पुनर्वितरण कार्यक्रम सञ्चालन | विद्यालय | ० | १ | ० | १ | ० | २ |
| २ | सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | पटक | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | शिक्षक संख्या | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| ५ | सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत विद्यालय सहयोगी कर्मचारीहरूका लागि तलब भत्ता (पोसाक भत्ता सहित) | संख्या | ८ | ८ | ८ | ८ | ८ | ४० |
| ६ | सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता (पोसाक र भत्ता सहित) | जना | ६ | ७ | ७ | ७ | ७ | ३४ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ७ | माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि सञ्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिका सामग्री, कम्तिमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुविधा, शुद्ध पिउने पानी, विद्युत महशुल, आदि) | जना | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| ८ | माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | विद्यालय | ७ | ७ | ७ | ७ | ७ | ३५ |
| ९ | माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | विद्यार्थी संख्या | १२२८ | १३३९ | १४५३ | १५९० | १६२३ | ७२३३ |
| १० | माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिब र वितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | विद्यार्थी सङ्ख्या | ६२५ | ६५० | ६६० | ६७५ | ६९० | ३३०० |
| ११ | माध्यमिक तहका विद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | विद्यार्थी सङ्ख्या | ६९ | १०० | ११० | १२५ | १३५ | ५३९ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १२ | माध्यमिक तहका विद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिविपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | विद्यार्थी | ० | १५ | २० | २५ | ३० | ९० |
| १३ | कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | जना | १०२१ | १०५१ | १०३७ | १००९ | १०४४ | ५१६२ |
| १४ | माध्यमिक विद्यालय तहमा पुस्तकालय स्थापना र सञ्चालन बजेट अनुदान | विद्यालय | १ | २ | २ | १ | | ६ |
| १५ | माध्यमिक विद्यालय तहमा विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन बजेट अनुदान | विद्यालय | | १ | | १ | | २ |
| १६ | माध्यमिक विद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाइ सामग्री र सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| १७ | नमुना विद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक विद्यालयमा Master Plan कार्यान्वयन (पुस्तकालय व्यवस्थापन, ICT र विज्ञान प्रयोगशाला, सामग्री र किट्सहरू, आदि) का लागि बजेट अनुदान | विद्यालय | १ | ० | ० | ० | ० | १ |
| १८ | कक्षा ९-१२ मा प्राबिधिक धार सञ्चालन का लागि पहल गर्ने | विद्यालय | ० | ० | १ | ० | ० | १ |
| १९ | सिकाइ उपलब्धि कमजोर भएका बालबालिकाहरू लक्षित सिकाइ सहयोग कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २० | अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| २१ | विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ |
| २२ | शैक्षिक मेला को आयोजना | पटक | १ | १ | १ | १ | १ | ५ |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

### ३.४.१ परिचय

कामसँग शिक्षालाई जोड्नु र दक्ष जनशक्तिलाई राष्ट्र निर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । शिक्षाले विकासलाई निकास दिन सक्नुपर्छ । त्यस्तो परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । प्राविधिक शिक्षालाई स्थापना नगरी गरिने शिक्षाबाट केबल शिक्षित बेरोजगार मात्र उत्पादन हुन्छन् । हाम्रो शिक्षा प्रणालीलाई संरचना रुपमा बदल्न र शिक्षाबाट जीवन यापनामा सहयोग पुऱ्याउन प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्त्व झन् बढेको पाइन्छ । हाम्रो गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम् उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुन्छ । प्राविधिक तथा व्यवसायिक सिप विकास गरी गाउँपालिकामा हरेक प्राविधिक क्षेत्रमा सु-निश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा गाउँपालिका. समृद्ध बन्ने कुरामा कुनै दुई मत रहन्न ।

शिक्षालाई सिप, सिपलाई रोजगार र रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगार भिड थेग्न थप चुनौति हुने देखिन्छ । नेपालमा सिप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाको वस्तुहरूको उत्पादन लिच्छवीकालदेखि नै भएको पाइन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको सुरुवात वि.सं. १९९९ सालमा स्थापित प्राविधिक तालिम शिक्षालय (हालको पुलचोक इन्जिनियरिङ कलेज) बाट भएको हो । सघन रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न वि.सं. २०६८/०६९ देखि भएको हो । हाल नेपाल सरकार शिक्षा विभाग र प्राविधिक तथा व्यवसायिक तालिम परिषद् (CTEVT) ले प्राविधिक तथा व्यवसायिक धारका विद्यालयहरू सञ्चालन गरिहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ ।

### ३.४.२ वर्तमान अवस्था

अनिवार्य आधारभूत शिक्षा अन्तर्गत सबै बालबालिकाले कक्षा ८ सम्मको गुणस्तरीय शिक्षा प्राप्त गरिसकेपछि विद्यार्थीको रुचि र क्षमता अनुसार माध्यमिक तहमा प्राविधिक वा साधारण धारको शिक्षा छनोट गर्ने अवसर प्रदान गर्नुपर्दछ । यस तहको शिक्षालाई जीवनउपयोगी, उत्पादनमुलक, प्रविधियुक्त र व्यवहारिक बनाउनु पर्दछ । आधारभूत तहमा विद्यार्थीले हासिल गरेको भाषिक र गणितीय सिपको उपयोग गरेर आफ्नो रुचि र क्षमता अनुसार विद्यार्थीले साधारण शिक्षाको लाइन लिएर विभिन्न विषयमा उच्च शिक्षा हासिल गर्ने लक्ष्य लिने वा विभिन्न किसिमका प्राविधिक र व्यवसायिक सिप हासिल गरेर भविष्यमा आय अशिक्षाले गरिखाने सिप सिकाउन

सकेन र शिक्षालयहरु बेरोजगार उत्पादन गर्ने थलोमात्र भए भन्ने गुनासो अहिले सर्वत्र सुनिने गरेको छ । यस्ता गुनासोहरुलाई सम्बोधन गर्न माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको व्यवस्था गरिनुका साथै प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषदले एनेक्स कार्यक्रम मार्फत सामुदायिक विद्यालयहरुमा विभिन्न विषयको प्राविधिक शिक्षा कार्यक्रमहरु सञ्चालन गरिरहेको छ । तर प्राविधिक तथा व्यवसायिक शिक्षाका यस्ता अवसरहरु सीमित भएको, उत्पादित जनशक्ति जागिर खोज्ने खालको मात्र भएको, आफैले केही गर्न पुँजी लगायत अन्य अवरोधहरु रहेको, रोजगारदाताको अभाव भएको जस्ता गुनासोहरु पनि सुनिन थालेका छन् । अर्कातिर कक्षा ६–८ को पाठ्यक्रममा राखिएको पेसा, व्यवसाय र प्रविधि शिक्षाको पढाइलाई व्यवहारिक बनाउने र विद्यार्थीहरुमा पेसा, व्यवसाय र प्रविधिप्रति रुचि जगाएर नरम सिपको विकासमा जोड दिनुपर्ने कुराप्रति भने विद्यालयहरु त्यति सजग भएको देखिदैन । यस्तो अवस्थामा कक्षा ८ देखि १२ सम्म उत्तीर्ण गरेका र माथिल्लो तहको शिक्षामा जान आर्थिक र बौद्धिक क्षमता तथा रुचि र चाहनाका कारण असक्षम र अनिच्छुक विद्यार्थीहरु अलमलमा पर्ने गरेको देखिन्छ । त्यस्तै आवश्यकताका आधारमा व्यक्तिहरुका लागि गाउँपालिकाले रोजगारमूलक सिप सिक्ने अवसर प्रदान गर्नुपर्दछ भन्ने मान्यताका साथ यस योजनामा कार्यक्रम राखिएको हो ।

**समस्या र चुनौतीहरू**

१. पालिकाभित्र प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्बाट सञ्चालित विद्यालय (एक) रहेको तर कक्षा ९-१२ सञ्चालित प्राविधिक धारको विद्यालय नहुँदा प्राविधिक शिक्षाको पहुँचमा कमी,
२. प्राविधिक शिक्षा र तालिमका लागि आवश्यक स्रोत साधन, जस्तै लगानी , आधुनिक उपकरण र सामग्रीको अभाव,
३. उद्योग र बजारको आवश्यकतासँग मेल खाने पाठ्यक्रमको अभावले तालिम प्राप्त युवाहरूको रोजगारीमा समस्या,
४. स्थानीय समुदायको प्राविधिक शिक्षा र व्यवसायिक तालिमप्रतिको चासो र संलग्नतामा कमी,
५. व्यवसायिक तालिमका लागि आवश्यक आर्थिक सहयोग र प्रोत्साहनको कमी,

### ३.४.३ उद्देश्यहरू

१. प्राविधिक तथा व्यावसायिक शिक्षा तथा सिप विकासमा पहुँच अभिवृद्धि गर्नु,
२. स्थानीय तहमा प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकासका अवसर सृजना गर्न संयन्त्र विकास गर्नु,
३. प्राविधिक तथा व्यवसायिक शिक्षा तथा सिप विकासका अवसरहरूलाई सान्दर्भिक, उपयोगी र गुणस्तरीय बनाउनु ।

### ३.४.४ रणनीतिहरू

१. स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको अवसर सृजना गर्ने,
२. बहुप्राविधिक शिक्षालय/तालिम केन्द्रहरूको स्थापना, सञ्चालन, तथा नियमन गर्ने,
३. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको गुणस्तर, प्रभावकारिता र पहुँच बढाउनको निम्ति सरोकारवालाहरूसँग समन्वय गर्ने,
४. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपको क्षेत्रमा सक्षम जनशक्ति तयार गर्ने,
५. प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपमा व्यापार तथा उद्योग क्षेत्रको सहभागिता बढाउन प्रोत्साहन गर्ने,
६. आय आर्जन गर्ने खालका क्रियाकलापको माध्यमबाट आत्मनिर्भर हुनको निम्ति संस्थागत क्षमता बढाउने,
७. पिछडिएका क्षेत्र, महिला, आदिवासी/जनजाति, दलित, अपाङ्गता भएका नागरिक एवम् आर्थिक रूपले विपन्न समुदाय र वर्गको पहुँच बढाउन आवश्यक कार्यक्रमहरूको व्यवस्था गर्ने,
८. विद्यार्थीहरूलाई प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका अवसर उपलब्ध गराउनका लागि सम्बन्धित संस्थाहरूसँग समन्वय तथा सहकार्य गर्ने,
९. स्थानीय तहमा सञ्चालित प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप प्रदायक संस्थाहरूको सञ्चालनमा आवश्यक सहयोग उपलब्ध गराउने।

### ३.४.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

उत्पादनशील जनशक्तिले आवश्यकताअनुसारका प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रहरूमा पर्याप्त दक्षता हासिल गरी उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका क्षेत्रबाट आर्थिक स्तर सुधार गरेको हुने ।

**नतिजा तथा परिमाणात्मक लक्ष्यः**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय तहमा प्राविधिक तथा व्यावसायिक शिक्षा र सिपका क्षेत्रमा उत्पादनशील जनशक्तिले | १ | १ | १ | २ | २ | २ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| | आवश्यकता अनुसारका प्राविधिक तथा व्यावसायिक सिपका क्षेत्रहरूमा पर्याप्त अवसर प्राप्त गरेको हुने विद्यालय संख्या | | | | | | |
| २ | स्थानीय तहमा बहुप्राविधक शिक्षालय/प्राविधक धारका माध्यमिक विद्यालयहरूको स्थापना भइ सञ्चालन हुने विद्यालय संख्या | ० | ० | ० | १ | १ | १ |
| ६ | खोज, नवप्रवर्तन तथा उद्यमशीलतामा अभिवृद्धि भएको विद्यालय | ० | ० | ० | ० | १ | १ |
| ८ | उत्पादनशील, रोजगारी, स्व-रोजगारी र जीविकोपार्जनका अवसरमा वृद्धि हुने विद्यार्थी संख्या | ० | ० | ० | ० | ० | १ |
| ९ | प्राविधिक तथा व्यावसायिक शिक्षा | ० | ० | ० | ० | १ | १ |

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| | तथा सिपका क्षेत्रमा सार्वजनिक, निजी तथा सामुदायिक सहभागितामा लगानी अभिवृद्धि हुने विद्यालय संख्या | | | | | | |

## ३.४.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | बहुप्राविधिक शिक्षालयको स्थापना | विद्यालय | ० | ० | १ | ० | ० | १ |
| २ | रोजगार परामर्श सेवा | विद्यालय | १ | १ | १ | १ | १ | ५ |
| ३ | स्वरोजगार प्रवर्धन कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ |
| ४ | प्राविधिक तथा व्यावसायिक विद्यालय | सङ्ख्या | ० | १ | ० | ० | १ | २ |
| ५ | प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | वटा | ० | ० | १ | १ | १ | ३ |
| ६ | युवाहरुलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ |
| ७ | प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशीलता विकासका लागि कार्यक्रम | पटक | ० | १ | १ | १ | १ | ४ |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

### ३.५.१ परिचय

औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानव जीवनका लागि आवश्यक ज्ञान, सिप र प्रक्रियाको प्रशोधन गर्ने जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि विभिन्न लक्ष्य बनाइ सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता, साक्षरका लागि साक्षरोत्तर, सिकाइ अवसरका लागि स्तरवृद्धि, शिक्षासँग सिप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिले अवलम्बन गरेको सिद्धान्त, दिगो विकासका लक्ष्य ४ तथा आवधिक योजनाले अपेक्षा गरेको, प्रत्येक नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँगै अनौपचारिक शिक्षा प्रणालीले योगदान गर्दछ । सबैका लागि गुणस्तरीय शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर दिगो विकासको मूल मर्म रहेकोले विगतको साक्षरताका कार्यक्रमवाट साक्षर बनेका नवसाक्षरहरूका लागि मागमा आधारित निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइ अवसर उपलव्ध गराउनुपर्दछ। विशेष गरी शिक्षाको औपचारिक संरचना बाहिर ठूलो सङ्ख्यामा रहेका युवा, महिला र प्रौढहरूका लागि कार्यमूलक साक्षरता, आयआर्जन, समूह साझेदारी **Digital Literacy** लगायतका कार्यक्रमहरू सञ्चालन गर्न सकिन्छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक बनाइ अनौपचारिक, वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाइ संस्कृतिको विकास गर्नु, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिका लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने उद्देश्य निर्धारण गरेको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । सामुदायिक सिकाइ केन्द्रको सञ्चालन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७८ जस्ता नीतिगत व्यवस्था गरिएको छ ।

### ३.५.२ वर्तमान अवस्था

सिकाइलाई जीवनपर्यन्त चलिरहने प्रकृयाका रुपमा लिने गरिन्छ । मानिसहरु औपचारिक, अनौपचारिक र अनियमित पद्धतिको माध्यमबाट जीवनजगत र वातावरणमा अन्तरक्रिया गर्दै अनुभवहरु हासिल गर्दछन् र केही न केही नयाँ कुराहरुको सिकाइ पनि भइ नै रहेको हुन्छ । तर हाम्रो समाजमा निश्चित उमेर, समय र स्थानमा सञ्चालन गरिने औपचारिक शिक्षालाई मात्रै सिकाइ मान्ने चलन रहेको छ र त्यस्तो औपचारिक शिक्षाबाट

विभिन्न कारणले बञ्चित भएका मानिसहरु 'उमेरमा पढ्न पाइएन' भन्दै पश्चाताप गरेको पनि सुन्न पाइन्छ । त्यस्ता मानिसहरुमा इच्छा र जाँगर भए जीवनभर सिकाइमा सक्रियतापूर्वक संलग्न रहन पाइन्छ भन्ने भावनाको विकास गर्न सकिएमा समृद्ध र सभ्य समाजको निर्माणमा सहयोग पुग्न सक्दछ । यसै कुरालाई मध्यनजर गर्दै शुद्धोधन गाउँपालिकाले निर्माण गरेको शिक्षा योजनामा अनौपचारिक र जीवनपर्यन्त शिक्षालाई प्राथमिकताका साथ व्यवस्था गरिएको छ ।

विगतमा सञ्चालन भएका अनौपचारिक शिक्षा कक्षाको माध्यमबाट यस गाउँपालिकालाई साक्षर गाउँपालिका घोषणा गरिएको छ । २०७८ सालको जनसंख्यालाई आधार मानी कार्यक्रम सञ्चालन पश्चात साक्षरता प्रतिशत ६७.३ प्रतिशत रहेको छ । बसाइ सराइ लगायत उमेर समूहको जनसंख्या थपिने सँगैसँगै निरक्षरहरुको संख्या वृद्धि हुने सम्भावना रहन्छ भने अर्कोतिर साक्षरता शिक्षा लिइसकेकाहरुलाई निरन्तरता दिनका लागि निरन्तर शिक्षाको आवश्यकता हुन जान्छ ।

जीवनपर्यन्त शिक्षाको महत्त्व मानिसहरुलाई बुझाउनका लागि साक्षरताका सिपहरुलाई दैनिक जीवनका क्रियाकलापहरुसँग सम्बन्धित गराएर त्यसबाट कसरी जीवनस्तरमा सुधार ल्याउन सकिन्छ भन्ने कुरामा सम्बन्धित व्यक्तिलाई राम्रोसँग सुसूचित गराउनु आवश्यक हुन्छ । पढाइ, लेखाइ र सामान्य गणितीय सिपको सहयोगले कृषि, घरेलु उद्यम, व्यापार, पशुपालन लगायत धेरै प्रकारका पेसा व्यवसाय सञ्चालनमा ठुलो सहयोग हुन सक्ने र यसबाट आय आर्जनमा बृद्धि गरी जीवनस्तरमा सुधार ल्याउन सकिने हुँदा स्थानीय स्तरकै उदाहरण सहितका सामग्रीहरुको निर्माण गरी सिकारुका अनुभवहरुलाई उपयोग गर्ने गरी जीवनपर्यन्त सिकाइलाई मूर्तरुप दिन योजना निर्माण गरिएको छ । गाउँपालिकाभित्र अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सिपहरुको परीक्षण र प्रमाणीकरण गर्नु चुनौतिका रुपमा रहेको छ ।

**पाँच वर्ष र पाँच वर्ष भन्दा माथिको साक्षरता विवरण**

| उमेर | जम्मा जनसंख्या | पढ्न लेख्न दुवै जानेको | | पढ्न मात्र जानेको | | पढ्न लेख्न दुवै नजानेको | | उल्लेख नगरिएको | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला |
| 05 Year | १३७८ | ५३३ | ४९८ | १७ | १८ | १५२ | १५३ | ४ | १ |
| 06 Year | १३१५ | ५८० | ५१० | १७ | १६ | ९३ | ९६ | २ | १ |
| 07 Year | ११३२ | ४९२ | ५१० | २३ | १६ | ४५ | ४५ | १ | ० |
| 08 Year | १५५१ | ६८९ | ६८१ | १६ | १४ | ६६ | ८२ | १ | २ |
| 09 Year | ९६९ | ४८१ | ४०४ | १५ | १० | ३५ | २३ | १ | ० |
| 10 Year | १६६२ | ८४२ | ७१० | ११ | ११ | ५५ | ३३ | ० | ० |
| 11 Year | ९१९ | ४७५ | ३९९ | २ | ५ | १७ | २० | ० | १ |
| 12 Year | १५१७ | ७४५ | ६८९ | ५ | ५ | ३७ | ३६ | ० | ० |
| 13 Year | ११८२ | ५२९ | ६०३ | २ | ५ | २३ | २० | ० | ० |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| 14 Year | १२३१ | ५५९ | ६१२ | २ | १ | २७ | ३० | ० | ० |
| 15 Year | १३०१ | ६०६ | ६०८ | १ | ० | ३६ | ४९ | ० | १ |
| 16 - 19 Years | ४७९४ | २२८२ | २०७० | २ | २ | १८७ | २५१ | ० | ० |
| 20 - 24 Years | ४९४८ | २०२६ | २०४८ | १ | ७ | २५४ | ६१२ | ० | ० |
| 25 - 29 Years | ३९८० | १५१६ | १२८५ | १ | ४ | ३१० | ८६४ | ० | ० |
| 30 - 34 Years | ३५०१ | ११५६ | ८६५ | ३ | ८ | ३४५ | ११२३ | १ | ० |
| 35 - 39 Years | ३१७७ | १०३१ | ४७८ | ३ | ३ | ४३४ | १२२८ | ० | ० |
| 40 - 44 Years | २४३२ | ७३७ | ३१५ | ४ | ४ | ४०१ | ९७१ | ० | ० |
| 45 - 49 Years | १८६९ | ५६४ | १८५ | २ | १ | ३५४ | ७६३ | ० | ० |
| 50 - 54 Years | १९५३ | ५०० | १६१ | २ | ४ | ३९१ | ८९५ | ० | ० |
| 55 - 59 Years | १५८६ | ३९१ | ९६ | १ | २ | ४६४ | ६३२ | ० | ० |
| 60 - 64 Years | १२८५ | २५० | ७७ | १ | ० | ३७६ | ५८१ | ० | ० |
| 65 - 69 Years | १२७७ | २३८ | ४४ | ३ | १ | ४११ | ५७८ | १ | १ |
| 70 - 74 Years | १०१० | १४७ | २९ | ० | १ | ३७७ | ४५६ | ० | ० |
| 75+ Years | ६५४ | ९२ | १८ | ० | ० | २५६ | २८८ | ० | ० |
| कुल जम्मा | ४६६२३ | १७४६१ | १३८९५ | १३४ | १३८ | ५१४६ | ९८२९ | ११ | ७ |

स्रोत : जनगणना २०७८

माथि उल्लेखित तथ्याङ्कको अधारमा यस शुद्धोधन गाउँपालिका मा ५ वर्ष माथिका जम्मा ४६६२३ मध्ये जम्मा ३१३५६ जनाले पढ्न र लेख्न जानेका छन् | जनगणना २०७८ को तथ्याङ्क अनुसार शुद्धोधन गाउँपालिकाको कुल जनसंख्या मध्ये ३२.७ % जनसंख्या अझै निरक्षर रहेको अवस्था छ | आधारभूत तथा माध्यमिक शिक्षाको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएसँगै स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । शिक्षा क्षेत्र एउटा सिङ्गै पाटोको रुपमा रहेको अनौपचारिक शिक्षा तथा आजीवन सिकाइले नत व्यक्तिगत रुपमा नत संस्थागत र प्रणालीगत रुपमा नै क्षमता विकास गर्ने विषयले महत्व पाएको देखिन्छ। सबै युवाहरुका लागि खुला तथा दूर शिक्षाको अवसर उपलब्ध गराउन सकिएको छैन। सामुदायिक सिकाइ केन्द्रलाई अपेक्षित रुपमा सुदृढीकरण तथा व्यवस्थापन गर्न सकिएको छैन । त्यसैगरी आवश्यकता अनुरुप आजीवन सिकाइका अवसरहरु विस्तार गर्न सकिएको छैन ।

उल्लिखित विश्लेषणको आधारमा देहाय बमोजिमका चुनौतीहरु पहिचान गरिएको छः

१. साक्षर गाउँपालिका घोषणा गरिएको भए तापनि निरक्षरहरुको संख्या रहिरहनु,
२. आनौपचारिक शिक्षा तथा आजीवन सिकाइको सहज र सर्वसुलभ पहुँच सुनिश्चित नहुनु ,
३. नवसाक्षरहरुलाई साक्षरोत्तर र निरन्तर शिक्षा एवं आय आर्जनका कार्यक्रममा लगाउन नसकिनु,
४. मौलिक तथा पुस्तौनी ज्ञान तथा सिपको पहिचान, संरक्षण प्रवर्धन गर्न नसक्नु ,
५. औपचारिक शिक्षा र अनौपचारिक शिक्षाका कार्यक्रमहरुमा सहसम्बन्ध कायम गर्न नसकिनु ,
६. युवा तथा प्रौढहरुमा कार्यमूलक साक्षरता, पढ्ने बानीको कमी र डिजिटल साक्षरताको कमी,
७. अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक सिकाइको अवसरलाई एकीकृत सिकाइ प्रणालीका रुपमा संस्थागत विकास हुन नसक्नु ,
८. साक्षरता, निरन्तर सिकाइ, आयमूलक सिप, समयसापेक्ष सूचना प्रविधियुक्त कार्यमूलक सिकाइ तथा समकक्षताको व्यवस्था हुन नसक्नु ,
९. अनौपचारिक तथा निरन्तर शिक्षा, खुला तथा वैकल्पिक शिक्षाका लागि मापदण्ड अनुकूल पाठ्यक्रम, पाठ्यपुस्तक तथा थप सिकाइ सामग्री विकास हुन नसक्नु ,

### ३.५.३ उद्देश्य

१. सामुदायिक सिकाइ केन्द्रको आवश्यकताअनुसार स्थापना गरी अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका कार्यक्रमहरु सञ्चालन गर्ने ,
२. अनौपचारिक तथा निरन्तर एवं जीवनपर्यन्त शिक्षाको विकास तथा विस्तार गरी डिजिटल साक्षरता र आयआर्जनमा सहयोग गर्ने ,
३. आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्दै समाजमा पछाडि परेको वर्गलाई मूलधारमा ल्याउने ,
४. आजीवन सिकाइ संस्कृति सापेक्ष अनौपचारिक शिक्षा तथा आजीवन सिकाइका लागि एकीकृत प्रणालीमा आधारित संस्थागत सुदृढीकरण गर्ने ,

### ३.५.४ रणनीतिहरु

१. सामुदायिक सिकाइकेन्द्रको आवश्यकताअनुसार स्थापना गरी अनौपचारिक शिक्षाका कार्यक्रम सञ्चालन गर्न प्रोत्साहन गर्ने,
२. गाउँपालिकाभित्र पुनः घरधुरी सर्वेक्षण गरी साक्षर निरक्षरको अवस्था पहिचान र अभिलेखीकरण गर्ने,
३. साक्षरता तथा निरन्तर शिक्षाका कार्यक्रम सञ्चालन गर्न सङ्घीय सरकार, प्रदेश सरकार र अन्य सङ्घ संस्थासँग सहकार्य र साझेदारीमा कार्यक्रम सञ्चालन गर्ने,
४. नवसाक्षर, प्रौढ महिला तथा पुरुषहरुलाई आयआर्जनका कार्यक्रमसँग जोडी आत्मनिर्भर र व्यावसायिक बनाउन सहयोग गर्ने,

५. मौलिक एवम् परपरागत ज्ञान तथा सिपको पहिचान, संरक्षण, प्रवर्धन, आधुनिकीकरण एवम् हस्तान्तरण सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने,
६. तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरु र भाषिक विविधता अनुरुपका डिजिटल सिकाइ सामग्री विकास, सिकाइ परीक्षण र प्रमाणीकरणका लागि आवश्यक प्रबन्ध गर्ने,
७. गाउँपालिकाले सामुदायिक सिकाइ केन्द्रलाई आधारभूत सुविधा सम्पन्न विद्युतीय पुस्तकालय, सामुदायिक सूचना केन्द्र सञ्चालन र सेवा प्रवाह गर्ने बहुद्देश्यीय संयन्त्रको रुपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइ थलोको रुपमा विकास गर्ने,
८. अन्तर सरकार अन्य सरोकारवालाहरुबीच समन्वय, सहकार्य र साझेदारीमा वैकल्पिक शिक्षा सञ्चालनका निमित्त सामुदायिक संरचना तथा जनशक्तिको उपयोग सम्बन्धी नीति तयार गरी कार्यान्वयन गर्ने।

### ३.५.५ उपलब्धि नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्यहरु

**क) उपलब्धि**

सबै नागरिकहरुले साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त गरेका हुनेछन् ।

***ख) नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको स्थापना | ५ | ६ | ६ | ६ | ६ | ६ |
| २ | आधारभूत सुविधासम्पन्न सामुदायिक सिकाइ केन्द्रको सङ्ख्या | ३ | ४ | ५ | ६ | ६ | ६ |
| ३ | सामुदायिक पुस्तकालयको सङ्ख्या | ० | ० | १ | ० | ० | १ |

## ३.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-संस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गरी लागु गर्ने | पटक | 0 | १ | 0 | 0 | 0 | १ |
| २ | स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सञ्चालन | पटक | १ | २ | १ | १ | १ | ६ |
| ३ | अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सञ्चारका साधनहरूको उपयोग (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासमबन्धी विषयवस्तुहरुको विकास, वितरण र प्रचारप्रसार गर्ने) | पटक | ० | १ | १ | १ | १ | ४ |
| ५ | स्थानीय तहको प्रत्येक वार्डमा सञ्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सन्चालन गर्ने | केन्द्र | ० | ५ | ५ | ५ | ५ | २० |
| ६ | हाल सञ्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थप गरी सवलीकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सञ्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सूचना | केन्द्र | १ | २ | १ | १ | १ | ६ |

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| | व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याङ्क विवरण तयार गर्ने | | | | | | | |
| ७ | CLC परिचालकहरुको क्षमता अभिवृद्धि/तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० |
| १० | घरधुरी सर्वेक्षण तथा निरक्षर व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ |
| १२ | शैक्षिक पहुँच सुनिश्चित गर्न बैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |

# परिच्छेद ४

## अन्तरसम्बन्धित विषय तथा क्षेत्र

### ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

#### ४.१.१. परिचय

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । पाठ्यक्रम सिकाइको समस्त तथा बृहत योजना हो । यो बदलिँदो समाज अनुसार परिवर्तित र परिमार्जित हुदै जाने निरन्तर प्रक्रियाको रुपमा काम गर्छ । तसर्थ पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो । पाठ्यक्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सिप तथा अभिवृद्धिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकूल समयोजन हुन, रोजगारी प्राप्त गर्न, पेसा व्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक क्रियाकलापमा संलग्न हुन सहयोग पुग्दछ । पाठ्यक्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारुकेन्द्रित र तथ्यपरक हुनुपर्दछ । वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य-मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सिप तथा परिवेश अनुकूल पाठ्यक्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो । विद्यालय पाठ्यक्रमको दस्तावेजीकरण विकास वि.सं.२०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनादेखि प्रारम्भ भएको पाइन्छ । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.सं.२०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास र कार्यान्वयन गर्ने परिपाटी सुरु गरिएको छ । यसैक्रममा विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ तयार भइ हालसम्म विद्यालय तहका सबै कक्षाहरूमा कार्यान्वयन रहेको छ । आधारभूत तह १-३, ४-५ र ६-८ लागि अलग अलग पाठ्यक्रम निर्माण

गरी कार्यान्वयनमा ल्याइएको छ । यसैगरी माध्यमिक तह कक्षा ९-१०र कक्षा ११-१२ मा पनि छुट्टा छुट्टै पाठ्यक्रम तयार गरी कार्यान्वयनको प्रक्रिया अगाडि बढाइएको छ ।विद्यालयको पाठ्यक्रमलाई सान्दर्भिक बनाउन कक्षा १-३ मा अन्तरसम्बन्धित विषयवस्तुलाई स्वीकृत गरिएको, व्यवहारकुशल तथा जीवनोपयोगी सिप समावेश हुने गरी सिकाइ क्रियाकलाप रणनीति बनाइएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा,इतिहास, परम्परा, सिप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराइ सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था रहेको छ । पाठ्यक्रममा सान्दर्भिक र व्यवहारिक बनाउन प्रयोगात्मक कार्य, परियोजना कार्य वा सामुदायिक लगायतका व्यवहारिक अभ्यासमा यथेष्ट जोड दिइएको छ। पाठ्यक्रमको गहन उद्देश्यलाई पूरा गर्न तथा सैद्धान्तिक ज्ञानलाई व्यवहारिक र प्रयोगात्मक सिपमा रुपान्तरण गर्न सह क्रियाकलाप/अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ। आदर्श मानव तयार पार्ने उद्देश्यले पूर्वी दर्शनका वेद, योग, संस्कृत भाषा, सस्कृत व्याकरण जस्ता विषयहरू समावेश गरिएका छन् भने स्थानीय परिवेश अनुसार आयुर्वेद, जडिबुटी जस्ता विषयहरू स्थानीय पाठ्यक्रममा समावेश गर्नुपर्ने देखिन्छ । विद्यालयमा प्रदान गरिने शिक्षा सैद्धान्तिक साथै व्यवहारिक पनि हुनु पर्ने देखिन्छ । पठन पाठनलाई वास्तविक जीवनसँग मेल खाने गरी समावेश गर्न पर्ने देखिन्छ । व्यवसायिक शिक्षा, स्वास्थ्य शरीरिक र वातावरण शिक्षा, सृजनशील तथा अभिव्यक्तशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नृत्य, संगीत, धर्म तथा संस्कृति जस्ता मौलिक विषयहरू संलग्न गरी पाठ्यक्रमलाई सन्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ । विद्यालय तहको पाठ्क्रमलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा वा बहुभाषा प्रयोग गरी सिकाइ सहजीकरण गर्ने, सूचना तथा सञ्चार प्रविधिलाई जीवनोपयोगी तथा व्यवहारकुशल सिपका रूपमा एकीकृत गर्ने प्रयास भएको छ । विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिएको छ । माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ । पाठ्यक्रमका विषयवस्तुहरू सहज ढङ्गले शिक्षण गर्न विभिन्न सन्दर्भ सामग्रीहरू तथा शिक्षक निर्देशिका तयार गरिएका छन् । त्यस्ता सामग्रीहरु पुस्तकको रुपमा उपलब्ध हुनुको साथै डिजिटल रुपमा पनि पाठ्यक्रम विकास केन्द्रको वेभसाइटमा राखिएको छ । मातृभाषाका पाठ्य सामग्रीहरू पनि तयार गरिएका छन् । पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न स्टेम शिक्षाको अवधारणालाई पाठ्यक्रममा समावेश गरिएको छ। स्टेम भनेको विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयका ४ विशिष्ट विधामा विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रम हो । जसले विद्यार्थीलाई अनुसन्धानमुखी बनाइ विविध प्रकारका समस्याहरू समाधान गर्न सहयोग पुऱ्याउँदछ । साथै उनीहरूमा रचनात्मकता, तार्किक

सोच, विश्लेषणात्मक सिप, नवप्रवर्तन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुन जान्छ। तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित जस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बढाइएको छ । स्टेमले मूलतः अनुसन्धानमा आधारित मानिसको दैनिक जीवनसँग जोडिएको विषय सिकाउँछ । जसले गर्दा सिकारु कामको वास्तविक संसारसँग जोडिन्छ र प्रतिस्पर्धात्मक बजारमा खरो रूपमा उत्रिन सक्दछ । विद्यालय तहको नयाँ पाठ्यक्रममा थुप्रै कुराहरू सकारात्मक हुँदाहुँदै पनि कार्यान्वयनको पाटोमा थुप्रै चुनौतीहरू रहेका छन् । नयाँ पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेसागत सहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री विकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र परिमार्जनमा सरोकारवालाको अर्थपूर्ण सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अध्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिक धारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृति अनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार तथा बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेका चुनौतीहरू हुन् ।

### ४.१.२ वर्तमान अवस्था

शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो । नेपालमा वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा पहिलोपटक पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु भएको थियो । समयको मागसँगै वि.सं. २०७६ सालमा विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारूप तयार गरी सोही वर्ष लागु गरियो वि.सं. २०७८ मा कक्षा २,३, ६ र १२, मा पाठ्यक्रम कार्यान्वयन भएको छ भने अन्य कक्षाहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ अनुसार निर्माण गरिएका पाठ्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा नयाँ पाठ्यक्रम लागु भइसकेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूपको पाठ्यक्रममा कक्षा १-३ सम्म अन्तरसम्बन्धित विषयहरूलाई एकीकृत गरिएको छ । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिए तापनि कक्षा १-३ सम्म

५ कार्य घण्टा र ४ कार्य घण्टा बराबरको मातृभाषा, स्थानीय विषय वा संस्कृत विषयको पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी लागु गर्ने व्यवस्था गरिएको छ । स्थानीय पाठ्यक्रम **हाम्रो शुद्धोधन कक्षा १-८** निर्माण गरी शैक्षिक सत्र २०८० बाट सबै सामुदायिक, धार्मिक र संस्थागत विद्यालयमा पाठ्यक्रम कार्यान्वयन गरिएको छ ।

मूल्याङ्कन सम्बन्धी नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहेको छ । कक्षा ४-८ मा ५०% आन्तरिक र ५०% अन्तिम मूल्याङ्कनबाट परीक्षा गर्ने व्यवस्था छ ।

माध्यमिक तह (९-१२) मा ७५% सैद्धान्तिक र २५% आन्तरिक मूल्याङ्कन प्रणालीको व्यवस्था रहेको छ । सैद्धान्तिकतर्फ विद्यार्थीहरुको मूल्याङ्कनको लागि कक्षा ९ विभिन्न आवधिक परीक्षा, तथा १०, ११, १२ मा वार्षिक परीक्षालाई आधार मानिएको छ । हाल मूल्याङ्कन अङ्क पद्धतिलाई विस्थापित गरी अक्षराङ्क पद्धति लागु गरिएको छ । माध्यमिक तह (९-१२) मा सैद्धान्तिकतर्फ ३५% अङ्क र प्रयोगात्मक तर्फ ४०% अङ्क प्राप्त गरी उत्तीर्ण हुनु पर्ने प्रावधान २०७८ बाट लागु गरिएको छ ।

### ४.१.३ उद्देश्य

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
२. स्थानीय पाठ्यक्रम परिमार्जन र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन गर्नु,
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन गर्नु,
४. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा स्थानीय र आधुनिक परिवेश अनुसार सिकारूमा ज्ञान सिप र व्यवहार विकासमा सहजीकरण गर्नु,
५. सिकारूको सिकाइलाई निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कनको व्यवस्था गर्नु ।

### ४.१.४ रणनीति

१. राष्ट्रिय पाठ्यक्रम प्रारूप,२०७६ अनुरूप पाठ्यक्रम कार्यान्वयन गर्ने,
२. पाठ्यक्रम विकास केन्द्रद्वारा विकास गरिएका पाठ्यक्रम तथा पाठ्यसामग्रीको सम्बन्धित शिक्षक तथा सरोकारवालालाई प्रबोधीकरण गर्ने,
३. पाठ्यक्रम कार्यान्वयनका लागि शिक्षकहरूको पेसागत क्षमता अभिवृद्धि गर्ने,

४. विपत्, महामारी तथा सङ्कटको अवस्थामा वैकल्पिक विधिबाट शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्ने,
५. शिक्षकका लागि शिक्षक निर्देशिका तथा स्रोत सामग्री तथा विद्यार्थीका लागि सिकाइ सामग्री, स्वअध्ययन तथा सन्दर्भ सामग्री उपलब्ध हुने व्यवस्थाको सुनिश्चितता गर्ने,
६. माध्यम भाषाका रूपमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग गर्ने,
७. स्थानीय तथा मातृभाषाको पाठ्यक्रम र पाठ्यसामग्रीको विकास तथा प्रयोगलाई व्यवस्थित गर्ने,
८. विद्यालयमा आधारित विद्यार्थी सहयोग पद्धति विकास गर्ने,
९. सहपाठी सिकाइ समूह गठन गरी कमजोर सिकाइ क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्था मिलाउने,
१०. स्थानीय पाठ्यक्रम निर्माण गर्दा समावेशिता, लैङ्गिक पक्ष, हरित विद्यालय निर्माण, जलवायु परिवर्तन, वातावरण संरक्षण जस्ता विषयवस्तुलाई प्राथमिकताका साथ समावेश गर्ने,
११. विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आबद्ध गरी पाठ्यक्रमको प्रभावकारी कार्यान्वयन गर्ने वातावरण सृजना गर्ने,
१२. निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइको अभिन्न अङ्गको रूपमा प्रयोग गर्ने ।

### ४.१.५ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. पाठ्यक्रममा आधारित शिक्षण सिकाइद्वारा सिकारुमा ज्ञान, सिप र व्यवहारमा सकारात्मक परिवर्तन भएको हुनेछ ।
२. स्थानीय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण तथा कार्यान्वयन भएको हुनेछ ।
३. निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको कार्यान्वयन भइ विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

***नतिजा तथा परिमाणात्मक लक्ष्य***

| क्र.सं. | सूचक | आधार वर्ष २०८१ | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | स्थानीय पाठ्यक्रम तथा पाठयपुस्तक लागु गरेका विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |
| २ | परीक्षामा स्तरीकृत | २४ | ३२ | ५० | ५९ | ५९ | ५९ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | | | | | | |
| ३ | सिकाइलाई दैनिक जीवनसँग सम्बन्धित गराउने विद्यालय संख्या | ५ | १० | १५ | २४ | ४० | ५९ |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | २४ | ३१ | ४२ | ४६ | ५५ | ५९ |
| ५ | जलवायु परिवर्तन तथा उत्थानशीलता सम्बन्धी सामग्री प्रयोग गर्ने विद्यालय सङ्ख्या | ० | ३ | ५ | ७ | १० | १५ |

## ४.१.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यन्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | संस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (विज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको परिमार्जन र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने विधि र पद्धति स्थापित गर्ने) | पटक | ० | १ | ० | ० | १ | २ |
| ३ | आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | शिक्षक | ४० | ४० | ४० | ४० | ४० | २०० |
| ४ | आन्तरिक र बाह्यय मूल्याङ्कन विधिका विद्यार्थी मूल्याङ्कन र तिनको कार्यान्वयनको मापदण्डहरू | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | विकास गर्ने (जसमाः- नमुना सामग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मूल्याङ्कनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै विद्यार्थी प्रगतिको प्रतिवेदन र सुझाव सङ्कलन) | | | | | | | |
| ५ | विद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य विषय क्षेत्रका निर्देशिका, विधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | पटक | ० | १ | ० | ० | १ | २ |
| ६ | विद्यार्थीको आवधिक मुल्याङ्कन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ७ | स्टिम अवधारणा अनुसार शिक्षण प्रकृया हुने विद्यालय | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | सिकाइ पोर्टलको प्रयोग सम्बन्धी शिक्षक क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.२ शिक्षक ब्यवस्थापन तथा विकास

### ४.२.१ परिचयः

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ शिक्षक सक्षमता तथा आवश्यकता निर्धारण गर्ने बृहत प्रारुप हो । योग्य, व्यावसायिक दृष्टिले सक्षम, उत्प्रेरित, प्रतिवद्ध तथा जवाफदेही शिक्षक शैक्षिक प्रणालीका खम्बा हुन् । शिक्षकको उत्पादन विश्वविद्यालय तथा माध्यमिक तहको कक्षा ११ र १२ सञ्चालित विद्यालयहरुले गर्छन् भने शिक्षक सेवा आयोगले अध्यापन अनुमतिपत्र प्रदान गर्नुका साथै रिक्त स्थानमा नियुक्ति गर्न सिफारिस गर्दछ । आयोगले सिफारिस गरेका व्यक्तिलाई शिक्षा विकास तथा समन्वय इकाइले नियुक्ति र स्थानीय तहसँगको समन्वयमा पदस्थापन गरिन्छ ।

नेपालको संविधान अनुसार सङ्घीयता कार्यान्वयन हुनुपूर्व लामो तथा छोटो अवधिका शिक्षक तालिम सञ्चालन गर्न शैक्षिक जनशक्ति विकास केन्द्र, २९ वटा शैक्षिक तालिम केन्द्र तथा अगुवा स्रोतकेन्द्रहरुको व्यवस्था रहेको थियो । हाल प्रत्येक प्रदेशमा एक एक ओटा गरी जम्मा सात शिक्षा तालिम केन्द्र छन् । त्यसकारण शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउन सेवाकालीन तालिम प्रदान गर्नका लागि संस्थागत संरचनाको विकास गर्नुपर्ने आवश्यकता छ ।सङ्घीय संरचना अनुसार स्थानीय तहले समेत छोटो अवधिका कस्टमाइज्ड तालिम, सूचना प्रविधि तालिम सञ्चालन गर्दै आएकोमा स्थानीय तहमा समेत जनशक्तिको अभावले शिक्षकको पेसागत विकासमा आवश्यक ध्यान पुगेको छैन ।

शिक्षकको पेसागत विकासका लागि शिक्षक पेसागत विकास प्रारुप (परिमार्जनसहित),२०८० ले शिक्षकको पेसागत विकासका दश ओटा विधिहरु विकास गरेको छ । जसमा एक महिने सेवा प्रवेश तालिम, शिक्षक मेन्टरिङ, एक महिने प्रमाणीकरण तालिम, पाँच दिने कस्टमाइज्ड तालिम, कार्यमूलक अनुसन्धान, पाठ अध्ययन, सिकाइ सञ्जाल, स्वनिर्देशित सिकाइ, सहपाठी कक्षा अवलोकन, स्वमूल्याङ्कन रहेका छन् । यस्ता तालिमका मोडालिटीहरुको माध्यमबाट शिक्षकको पेसागत विकासमा सहजीकरण गर्ने अवसर रहेको छ ।

शिक्षा नियमावली, २०५९ अनुसार पूर्व प्राथमिक शिक्षा/ प्रारम्भिक बाल शिक्षा/विकासमा १ जना शिक्षक, आधारभूत तहको तल्ला कक्षामा ५० जना सम्म विद्यार्थी भए न्यूनतम २ जना, ५० जना भन्दा बढी भए न्यूनतम ३ जना शिक्षक, आधारभूत तहको माथिल्लो कक्षामा न्यूनतम ४ जना शिक्षक तथा माध्यमिक तह(९-१२) मा न्यूनतम ८ जना शिक्षक नियुक्ति गर्ने व्यवस्था छ । नेपालमा शिक्षक विद्यार्थी अनुपात हिमाली क्षेत्रमा १:४०, पहाडी क्षेत्रमा १:४५, तराई र उपत्यकामा १:५० कायम गरिएको छ ।

### ४.२.२ वर्तमान अवस्थाः

यस गाउँपालिकामा आधारभूत तह र माध्यमिक विद्यालयहरुमा तोकिएको अनुपातमा दरबन्दी अत्यन्तै न्यून तथा कतिपय विद्यालयहरुमा शून्य दरबन्दी रहेकोले पठनपाठनमा समस्या भएको साथै विद्यार्थीको सिकाइ उपलब्धिस्तर न्यून रहेको अवस्था छ । यस गाउँपालिका अन्तर्गतका सबै आधारभूत र माध्यमिक तहमा तोकिएको मापदण्डको अनुपातमा शिक्षक व्यवस्थापन गर्नु ज्यादै चुनौतीपूर्ण रहेको छ । यसका लागि सङ्घीय सरकारले दरबन्दी मिलानको कार्य स्थानीय तहलाई दिएपनि उल्लेख्य प्रगति नहुँदा दरबन्दी मिलान तथा पुनर्वितरणको कार्य हुन सकेको छैन । सङ्घीय सरकारले केन्द्रस्तरबाटै दरबन्दी बढी भएका जिल्ला तथा स्थानीय तहबाट कम भएका जिल्ला तथा स्थानीय तहमा दरबन्दी स्थानान्तरण गर्ने तथा नपुग दरबन्दी पुनर्वितरण गरी थप गर्नुपर्ने देखिन्छ ।

शिक्षक व्यवस्थापन तथा विकासको अर्को चुनौतीपूर्ण कुरा भनेको शिक्षण पेसालाई आकर्षिक पेसाका रुपमा विकास गर्न नसक्नु हो । हाल प्रतिभावान व्यक्तिहरुलाई शिक्षण पेसामा आकर्षण गर्न नसकिएको सन्दर्भमा प्रतिभावान व्यक्तिहरुलाई आकर्षक तलब सुविधा सहित शिक्षण पेसामा आकर्षण गर्नु चुनौतीपूर्ण रहेको छ । गणित र विज्ञान विषयमा पर्याप्त जनशक्ति उत्पादन गर्न नसकिएको र स्थायी रुपमा शिक्षक भएका व्यक्तिहरु समेत पेसाप्रतिको विकर्षणले जागिर छोड्ने, अन्य पेसामा प्रवेश गर्ने तथा बौद्धिक पलायनको समेत समस्या देखिएको छ । विद्यमान तालिम तथा पेसागत विकासका कार्यक्रमहरुले पनि शिक्षकहरुमा ज्ञान तथा सिप पूर्ण रुपमा सिकाउन सकेको छैन ।

सङ्घीयता कार्यान्वयन पश्चात स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणालीको समेत अभाव देखिएको छ । तसर्थ शिक्षकको पेसागत विकास तथा व्यवस्थापनमा सुधार गर्न यस योजनामा कार्यक्रमहरुको व्यवस्था गरिएको छ ।

यस गाउँपालिकाले आधारभूत तथा माध्यमिक तहमा रहेको विद्यमान दरबन्दीको न्यूनतालाई केही हदसम्म भएपनि व्यवस्थापन गर्न विद्यालयलाई व्यवस्थापन अनुदानको व्यवस्था गरिएको छ । तथापि गाउँपालिकाको आफ्नो आन्तरिक स्रोतको न्यूनताको कारण आवश्यक संख्यामा शिक्षक व्यवस्थापन गर्न नसकेको साथै पारिश्रमिक न्यून हुँदा जनशक्ति टिकाउने चुनौती समेत रहेको छ ।

### ४.२.३ उद्देश्यहरुः

१. शिक्षकको तहगत, कक्षागत तथा विषयगत रुपमा व्यवस्थापन गर्नु,
२. शिक्षकको छनौट, नियुक्ति र पुनर्वितरणलाई सुदृढ बनाउने,
३. शिक्षक विकास तथा निरन्तर पेसागत सहयोग प्रणाली स्थापना गर्नु,
४. सुपरिवेक्षण र शिक्षक तालिमको माध्यमबाट शिक्षकलाई पेसाप्रति उत्प्रेरित र जवाफदेही बनाउनु ,
५. शिक्षकको निरन्तर पेसागत विकासका लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय शिक्षक संस्थाहरूसँग सञ्जाल विकास र अन्वेषण गर्नु ,

### ४.२.४ रणनीतिहरू

१. शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/ पुनर्वितरण तथा व्यवस्थापन गर्ने,
२. रिक्त दरबन्दीमा विद्यार्थीको सिकाइमा क्षति नहुने गरी शिक्षकको व्यवस्थापन गर्ने,
३. शिक्षक पेसागत सहयोग प्रणालीमार्फत शिक्षकलाई निरन्तर पेसागत सहयोग उपलब्ध गराउने । यसका लागि स्थानीय तहमा विषयगत शिक्षक सञ्जाल, विज्ञ समूह गठन, शिक्षक सिकाइ समूह, स्रोत शिक्षक तथा अनुभवी शिक्षकबाट कोचिङ तथा मेन्टरिङ पद्धतिको विकास गरी कार्यान्वयनमा ल्याइने,
४. शिक्षकको निरन्तर पेसागत विकासका लागि सङ्घ, प्रदेश तथा अन्य सङ्घ संस्थासँगको समन्वयमा शिक्षण सिप तथा कौशल विकास लगायतका विषयमा सेवाकालीन तथा पुनर्ताजगी तालिम सञ्चालन गर्ने,
५. शिक्षकको क्षमता विकासको लागि कार्यमूलक अनुसन्धानमा जोड दिने,
६. अन्तर विद्यालय अवलोकन, राष्ट्रिय तथा अन्तराष्ट्रिय असल अभ्यासहरुको प्रयोगको लागि शिक्षक भ्रमण, गोष्ठी, सेमिनार तथा अन्य संस्था/ निकायसँग भगिनी सम्बन्ध स्थापनामा जोड दिने,

७. शिक्षकको उपस्थिति, नियमितता र कार्यसम्पादनमा सुधार गर्ने,

८. शिक्षकहरुको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ सुधारसँग सम्बन्धित गरी नतिजाप्रति जवाफदेही हुने पद्धतिको विकास गर्ने,

९. विद्यालय, विद्यार्थी संख्या र विषयगत आधारमा पालिकाबाट शिक्षक व्यवस्थापन गर्ने ।

### ४.२.५ उपलब्धी, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलव्धी**

यस योजनाको कार्यान्वयन पश्चात सक्षम र अभिप्रेरित शिक्षकको व्यवस्था भइ विद्यार्थीको सिकाइ उपलब्धीमा सुधार हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | २०८१ (आधार वर्ष) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | २६ | २६ | २६ | २६ | २६ | २६ |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक प्रतिशत | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ४ | शिक्षण पेसा थप प्रतिस्पर्धी र सम्मानित हुने शिक्षक | ० | १० | १२ | १५ | १७ | १९ |

| क्रसं | सूचक | २०८१ (आधार वर्ष) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| ५ | शिक्षक पेसागत सहयोग प्रणालीको कार्यान्वयन (पटक) | १ | १ | १ | १ | १ | १ |
| ६ | शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत, क्षेत्रगत र विषयगत रूपमा शिक्षक दरबन्दी मिलान/पुनर्वितरण (पटक) | ० | १ | ० | ० | १ | ० |

### ४.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | शिक्षक योग्यता र वितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर्वितरण र समायोजन) | पटक | 0 | 1 | 0 | 1 | 0 | २ |
| २ | नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अङ्ग्रेजी विषयको विषयवस्तुको पाठ अध्ययन सामग्री विकास सम्बन्धी तालिम दिने | पटक | १ | १ | १ | १ | १ | ५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ४ | शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाइ सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | सबै विद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गर्ने विद्यालय संख्या | संख्या | २४ | २४ | २४ | २४ | २४ | ११६ |
| ६ | विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | शिक्षक अनुगमन कार्यक्रमका लागि क्षमता अभिवृद्धि गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ वर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ९ | असल अभ्यासको अवलोकन भ्रमण गर्ने | पटक | | १ | १ | १ | १ | ४ |
| १० | शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | पटक | १ | | | | | १ |
| ११ | उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन | पटक | | ८ | ८ | ८ | ८ | ३२ |

## ४.३ शैक्षिक समता र समावेशीकरण

### ४.३.१ परिचय

समाजमा रहेको लैङ्गिक असमानता, महिला हिंसा, महिला उत्पीडन जस्ता विसङ्गतिलाई निरुत्साहित गरी जातीय विभेदको अन्त्य, आर्थिक तथा सामाजिकरुपमा पिछडिएकाहरुलाई सहयोग र शिक्षामा सबैको पहुँच पुऱ्याउन राज्यले विभिन्न कार्य गर्दै आइरहेको छ । लैङ्गिक समानता र महिला तथा जातीय हिंसा विरुद्ध यस गाउँपालिकामा पनि विभिन्न कार्यहरु हुँदै आइरहेका छन् । नेपालको संविधान तथा कानुनमा व्यवस्था भए अनुरुप नगर/गाउँकार्यपालिका, वडा समिति, नगर/गाउँ शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, सामाजिक परीक्षण समिति आदि तथा विभिन्न सङ्घ संस्थामा जातजाति, महिला र दलितको सहभागितात्मक उपस्थिति उल्लेख्य रहेको छ ।

### ४.३.२ वर्तमान अवस्था

यस गाउँपालिकामा २४ सामुदायिक विद्यालय १० संस्थागत विद्यालय र धार्मिक (मदरसा) विद्यालय २५ गरी ५९ विद्यालयहरू सञ्चालनमा छन् । त्यसैगरी १९ वटा बालविकास केन्द्रहरू रहेका छन् फ्ल्यास रिपोर्ट २०८१ बमोजिम बालविकास केन्द्र र विद्यालयहरूमा गरी २६ जना अपाङ्गता भएका बालबालिकाको विद्यालयमा भर्ना भएको देखिन्छ । अपाङ्गता भएका बालबालिकाको शिक्षामा पहुँच वृद्धिका लागि आवासीय तथा गैरआवासीय छात्रवृत्ति प्रदान गर्ने कानुनी व्यवस्था गरिएको छ । जातीयताको हिसाबले दलित तथा जनजाति समेतलाई पछाडि परेको वर्गको रुपमा लिइन्छ । यस गाउँपालिकामा विद्यार्थी कुल भर्नामा दलितको संख्या २५८२ जना रहेका छन् भने जनजातिको संख्या ४३२६ जना रहेका छन् । समुदायमा अपाङ्गता भएका बालबालिकाहरू अझै पनि छन् तर त्यस्ता बालबालिकाहरूको अभिलेखीकरण हुनसकेको छैन । ती बालबालिकाहरू विद्यालय शिक्षाको पहुँचबाट टाढा रहेको अवस्था छ । त्यसैगरी आर्थिक हिसाबले विपन्न बालबालिकाहरू असाध्य रोगहरूबाट पीडित बालबालिकाहरू अभिभावक र सहाराविहीन बालबालिकाहरू समेत समुदायमा रहेका छन तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकेको छैन । त्यस्ता प्रकृतिका बालबालिकाहरू समेत विद्यालय शिक्षाको पहुँच बाहिर रहेको देखिन्छ । तर संस्थागत हिसाबले त्यस्ता बालबालिकाहरूको अभिलेख अध्यावधिक गरेर राख्ने कार्य हुन सकेको छैन । समाजमा पछि परेको वर्ग र फरक क्षमता भएको वर्ग लगायतका कमजोर वर्गलाई मूल प्रवाहीकरणमा ल्याउन अझै पनि सकिएको अवस्था छैन ।

### ४.३.३ समस्या तथा चुनौतीहरू

१. अपाङ्गता भएका बालबालिकाहरूको तथ्याङ्क सङ्कलन बिश्लेषण र अभिलेखीकरण हुन नसक्नु,
२. विद्यालयमा विभेदरहित वातावरण सिर्जनामा चेतनाको विकास हुन नसक्नु,
३. विद्यालयहरूमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु,
४. समाजमा अझै पनि विभेद, दुर्व्यवहार, हेपाइ जस्ता व्यवहार कायमै हुनु र बालमैत्री व्यवहार नहुनु,
५. समाजमा पछि परेको वर्ग दलित, गरिब, अपाङ्गता भएको व्यक्ति समेतलाई प्रदान गरिने सहायता न्यून हुनु ।

### ४.३.४ उद्देश्यहरुः

- लैङ्गिक मूलप्रवाहीकरणमा महिलाको शिक्षामा सहभागिताको सुनिश्चित गर्नु,
- विद्यालयहरूमा भौतिक संरचना निमार्ण गर्दा अपाङ्गमैत्री र लैङ्गिक मैत्री तथा सोही अनुरुपको शैक्षिक वातावरण निमार्ण गर्नु,
- लक्षित समूहको शिक्षामा समतामूलक पहुँच पुर्‍याउनु,
- विद्यालयमा बालमैत्री वातावरण बनाउनु ।

### ४.३.५ रणनीति

- पालिकाभित्र घरधुरी सर्वेक्षण गरी विद्यालय बाहिर रहेका बालबालिकाहरुको अवस्था र आवश्यकता पहिचान गरी सो अनुसार शैक्षिक प्रबन्ध गर्ने,
- विद्यालयहरूमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक अवस्था तथा शैक्षिक वातावरणको विकास गरी सबै बालबालिकाहरुलाई विद्यालय शिक्षा उपलब्ध गराउने,
- लक्षित बालबलिकाहरुलाई आवश्यकतानुसार पोसाक, स्टेसनरी तथा सिकाइ सामग्रीका लागि छात्रवृत्ति उपलब्ध गराउने,
- सबै विद्यालयहरुमा विभेदरहित बालमैत्री वातावरण सिर्जना गर्ने,
- आधारभूत तहमा मातृभाषामा सिकाइको अवसर प्रदान गर्ने,
- किशोरी शिक्षा तथा मनोसामाजिक परामर्श प्रदान गर्ने,
- हरेक कार्यालय तथा विद्यालयमा लैङ्गिक सम्पर्क व्यक्ति व्यवस्था गर्ने,
- विद्यालयका गतिविधिमा समावेशी सहभागिताको प्रबन्ध गर्ने ।

## ४.३.६ उपलब्धि तथा प्रमुख नतिजाहरु

*उपलब्धि*

विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागितासहित सबैका लागि गुणस्तरीय शिक्षा निश्चित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| | शिक्षामा समता र समावेशीकरण | एकाइ | २०८१ (आधार वर्ष) | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ |
|---|---|---|---|---|---|---|---|---|
| १ | अपाङ्गता,गरिब, विपन्न, अभिभावकविहीन, सडकमा हिड्ने बेसहारा बालबालिकाहरू आदिको अभिलेख अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | १ |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | | ०.८३ | ०.८५ | ०.८७ | ०.८९ | ०.९२ | ०.९५ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | | ०.९३ | ०.९४ | ०.९५ | ०.९६ | ०.९७ | ०.९८ |
| ४ | लक्षित समूहले तोकिए बमोजिम छात्रबृत्ति एव प्रोत्साहन प्राप्त गरेको विद्यालय संख्या | संख्या | सबै सामुदायिक विद्यालय | सबै सामुदायिक विद्यालय | सबै सामुदायिक विद्यालय | सबै सामुदायिक विद्यालय | सबै सामुदायिक विद्यालय | सबै सामुदायिक विद्यालय |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |
| ६ | विद्यालयहरूमा लैङ्गिक जातीय सामाजिक एवं सबै प्रकारका विभेदको अन्त्य भएको हुने विद्यालय संख्या | विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |

## ४.३.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य पाँच वर्षे | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको सुरूमा ECD देखि आधारभूत तहसम्मका विद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जाँच र परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | अपाङ्ग बालबालिका पहिचान गरी व्यक्तिगत शिक्षा योजना (IEP) विकास गर्नु । | विद्यालय | ५ | ५ | ५ | ५ | ४ | २४ |
| ३ | श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु वितरण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | बालबालिका तथा समाहित शिक्षा सञ्जाल गठन तथा विविध कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | अपाङ्गता तथा समावेशी शिक्षा सम्बन्धी अभिभावक सचेतना विकास कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

| क स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य पाँच वर्षे | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| | सञ्चालन | | | | | | | |
| ६ | विद्यालयमा बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारित कार्यक्रम सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | समावेशी शिक्षा सञ्जाल गठन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | गुनासो सुनुवाइ कार्यविधि निर्माण र कार्यान्वयन | पटक | १ | | | | | १ |
| ९ | प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | पटक | ० | १ | १ | १ | १ | ४ |

## ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम

### ४.४.१ परिचय

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरुको स्वास्थ्य तथा पोषण अवस्थाको प्रत्यक्ष सम्बन्ध हुन्छ । बालबालिकाहरुको स्वास्थ्य तथा पोषणको अवस्था राम्रो भए उनीहरुलाई सिकाइ सहभागिता बढाइ शैक्षिक उपलब्धी सुधार गर्न प्रोत्साहित गर्न सकिन्छ । विद्यालयमा दिइने दिवा खाजा र स्वास्थ्य तथा पोषण कार्यक्रमले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन, अनुपस्थित हुने र बिचैमा छाड्ने दर घटाउन योगदान गरी सिकाइ उपलब्धी सुधार गर्न  सहयोग गर्दछ । बालबालिकामा हुने विभिन्न प्रकारका रोग तथा कुपोषणलाई न्यूनीकरण गर्न, उनीहरुलाई विद्यालय शिक्षाप्रति आर्कर्षित गर्न र शैक्षिक क्षतिलाई न्यूनीकरण गर्न दिवा खाजाले महत्वपूर्ण भूमिका निर्वाह गरेको छ । नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाजा कार्यक्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएको थियो । आर्थिक वर्ष २०७७/२०७८ मा सामुदायिक विद्यालयमा पूर्वप्राथमिकदेखि कक्षा ५ सम्मका सबै विद्यार्थीहरुलाई दिवा खाजाको व्यवस्था गरिएको छ । नेपाल सरकारले दिवा खाजामा विगत केही वर्षदेखि लगानी विस्तार गर्दै आएको छ । नेपालको हाल कार्यान्वयनमा रहेको सोह्रौं योजना लगायत शिक्षा क्षेत्रका मुख्य रणनीतिक दस्तावेजहरूमा दिवा खाजालाई स्वास्थ्य, प्राथमिकता दिइएको छ भने विद्यालय शिक्षा क्षेत्र योजना मार्फत बालबालिकाहरूको स्वास्थ्य तथा पोषण स्थितिमा सुधार ल्याइ उनीहरूलाई

विद्यालयमा टिकाउने जस्ता शैक्षिक उपलब्धिहरू हासिल गर्न दिवा खाजाले महत्वपूर्ण योगदान दिएको छ ।

### ४.२.२ वर्तमान अवस्था

शुद्धोधन गाउँपालिकामा नेपाल सरकारबाट विद्यालय दिवा खाजा कार्यक्रम आ.व. २०७६-७७ मा लागु गरेपछि २४ वटा सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ सम्मका विद्यार्थीहरुलाई विद्यालयमार्फत दिवा खाजा खुवाउने कार्यक्रम सुरु गरिएको थियो । जसले गर्दा बालविकास शिक्षामा बालबालिकाको उल्लेखनीय सहभागिता भएको छ तथा समुदायको पनि सक्रिय सहभागिता रहेको छ । साथै पालिकाबाट विद्यालय दिवा खाजा सम्बन्धी कार्यविधि निर्माण गरी विद्यालय दिवा खाजामा पूर्ण रुपमा जङ्क फुड निषेध गरी स्थानीय स्तरमा उपलब्ध हुने ताजा तथा पौष्टिकयुक्त खानेकुरालाई स्वच्छतापूर्ण तरिकाले व्यवस्थापन गर्ने प्रयास गरिएको छ ।

शुद्धोधन गाउँपालिकामा वार्षिक स्वास्थ्य परीक्षण अर्धवार्षिक रूपमा जुकाको औषधी वितरण आइरन चक्की र फोलिक एसिड वितरण प्राथमिक उपचार सामग्री बाकसको उपलब्धता गाउँपालिकाको स्वास्थ्य शाखा र शिक्षा शाखाको समन्वयमा विद्यालयमा कार्यान्वयन गरिएको छ । प्राथमिक उपचार सामग्रीको बाकस र आवश्यक औषधीहरु एक पटक प्रदान गरिए पनि सबै विद्यालयलाई उपलब्ध गराउन सकिएको छैन । उपलब्ध गराइएका प्राथमिक उपचार बाकसमा उपचारका सामग्री औषधी तथा अत्यावश्यक उपकरणहरू समावेश गर्न सकिएको छैन । विद्यालयमा महिनावारी स्वच्छता सम्बन्धमा छात्राहरूका लागि उपलब्ध गराइएको सेनिटरी प्याडको व्यवस्थापन गर्नु मुख्य चुनौतीका रुपमा रहेको छ । सरसफाइ तथा स्वच्छताको मापदण्ड तयार गर्न सकिएको छैन । दिवा खाजालाई स्थानीय उत्पादनसँग जोड्न आवश्यक वृहत तथा सूक्ष्म पौष्टिक तत्त्व समावेश भएका बहुमेनुहरू स्थानीय स्तरमै तयार गर्ने कार्यलाई प्राथमिकता दिन सकिएको छैन । यद्यपि दिवा खाजा व्यवस्थापनका लागि जनशक्तिको अभाव विद्यालयहरूले झेल्दै आएका छन् । दिवा खाजाका सन्दर्भमा जङ्कफुडको प्रयोगलाई प्रतिबन्ध लगाइए पनि यसको कार्यान्वयनको अवस्थाका बारेमा अनुगमन कम हुने गरेको छ । प्लास्टिक मुक्त विद्यालय क्षेत्र बनाउनका लागि अभियान सञ्चालन गर्न सकिएको छैन । यद्यपि विद्यालयमा रहेका बाल क्लबले सरसफाइ प्रवर्धनका क्रियाकलापहरु सञ्चालन गर्दै आइरहेका छन् । विद्यालयका भौतिक संरचनामा पर्याप्त शौचालय र खानेपानी तथा वा सुविधा रहेपनि विद्यार्थीले प्रयोग गर्ने अधिकांश शौचालयहरू दुर्गन्धित छन् । शुद्धोधन गाउँपालिकाको सवालमा बालबालिकाका लागि सरसफाइ तथा स्वच्छता सम्बन्धी शिक्षाको प्रबन्धका लागि स्वास्थ्य पोषण र सरसफाइ तथा स्वच्छताको शिक्षाको पद्धति तथा संरचना विद्यालयमा आवश्यक रहेको छ ।

शुद्धोधन  गाउँपालिकाका सामुदायिक विद्यालयहरूमा विद्यालय स्वास्थ्य र पोषणको अवस्थालाई तल उल्लेख गरिएको छ ।

### ४.४.३. चुनौतीहरूः

- दिवा खाजा, स्वास्थ्य तथा पोषण र सरसफाइ तथा स्वच्छताका कार्यक्रमहरुलाई दिगो  र प्रभावकारी ढङ्गले व्यवस्थित गर्न,
- सबै माध्यमिक विद्यालयहरुमा स्वास्थ्यकर्मीको व्यवस्था गर्न,
- विद्यालय खाजाका लागि उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्ने,
- विद्यालय खाजा तथा विद्यालय स्वास्थ्य सम्बन्धी सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्न,
- विद्यालय दिवा खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न,
- सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्न,
- कार्यक्रमलाई प्रभावकारी ढङ्गले अनुगमन गर्न ।

### ४.४.४. उद्देश्यहरुः

- प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्नु,
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छताका सेवामा सुधार गरी व्यवहारमा परिवर्तन गर्नु,
- अभिभावक तथा अन्य सरोकारवालाहरूको समन्वय तथा सहभागितामा सुदृढ गरी बालबालिकाको पोषण, स्वास्थ्य र सिकाइ उपलब्धिमा सुधार गर्नु ।

### ४.२.५ रणनीतिहरु

- शिक्षा स्वास्थ्य र कृषि क्षेत्रलाई समेत समेट गरी विद्यालय स्वास्थ्य तथा पोषण रणनिति तयार गर्ने,
- बालबालिकाको लागि विद्यालयमा नै स्थानीय स्तरमा उत्पादित सफा, ताजा र पोषिलो खाजा तयार गरी वितरण गर्ने,
- भान्सा तथा भण्डार व्यवस्थापनमा प्रयोग हुने सामग्री आदिको स्वच्छता सम्बन्धी परामर्श तथा बालबालिकामा समूहमा हात धुने बानी विस्तार गर्ने,
- सवै विद्यालयमा प्राथमिक उपचार बाकस प्रदान गर्ने तथा आधारभूत प्रथमिक उपचारको तरिका सम्बन्धमा समय सापेक्ष अद्यावधिक गर्ने,
- अभिभावक आमा समूह मार्फत सचित्र पोषण पाठ्यक्रम निर्माण गरी कार्यान्वयन गर्ने,

- सरसफाइका आवश्यक पूर्वाधारहरुको पूर्ण विकास गर्ने,
- स्थानीय उत्पादनमा आधारित चक्रीय पोषणयुक्त दिवा खाजाको पूर्ण प्रबन्धको सुनिश्चितता हुने,
- सरसफाइ तथा स्वच्छताका लागि मापदण्ड विकास गरी कार्यान्वयन गर्ने,
- सवै विद्यालयहरुमा विद्यालयमा नै खाजा बनाउन सक्ने पूर्वाधार निर्माण गर्ने,
- विद्यालयमा नै दिवा खाजाको लागि आवश्यक तरकारी उत्पादन गर्न प्रोत्साहन गर्ने ।

### ४.४.६ उपलब्धि,नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष्य

**उपलब्धि**

विद्यालयमा अध्ययन गर्ने सबै बालबालिकाको स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार भइ रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच र सहभागिता भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र सं | सूचक | २०८१/२०८२ (आधार वर्ष) | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये सबैले आवश्यक खोप प्राप्त गरेका बालबालिका (प्रतिशत) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | गुणस्तरीय तथा स्थानीय उत्पादनलाई प्रोत्साहन गर्ने दिवा खाजा कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने विद्यालय । | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |
| ३ | वार्षिक रुपमा विद्यार्थीको नियमित स्वास्थ्य परिक्षण गर्ने विद्यालयको | ८ | २४ | ५९ | ५९ | ५९ | ५९ |

| क्र सं | सूचक | २०८१/२०८२ (आधार वर्ष) | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ |
|---|---|---|---|---|---|---|---|
| | संख्या | | | | | | |
| ४ | विद्यालयमा खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेको हुनेछ । | २१ | २२ | २४ | २४ | २४ | २४ |
| ५ | हरित विद्यालय कार्यढाँचा योजनालाई प्रभावकारी कार्यान्वयन गरिएको हुनेछ । | १ | ३ | १५ | १९ | २४ | २४ |
| ६ | विद्यालयमा प्राथमिक उपचार किट, बालबालिकाको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी तथा शुक्ष्मपोषक तत्त्व प्रदायक भिटामिन ए तथा आइरन फोलिक एसिड आदिको वितरण र छात्राहरूका लागि महिनावारी स्वच्छताका लागि स्यानेटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित भएको हुनेछ । | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |

### ४.४.७ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र स | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ /०८३ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ | जम्मा |
| १ | दिवा खाजाका लागि भान्सा तथा भण्डार एवम् थप भाँडावर्तनको प्रबन्ध | संख्या | ५ | ५ | ५ | ५ | ४ | २४ |
| २ | दिवा खाजाको मेनु सुधार र खाजा टोकरी निर्माण | संख्या | ० | २४ | ० | ० | ० | २४ |
| ३ | विद्यालयलाई प्राथमिक उपचार किट प्रदान | विद्यालय | २४ | ० | ० | २४ | ० | ४८ |
| ४ | आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी, भिटामिन र आइरन ट्यावलेट कार्यक्रम | पटक | २ | २ | २ | २ | २ | १० |
| ५ | किशोरी महिनावारी स्वच्छताका लागि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | अभिभावक सचेतना कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

### ४.५.१ परिचय

परिस्थितिजन्य शिक्षा भन्नाले युद्ध, द्वन्द्व, महामारी तथा प्रकोपको अवस्थामा पनि बालबालिकाको सिक्न पाउने अधिकारलाई संरक्षण गर्दै सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपाय सहितको शैक्षिक कार्यक्रमलाई लिने गरिन्छ। यसको मुख्य उद्देश्य विभिन्न कारणले उत्पन्न सङ्कटकालीन अवस्थामा बालबालिका लगायत शिक्षासँग सम्बद्ध व्यक्ति, परिवार तथा समुदायको जीवन रक्षा, प्रकोपबाट सिर्जित सङ्कटको व्यवस्थापन, सामाजिक द्वन्द तथा हिंसा र दुरुपयोगबाट बालबालिकालाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रूपमा क्रियाशील हुने गरी शैक्षिक कार्यक्रमहरूको तयारी तथा सञ्चालन गर्नु हो। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन गर्ने आपतकाल पश्चात् क्षतिको आपूरण गर्ने कार्यढाँचा समेटिएको हुनु पर्दछ।

आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षाको अवधारणा बाल अधिकारको रूपमा स्वीकार गरिएपछि यसलाई थप प्रभावकारी बनाउने कार्य प्रारम्भ भएको हो। अधिकारका क्षेत्रमा भएका अन्तर्राष्ट्रिय कानुनहरू, विश्वव्यापी घोषणाहरू, अन्तर्राष्ट्रिय एवम् क्षेत्रीय घोषणा तथा प्रतिवद्धताहरूबाट परिलक्षित यस अवधारणालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न विभिन्न राष्ट्रहरूले आ-आफ्नो नीति,

कानुन तथा योजनाहरूमा परिस्थितिजन्य शिक्षा (आपतकालीन तथा सङ्कटपूर्ण अवस्थामा शिक्षा) लाई समावेश गर्ने गरेका छन्। नेपाल सरकार युद्ध, द्वन्द्व, महामारी वा प्राकृतिक प्रकोपबाट उत्पन्न आपतकालीन तथा सङ्कटकालीन अवस्थामा बालबालिकाको शिक्षाको अधिकारको रक्षा गर्न प्रतिबद्ध छ । आपतकालीन र सङ्कटको अवस्थामा शिक्षाको मुख्य उद्देश्य बालबालिका, व्यक्ति, परिवार र समुदायको जीवन रक्षा गर्नु, प्रकोपबाट हुने सङ्कटको समाधान गर्ने, बालबालिकालाई सामाजिक द्वन्द्व, हिंसा र दुर्व्यवहारबाट जोगाउन र शिक्षा क्षेत्रलाई सक्रिय राख्न सक्षम बनाउने कार्यक्रमहरू तर्जुमा र कार्यान्वयन गर्ने रहेको छ । विशेषतः लामो द्वन्द्वको परिवेशमा शिक्षा क्षेत्रमा परेको प्रभाव, २०७२ को विनाशकारी भूकम्प तथा विभिन्न समय र स्थानमा घटेका प्राकृतिक प्रकोपका घटनाहरूका साथै कोभिड-१९ लगायतका महामारीहरूका प्रभावका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा पुगेको अवरोधबाट पाठ सिकी यस शिक्षा क्षेत्रको योजनामा यस पालिकाले आगामी ५ वर्षका लागि नीति तथा कार्यक्रम प्राथमिकता र कार्यान्वयन ढाँचा समावेश गरिएको छ। यस खण्डमा मूलत तीन प्रकारका आपतकालीन अवस्थाहरू समावेश गरिएको छ :

- प्राकृतिक प्रकोप भूकम्प, बाढीपहिरो, हावाहुरी, आगोलागी, चट्याङ, खडेरी, दुर्घटना, आदि।
- महामारी, झाडापखाला, कालाज्वर, हैजा, भाइरल ज्वरो, डेङ्गु, टाइफाइड, हेपाटाइटिस, बर्डफ्लू, क्षयरोग, कुष्ठरोग, ठेउला, स्वाइन फ्लू, कोभिड आदि सरूवा रोगहरू ।
- युद्ध, द्वन्द्व, विस्थापन, आन्तरिक तथा बाह्य युद्ध एवम् द्वन्द्व तथा साम्प्रदायिक, धार्मिक, राजनीतिक आदि द्वन्द्व, युद्ध, शोषण, दुराचार तथा अन्य कारणले नागरिकहरूको विस्थापन, आन्तरिक तथा बाह्य स्थानान्तरणका कारण बालबालिकाले शिक्षा प्राप्त गर्ने अधिकारलाई सुरक्षित राख्ने ।

जलवायु परिवर्तनले शिक्षाको पूर्वाधार तथा सिकाइ परिणामहरूमा चुनौती खडा गरेको छ । यसले सीमान्तकृत जनसंख्यामा असमानता, गरिबी बढाउदै जाने र गैर-जलवायु क्षेत्रमा तनावहरु दिने जस्ता असर देखा परेका छन् । शिक्षाको लागि केही जलवायु परिवर्तनले शैक्षिक संस्था बन्द हुने, बालबालिकाको उपस्थितिमा कमी ल्याउने, सिकाइको दक्षता कम हुने, आफ्ना छोराछोरी र युवाहरूको लागि शिक्षामा लगानी गर्न घरायसी र परिवारको आयमा प्रभाव पर्ने र सबैभन्दा सीमान्तकृतहरूको बसाइँसराइमा वृद्धि हुने जस्ता प्रभावहरु देखा परेका छन् । सबल शिक्षा प्रणालीले दीर्घकालीन रुपमा आधारभूतदेखि उच्च शिक्षामार्फत जलवायु आघात र तनाव कम गर्न मदत गर्दछ ।

अनुमानित चरम मौसम घटनाहरू न्यूनीकरण गर्न विद्यालय भवन सुरक्षित तथा उत्थानशीलता भएको सुनिश्चित गर्ने, विद्यालयहरूलाई नवीकरणीय ऊर्जाको साथ सशक्त बनाउने, विद्यालय जान र ल्याउनका लागि प्रयोग हुने इन्धन-कुशल साधन भएको विकल्पहरू छनौट गर्ने, हरित कार्यदललाई

प्रशिक्षण प्रदान गर्ने तथा हरित प्रविधिको विकासको लागि अनुसन्धान कार्यहरु गर्नाले जलवायु परिवर्तन अनुकूलनमा मदत पुग्ने देखिन्छ ।

नेपालमा प्राकृतिक प्रकोपको ४० वर्षको तथ्याङ्क विश्लेषण गर्दा बाढी र पहिरो सबैभन्दा धेरै हुने प्राकृतिक प्रकोपका रुपमा रहेका छन् । प्रकोपहरुको बारम्बारता, सामान्यतया पहिले भन्दा छिटो छिटो वा अनिश्चितता पनि बढेको देखिन्छ । सन् १८५०—१९०० को तुलनामा सन् २०११—२०२० मा विश्वको औसत सतहको तापक्रम १.०९ डिग्री सेल्सियस बढिसकेको छ (**IPCC**, २०२१) । त्यसैगरी सन् २०२० र सन २०१६ अहिले सम्मकै सबैभन्दा बढी गर्मी वर्ष हुन र सन् २०१३ देखि सन् २०२० अहिले सम्मकै सबैभन्दा गर्मी वर्षहरु हुन् (**WMO**, २०२०)। इसिमोडको पछिल्लो अध्ययन बमोजिम पृथ्वीको औसत तापक्रम बृद्धि १.५ डिग्री सेल्सियस भित्रै राख्न सके पनि हिमालय क्षेत्र सो भन्दा ०.३ देखि ०.७ डिग्री सेल्सियस बढी तात्दछ र त्यतिबेला लगभग ३६ प्रतिशत हिमक्षेत्र पग्लिन्छ । मौसम तथा जलवायु विज्ञान विभागले सन् १९७५ देखि सन् २०१४ सम्मको तथ्याङ्क विश्लेषणका आधारमा बमोजिम बार्षिक औसत तापक्रम बृद्धि ०.०५६ डिग्री सेल्सियस उल्लेख । (**DHM**, २०१७) भविष्यमा नेपालभरी नै औसत तापक्रम अर्थात गर्मी स्पष्ट रुपमा बढने । नेपालमा जलवायु परिवर्तनको प्रवृत्ति तथा अनुमानहरु होचो क्षेत्र भन्दा उचाइमा भएको क्षेत्रमा तापक्रम वृद्धि बढी हुने तथा बर्षाको हकमा बर्षा सिजन अगाडि (**Pre-monsoon)** मा औसत बर्षा घटे तापनि बार्षिक औसत बर्षा बढेको र बढदै जाने अनुमान गरिएको छ । हिउँद तथा बर्षा पछिको समयमा तापक्रम बढी बढने / जलवायु जन्य बिषम् घटनाहरु (**Extreme-events)** बढने अनुमान गरिएको छ । यस्ता सम्भावित जलवायु परिवर्तनबाट हुने प्रकोप जन्य जोखिमबाट हुन सक्ने सम्भावित मानव जन्य तथा शैक्षिक क्षति न्यूनीकरण गर्न योजनबद्ध ढङ्गले अगाडि बढ्न पर्ने देखिन्छ ।

### ४.५.२ वर्तमान अवस्था

शुद्धोधन गाउँपालिकामा विद्यालय भौतिक निर्माणमा मानकहरूको पालना गर्ने प्रयास गरिएको छ यद्यपि विद्यालय भौतिक संरचनाहरू पुराना पनि रहेका छन् । भूकम्प प्रतिरोधक संरचना निर्माण भएपनि अन्य सेफ्टी उपकरणहरूको उपलब्धता र अन्य आपतकालीन सुरक्षा उपायहरूको व्यवस्था गर्न सकिएको छैन । विद्यालयमा विपद सुरक्षाका सम्बन्धमा प्रशिक्षित शिक्षकहरूको उपस्थिति र विद्यार्थीहरूको लागि नियमित सुरक्षा तालिमहरू सञ्चालन गर्न सकिएको छैन । शुद्धोधन गाउँपालिकामा धेरै विद्यालयहरू बाढी, भूकम्प, आगलागी, चट्याङ, हुरीबतास, डुबान जस्ता प्रकोपको जोखिममा छन् । विगतमा पनि प्रभावित हुँदै आइरहेका छन् ।

### ४.५.३ उद्देश्यहरुः

१. सङ्कटको सम्भावित जोखिम कम गर्न विद्यालय तथा समुदायको क्षमता विकास तथा परिचालन गरी पूर्व सावधानी अपनाइ सम्भावित शैक्षिक क्षति न्यूनीकरण गर्नु ।

२. विपद् प्रतिकार्य योजना बनाइ लागु गर्नु,

३. विपद् तथा सङ्कटपूर्ण अवस्थामा पनि बालबालिकाको शिक्षाको लागि वातावरण तयार गर्नु ।

### ४.५.४ रणनीति

१. विपद्को अवस्थामा शिक्षालाई निरन्तरता दिन वैकल्पिक विधिको प्रयोग गरी शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाउने,

२. खतरा पहिचान तथा जोखिम क्षेत्रको नक्साङ्कन गर्ने,

३. विपद व्यवस्थापनका लागि प्रत्येक वडामा आपतकालीन संयन्त्रको निर्माण गर्ने,

४. प्रत्येक विद्यालयमा प्राथमिक उपचारका लागि चाहिने सामग्रीहरुको व्यवस्थापन गर्ने,

५. प्रत्येक विद्यालयमा आपतकालीन कोषको निर्माण गर्ने,

६. जनशक्ति व्यवस्थापन तालिम, गोष्ठीको व्यवस्था गर्ने,

७. उद्धार र राहत व्यवस्थापनका लागि आवश्यक काम गर्ने,

८ विद्यालयस्तरीय प्रतिकार्य योजना तयार गर्ने,

९. विपद् तथा प्रकोपको क्षेत्रमा काम गर्ने सरकारी तथा अर्धसरकारी निकायबीच समन्व तथा जिम्मेवारीको संयन्त्र बनाउने,

१०. महामारीको समयमा शिक्षण सिकाइलाई निरन्तरता दिने वैकल्पिक उपायहरुको तयारी गर्ने ।

### ४.५.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

१. विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भएको हुनेछ ।

२. सम्भावित विपत्को व्यवस्थापन तथा उत्थानशीलता प्रणाली विकासका लागि भौतिक, मानवीय तथा आर्थिक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

३. आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

## ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | २०८५/०८६ | २०८६/०८७ |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई आधारभूत जीवन-सिपसहित कोभिड जस्ता महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ७ | ७ | ७ | ७ | ७ | ७ |
| २ | जलवायु परिवर्तन तथा दिगो विकास निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्ने विद्यालय सङ्ख्या | ० | ३ | २ | ५ | ७ | ७ |
| ३ | अपतकालिन तथा सङ्कटपूर्ण अवस्थामा पनि बैकल्पिक ब्यवस्था अनुसारको सिकाइ क्रियाकलाप सञ्चालन | ० | आवश्यकता अनुसार सबै विद्यालय | आवश्यकता अनुसार सबै विद्यालय | आवश्यकता अनुसार सबै विद्यालय | आवश्यकता अनुसार सबै विद्यालय | आवश्यकता अनुसार सबै विद्यालय |

### ४.५.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | शिक्षक तथा वि.व्य.स.को लागि विपद व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम | पटक | ० | १ | १ | १ | १ | ४ |
| २ | गाउँपालिका आपतकालीन योजना निर्माण र कार्यान्वयन | पटक | १ | ० | १ | ० | १ | ३ |
| ३ | निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | पटक | ० | १ | ० | १ | ० | २ |
| ४ | स्वास्थ्य सुविधासहितको स्वास्थ्य शिक्षिका/कार्यकर्ताको व्यवस्था | संख्या | ० | ७ | ७ | ७ | ७ | २८ |
| ५ | हरित बिध्यालय सम्बन्धि SMC,PTA, शिक्षक, प्र अ लाइ क्षमता अभिवृद्धि | पटक | १ | १ | १ | | १ | ४ |
| ६ | विपद् प्रतिकार्य योजना निर्माण/ | पटक | ० | १ | ० | ० | १ | २ |
| ७ | आपत्कालीन अवस्थामा सिकाइ निरन्तरताको लागि स्थानीय तहको शिक्षा समूह गठन एवम् परिचालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| | स्थानीय तह अन्तर्गतका प्रत्येक विद्यालयमा बृहत विद्यालय सुरक्षाका न्यूनतम प्याकेज कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |
| | पालिकास्तरमा प्रकोप व्यवस्थापन कोषको स्थापना | पटक | १ | १ | १ | १ | १ | ५ |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

### ४.६.१ परिचय

भौतिक पूर्वाधार विकासले भौतिक संरचनालाई जनाउँछ । त्यस्ता जोखिम रहित र सुविधा सम्पन्न हुनका साथै बालमैत्रि, लैङ्गिकमैत्री समेत हुन जरुरी हुन्छ । राष्ट्रिय भवन संहिता २०६० र बस्ती विकास, सहरी योजना तथा भवन निर्माण भवन निर्माण सम्बन्धी आधारभूत मार्ग निर्देशन २०६२ मा

प्राविधिक नक्साङ्कन, स्ट्रक्चरल डिजाइन अनिवार्य, सिभिल इन्जिनियरबाट प्रमाणित गर्ने र जोखिमयुक्त संरचना भत्काउने आदि जस्ता मापदण्द निर्धारण गरेको छ । विद्यालयको हकमा शिक्षा नियमावली २०४९ नियम ४ सँग सम्बन्धित अनुसूची ३ मा कक्षा कोठाहरु ९ फिट उचाई घाम पानीबाट बचाउ हुने किसिमको, पूर्वप्राथमिक विद्यालय भवनको हकमा प्रति विद्यार्थी ०.७५ वर्गमिटर, नि.मा.वि र मा.वि.मा १.०० वर्गमिटर क्षेत्रफल भएको कक्षा कोठा हावा प्रकाश आउने किसिमको, एकैसाथ उभिन सक्ने कम्पाउन्ड र विद्यालयको हाताभित्र घेराबारा भएको हुनुपर्ने व्यावस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ ले भौतिक पूर्वाधार, पाठ्यसामग्री आदिलाई बाल, अपाङ्गता र लैङगिक मैत्री बनाउने, बालबालिकाहरुको स्याहार केन्द्र लगायतको संरचना जोखिमरहित सुविधासम्पन्न सहितको आधुनिक बानाउने उद्देश्यले गुरुयोजना निर्माण गर्ने समेत नीतिगत व्यावस्था गरेको छ । नमुना विद्यालय छनौट कार्यविधिमा समेत भौतिक पूर्वाधार जस्ता सूचकहरु राखेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा भौतिक पूर्वाधार निर्माणको मापदण्ड र मूल्याङ्कन नियमन गर्ने प्रवाधन रहेको छ । सुक्षित र पूर्वधार प्रयोग गर्न सक्ने भौतिक संरचना निर्माण गरी शिक्षालाई सवैको पहुँचमा पुऱ्याउनका साथै गुणस्तरीय समावेशी, सर्वव्यापी जीवनोपयोगी र प्रविधिमैत्री शिक्षा आदि प्रदान गर्ने लक्ष्य राखेर भौतिक विकासको आवश्यकता, सम्भावना र चुनौतीलाई पहिचान गरी आगामी ५ वर्षे शैक्षिक आवधिक योजनामा उद्देश्य, रणनीति, प्रमुख क्रियाकलाप व्यवस्थापन समेत उल्लेख गरी निर्माण गरेको हुनु पर्छ ।

### ४.६.२ वर्तमान अवस्था

विद्यालयको भौतिक संरचनाको निर्माण पश्चात उक्त संरचनाको मर्मत सम्भार र व्यवस्थित प्रयोग आजको आवश्यकता हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा २ ज (१३) मा सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन गाउँपालिकाको काम, कर्तव्य र अधिकारको रुपमा उल्लेख भएको छ । विद्यालय भौतिक संरचनाको दिगोपनाको लागि सरकारी तथा गैर सरकारी सङ्घ संस्थाको सहयोगमा निर्माण भएका सामुदायिक विद्यालयहरुको विद्यालय परिवार, स्थानीय समुदाय, नागरिक समाजका साथै विभिन्न सरकारी तथा गैरसरकारी सङ्घ संस्थाको सहभागितामा मर्मत सम्भारका कार्यहरु अगाडि बढाउन सहयोग प्राप्त भएको छ | शुद्धोधन गाउँपालिका, कपिलवस्तुमा विद्यालय भौतिक पूर्वाधार विकासको अवस्था मिश्रित देखिन्छ । केही विद्यालयहरूमा नयाँ भवन, खानेपानी, र शौचालय सुविधा उपलब्ध भए पनि सबै विद्यालयमा मापदण्ड अनुसारका पूर्वाधार पुग्न बाँकी छन् । केही विद्यालयमा तुलनात्मक रूपमा राम्रो अवस्थाका भवन तथा आवश्यक सुविधा छन् भने अधिकाशं विद्यालयमा स्रोतको अभाव, सामग्रीको कठिन पहुँच, प्राविधिक जनशक्ति कम भएकोले मापदण्ड अनुसारको पूर्वाधार निर्माणमा चुनौती छन् । स्थानीय सरकार र साझेदार संस्थाको सहयोगमा केही

सुधार भएका छन् । सबै विद्यालयलाई सुरक्षित र गुणस्तरीय पूर्वाधारमा लैजान थप प्रयास आवश्यक छ ।

### ४.६.३ उद्देश्य

१. विद्यालय शिक्षाका लागि आवश्यक मापदण्ड विकास तथा कार्यान्वयन गरी सुरक्षित विद्यालय पूर्वाधार विकास गर्नु,
२. सबै विद्यालयमा सिकाइका लागि आवश्यक भौतिक सुविधा सुनिश्चित गर्न पूर्वाधार विकास, मर्मत सम्भार तथा सबलीकरण गर्नु,
३. जलवायु परिवर्तनका असरबाट सुरक्षित हुन जलवायु अनुकूल पूर्वाधार बनाउन परामर्श गर्नु,

### ४.६.४ रणनीति

१. भौतिक पूर्वाधार विकासका लागि सञ्चालित विद्यालयको तह, विद्यार्थी सङ्ख्याको प्रक्षेपणको आधारमा मापदण्ड विकास गर्ने ।
२. एक विद्यालयमा पूर्वाधार विकासका सबै कार्य एकै पटक गर्ने गरी पूर्ण विद्यालय निर्माणको अवधारणा कार्यान्वयन गर्ने ।
३. विद्यालय पूर्वाधार विकासका लागि सङ्घ, प्रदेश र स्थानीय तहको लागत साझेदारीका आधारमा स्रोत व्यवस्थापन गरी सरोकारवालाको सहभागितामा कार्यान्वयन हुने प्रबन्ध गर्ने ।
४. विद्यालयलाई सुरक्षित बनाउन आवश्यकतानुसार सबलीकरण तथा पुनर्निर्माण एवम् मर्मत सम्भार गर्ने ।
५. पूर्वाधार निर्माणसँगै सुरक्षित विद्यालय एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको विकास गरी संस्थागत क्षमता अभिवृद्धि गर्ने ।
६. भौतिक निर्माणको स्रोत परिचालनमा तीन तहका सरकारबिच समन्वय कायम गरी एकद्वार प्रणालीको अपनाउने ।
७. विद्यालय भौतिक पूर्वाधार विकासमा स्थानीय समुदाय, सरकारी एवम् गैरसरकारी तथा समुदायमा आधारित सङ्घसंस्थाको परिचालन गरी साझेदारीमा निर्माण कार्य गर्ने ।

### ४.६.५ प्रमुख उपलब्धि तथा नतिजा

**क) उपलब्धि**

सबै विद्यालयमा पर्याप्त बालमैत्री, अपाङ्गता मैत्री र सुरक्षित भौतिक संरचना निर्माण हुने ।

### ख) नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र सं. | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|
| १ | भुकम्प प्रतिरोधी विद्यालय संख्या | १७ | १८ | २२ | २४ | २६ | ३० |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | २० | १६ | १२ | १२ | १२ | १२ |
| ३ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | ० | २ | २ | २ | १ | १ |
| ४ | बाढी तथा डुबान लगायतका प्रकोप न्यूनीकरण का लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ५ | १ | १ | १ | १ | १ |

## ४.६.६ प्रमुख क्रियाकलाप तथा परिमाणात्मक लक्ष्य

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | स्थानीय तहका छनौट भएका विद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका विद्यालय निर्माण गर्ने | विद्यालय | ३ | २ | २ | २ | २ | ११ |
| २ | विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा फर्निचर व्यवस्थापन | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ |

| क्रसं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| ३ | विद्यालयको भौतिक निर्माणमा वातावरणीय र सामाजिक सुरक्षा सम्बन्धी रुजु सूची भर्ने विद्यालय | संख्या | २४ | २४ | २४ | २४ | २४ | १२० |
| ४ | कक्षा कोठा सबलीकरण | संख्या | ५ | ५ | ५ | ५ | ५ | २५ |
| | ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | | २ | २ | २ | २ | २ | १० |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि

### ४.७.१ परिचय

सामान्यतया सूचना तथा सञ्चार प्रविधि भन्नाले सूचनाको सङ्कलन, सम्प्रेषण एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, इन्टरनेट आदिको समष्टिगत रुप भन्ने बुझिन्छ । सूचनाभित्र खबर, विचार, संवेग, अनुभव, दृष्टिकोण, तर्क, तथ्य, वर्णन आदि पर्दछन् । सूचना आदान प्रदान गर्ने कार्य सञ्चार हो भने सूचनाको सञ्चार गर्ने आधुनिक माध्यम प्रविधि हो । कम्प्युटर, इमेल, इन्टरनेट आदिको उपयोग गरी शिक्षा प्रदान गर्ने कार्य यसभित्र पर्दछ । आजको दुनियाँ डिजिटल दुनियाँ हो । विश्व नै सूचनाका प्रविधिले एउटा ‘स्मार्ट भिलेज’ बनिरहेको र अहिलेका जेड-जेनेरेसनका बालबालिकालाई प्रविधिसँग सुसूचित गराउन, पाठ्यक्रम तथा मूल्याङ्कनमा समेत समावेश गरिएका प्रविधिसम्बन्धी विषयवस्तुसँग परिचित हुन, शिक्षक सक्षमता प्रारूप, २०७२ अनुसार उल्लेख गरिएका सूचना तथा सञ्चार प्रविधिसम्बन्धी सक्षमता हासिल गर्न समेत वर्तमान अवस्थामा नेपालको विद्यालय शिक्षामा यसको प्रयोग अपरिहार्य देखिएको छ ।

शिक्षक सक्षमताको प्रारूप, २०७२ ले शिक्षाका आठ वटा सक्षमता तोकेकोमा सक्षमता नं. ८ मा सूचना तथा सञ्चार प्रविधि रहेको छ, जस अन्तर्गत शिक्षक निम्न कुरामा सक्षम हुनुपर्ने उल्लेख गरिएको छः

- सिकाइलाई सहजीकरण गर्न सूचना तथा सञ्चार प्रविधिको एकीकृत सिकाइ रणनीतिको छनोट तथा उपयोग गर्न,
- सिकारुका आवश्यकता अनुकूल डिजिटल सामग्री विकास गर्न तथा उपलब्ध सामग्रीको अनुकूलन गरी उपयोग गर्न,

- सूचना प्रविधिका साधनमार्फत सिकारूको स्वसिकाइ प्रवर्धन गर्न, आपसी सञ्चार र सहकार्यलाई प्रभावकारी बनाउन,
- सिकाइको मूल्याङ्कन र पृष्ठपोषण प्रदान गर्न सूचना तथा सञ्चार प्रविधिको उपयोग गर्न,
- शिक्षामा सूचना तथा सञ्चार प्रविधि सम्बन्धी नीति र डिजिटल संस्कृतिमा भएको विकासबारे परिचित हुँदै सो अनुकूल पेसागत व्यवहार प्रर्दशन गर्न।

**४.७.२ वर्तमान अवस्थाः**

शुद्धोधन गाउँपालिका अन्तर्गत सञ्चालित रहेका सामुदायिक संस्थागत र धार्मिक विद्यालयहरुमा सूचना प्रविधिको प्रयोगको लागि सबै सामुदायिक विद्यालयमा इन्टरनेटको पहुँच र ११ वटा सामुदायिक विद्यालयमा ICT LAB स्थापना गरिएको छ । नेपाल सरकारबाट प्राप्त हुने सशर्त अनुदानबाट नै सम्पूर्ण सामुदायिक माध्यमिक विद्यालयहरुमा ICT LAB व्यवस्थापनका लागि अनुदान प्राप्त गरे तापनि जुन उद्देश्यले उक्त अनुदान प्रदान गरिएको हो सो अनुसारको व्यवस्थापन र प्रयोगमा केही कमी पाईन्छ । त्यस्तै संस्थागत विद्यालयहरुमा पनि विद्यालयले आफ्नै स्रोतबाट ICT LAB व्यवस्थापन गरी विद्यार्थीका लागि सूचना प्रविधिको माध्यमबाट शिक्षण सिकाइ क्रियाकलाप गर्न खोजेको भए तापनि प्रभावकारी रुपमा व्यवस्थापन गर्न सकिएको छैन ।

विद्यालयले इन्टरनेट जडान गरी शिक्षण सिकाइका क्रममा आवश्यक जानकारी तथा सूचनाहरु इन्टरनेटको माध्यमबाट खोजी गरी शिक्षण गर्ने परिपाटी सुरु भएको छ ।

यसरी विभिन्न स्रोत र तरिकाबाट सामुदायिक विद्यालयमा सूचना तथा संचार प्रविधिको विस्तारका लागि विभिन्न कार्यक्रम कार्यन्वयन गरेता पनि अनुदान रकम प्रयाप्त नहुनु, सबै विद्यालयमा अनुदान दिन नसक्नु, प्रयोगको लागि दक्ष जनशक्ति नहुनु जस्ता विविध कारणले गर्दा प्रभावकारी रुपमा व्यवस्थापन भइ कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा प्रविधिको उपयोग कम मात्रै विद्यालयमा गरेको पाइन्छ । संस्थागत विद्यालयमा पनि सामान्यखालको कम्प्युटर ल्याब निर्माण र इन्टरनेट जडान गर्नु बाहेक शिक्षण सिकाइ क्रियाकलापमा ICT को प्रभावकारी व्यवस्थापन भएको पाइँदैन ।

विद्यालयमा भएका ICT LAB को प्रयोगको अवस्था पनि सन्तोषजनक छैन । वजेटको कमी, विद्यालयको इच्छाशक्ति, सम्बन्धित निकायको अनुगमन र नियमन र दक्ष जनशक्तिको अभावका कारण अनुदान पाएका विद्यालयमा पनि शिक्षण कार्यमा ICT को प्रयोगको अवस्था दयनीय नै छ । यस सम्बन्धी जानकारी तलको सूचना सहितको तालिकाले पनि प्रष्ट पार्दछ ।

विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच तथा विस्तारका सम्बन्धमा शुद्धोधन गाउँपालिकाले गरेका केही असल अभ्यासलाई देहाएबमोजिम उल्लेख गर्न सकिन्छ ।

- सम्पूर्ण माध्यमिक तथा निम्न माध्यमिक विद्यालयमा कम्तिमा एकपटक **ICT LAB** व्यवस्थापनको लागि अनुदान उपलब्ध गराएको छ ।
- सम्पूर्ण सामुदायिक विद्यालयमा इन्टरनेटको लागि अनुदान प्रदान गरेको छ ।
- केही विद्यालयको लागि **ICT LAB** व्यवस्थापनका लागि कम्पयुटर र विद्युतका लागि अनुदान प्रदान गरेको छ ।
- सम्पूर्ण वालविकास केन्द्रका लागि इन्टरनेट जडान सहितको टेलिभिजन जडान गर्न सहयोग गरेको छ ।
- सम्पूर्ण सामुदायिक विद्यालय र ११ वटा मदरसाहरुलाई १/१ थान कम्प्युटर र प्रिन्टर प्रदान गरिएको छ ।
- सम्पूर्ण विद्यालयको लागि एकीकृत शैक्षिक व्यवस्थापन प्रणाली **(IEMIS)** सम्बन्धी क्षमता विकास कार्यक्रम सञ्चालन गरेको ।

**समस्या/चुनौती**

- शिक्षकहरूमा ज्ञान तथा इच्छाशक्तिको कमी,
- **ICT** युक्त बातावरण सिर्जना गर्नका लागि पूर्वाधारको अभाव हुनु,
- सूचना प्रविधि सम्बन्धी दक्ष मानवीय स्रोतको विकासको कमी,
- सबै विषय, तह र कक्षाका पाठ्यसामग्री डिजिटाइजेसन हुन नसक्नु,
- प्रविधिको दुरुपयोग हुने डर (साइबर अपराध, **Bullying,Hacking,etc**) ।

४.७.३ **उद्देश्यः**

१. सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको पहुँच पुऱ्याउनु,
२. सिकाइलाई प्रभावकारी, गुणस्तरीय र सान्दर्भिक बनाउन सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्नु,
३. कक्षाकोठाको शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग गर्नु

रणनीति

सबै विद्यालयमा सूचना तथा सञ्चार प्रविधिका आधारभूत संरचना तथा उपकरणको प्रबन्ध गर्ने

१. सूचना तथा सञ्चार प्रविधिको प्रयोगको सम्बन्धमा सबै शिक्षकको क्षमता अभिवृद्धि गर्ने
२. विभिन्न कक्षा र विषयका लागि तयार गरिएका अन्तरक्रियात्मक डिजिटल सामग्रीको प्रयोग गर्ने
३. शिक्षक सहायता र पृष्ठपोषण प्रणालीमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने

४. शैक्षिक स्रोत सामग्रीमा इन्टरनेटको सुविधामार्फत विद्यालय, शिक्षक र विद्यार्थीको पहुँच विस्तार गर्ने

५. कम्प्युटर लाइब्रेरी तथा डिजिटल पुस्तकालयको माध्यमबाट दृष्टिविहीन तथा सुनाइ क्षमता कमजोर भएका बालबालिकालाई लक्षित गरी दृश्य तथा श्रव्य सामग्रीको उचित प्रबन्ध र प्रयोग गर्ने ।

६. ICT LAB व्यवस्थापनका लागि विद्यालयलाई आवश्यक आर्थिक सहयोग गर्ने ।

७. गाउँपालिकाभित्रको कुनै एक सामुदायिक विद्यालयलाई सूचना तथा प्रविधिको प्रयोगको रुपमा नमुना विद्यालयको रुपमा स्थापना गर्ने ।

### ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

**उपलब्धि**

१. विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विकास र विस्तारले प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।

२. सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ ।

३. सूचना तथा सञ्चार प्रविधिको प्रभाकारी व्यवस्थापनका कारण सामुदायिक विद्यालयहरुमा विद्यार्थीको संख्या वृद्धि हुनेछ ।

४. विद्यार्थीको विद्यालयमा नियमित उपस्थितिदरमा वृद्धि हुनेछ ।

### ४.७.५ नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५ | /८६ |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका विद्यालयको सङ्ख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका विद्यालय सङ्ख्या | ११ | १३ | १५ | २० | २२ | २४ |
| ३ | विभिन्न कक्षा र | ११ | १३ | १५ | २० | २२ | २४ |

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५ | /८६ |
|---|---|---|---|---|---|---|---|
| | विषयका अन्तरक्रियात्मक डिजिटल सामग्रीमा विद्यार्थीको सहज पहुँच हुने विद्यालय संख्या | | | | | | |
| ४ | सूचना प्रविधिमा आधारित एकीकृत शैक्षिक सूचना तथा व्यवस्थापन प्रणाली लागु भएको विद्यालय संख्या | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय | सबै विद्यालय |

### ४.७.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र. स. | प्रमुख क्रियाकलाप | लक्ष्य इकाइ | भौतिक लक्ष्य(५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | विद्यालयमा ICT मैत्री संरचना विस्तार गरी इ-लाइब्रेरी स्थापना | संख्या | १ | १ | १ | १ | १ | ५ |
| २ | सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार | विद्यालय | २४ | २४ | २४ | २४ | २४ | १२० |
| ३ | शिक्षक तथा कर्मचारीहरुको सञ्चार तथा प्रविधिसम्बन्धि क्षमता विकास | पटक | १ | १ | १ | १ | १ | ५ |
| ४ | एक शिक्षक एक ल्यापटप लागत साझेदारीमा | पटक | ० | १ | ० | १ | ० | २ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | कार्यक्रम | | | | | | | |
| ५ | सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङ सेन्टरको रुपमा विकास | संख्या | १ | १ | १ | १ | १ | ५ |
| ६ | परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | EMIS सम्बन्धी तालिम | पटक | १ | १ | १ | १ | १ | ५ |
| | साइबर कानुनको प्रभावकारी कार्यान्वयन र जनचेतना स्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमा न्यूनीकरण (6-12 सञ्चालित सबै विद्यालयहरु) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | सबै माध्यमिक विद्यालयहरुको वेभसाइट, इ-हाजिरी र सिसी टिभी क्यामेरा जडान | विद्यालय | २ | २ | १ | १ | १ | ७ |

# परिच्छेद ५
# सुशासन तथा व्यवस्थापन

## ५.१.१ परिचय

देशको वर्तमान शासकीय स्वरूप अनुसार सरकारका तिनै तहमा प्रवाह हुने शैक्षिक सेवालाई निरन्तर गर्न तत्कालीन समस्या समाधानका लागि कर्मचारीको व्यवस्थापन र संगठनात्मक स्वरूपमा केही परिवर्तन गरी व्यवस्थापन गरिएको छ । बदलिँदो परिवेश अनुसार शासकीय संरचना प्रक्रिया र क्षमता सुधार गरिएमा मात्र शैक्षिक गतिविधि प्रभावकारी भइ सुशासन कायम हुने भएकाले सङ्घीय संरचना अनुसार तीन तहको सरकारका अधिकार तथा दायित्व शिक्षामा भएको संख्यात्मक विस्तार ज्ञान विज्ञान-प्रविधि र सञ्चारमा भएको विकास सामाजिक चेतनामा आएको परिवर्तन लगायतका पक्षहरूलाई समेत विचार गरेर संस्थागत संरचना र क्षमता विकास गरी सुशासन प्रवर्धन गर्नु आवश्यक देखिएको छ । यसमा योजनामा प्रारम्भिक बालबिकास शिक्षा आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबैको पहुँच र सहभागिता सुनिश्चित गरी गुणस्तरमा सुधार, अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार र समता तथा समावेशीताको परिवर्तन सहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रिया स्थापित गर्न खोजिएको छ भने त्यसका लागि आवश्यक पर्ने क्षमता विकासको आवश्यकता पनि पहिचान गरिएको छ । यस खण्डमा सुशासन प्रवर्धन गरी शिक्षा विकासका कार्यक्रमहरू कार्यान्वयनका लागि विद्यमान पद्धतिको समिक्षा गरी यस विद्यालय क्षेत्रको योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि संस्थागत संरचना क्षमता र प्रकृयामा देखिएका चुनौतीहरू पहिचान गरिएको छ । पहिचान गरेका चुनौतीहरूको सामना गरी सुशासन प्रवर्धन गर्नका लागि आवश्यक संरचना क्षमता र प्रक्रियाको विकास तथा परिवर्तनको प्रस्ताव पेश गरिएको छ ।

वर्तमान अवस्थामा सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय रहेको छ । राष्ट्रको शिक्षा सम्बन्धी समष्टिगत नीति निर्धारण शिक्षा सम्बन्धी मापदण्ड र स्तर निर्धारण सङ्घीय योजनाको विकास अनुगमन तथा मूल्याङ्कन गर्नु मन्त्रालयको प्रमुख दायित्व रहेको छ । मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा शिक्षा तथा मानव स्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र रहेका छन् । त्यसै गरी स्वायत्त निकायका रूपमा राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग क्रियाशील छन् । विद्यालय शिक्षाको सञ्चालन तथा व्यवस्थापन गर्नका लागि सङ्घीय र प्रादेशिक तहमा ऐन तथा नियमावलीहरूको निर्माण तथा परिमार्जन नभएकोले कार्यान्वयनमा जटिलता सिर्जना भएको छ । विशेष गरी सङ्घीय शिक्षा ऐन जारी हुन नसकेको कारणले प्रदेश र स्थानीय कानुनहरू विकास तथा कार्यान्वयनमा बाधा भई शैक्षिक गतिविधि व्यवस्थित रूपमा सञ्चालन हुन नसकेका गुनासाहरू मात्र होइन यथार्थ पनि हाम्रो सामु छ ।

### ५.१.२ वर्तमान अवस्था

यस गाउँपालिका भित्रका सबै विद्यालयहरूको सुशासन, व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था छ । शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ (संशोधन सहित ) मा व्यवस्था भए अनुसार विद्यालयहरू सञ्चालनमा रहेका छन् । विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरू व्यवस्थापन समितिकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरिन्छ । व्यवस्थापन समितीले गरेका निर्णयहरूलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ । विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरूको सञ्चालन व्यवस्थापन समितिको सक्रियतामा सम्पन्न गरिन्छ । विद्यालयको रेखदेख, सञ्चालन, निरीक्षण, व्यवस्थापन गर्ने, आर्थिक स्रोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरू व्यवस्थापन समितिले गर्दै आइरहेको छ ।

विद्यालयमा व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक सङ्घ रहने व्यवस्था छ । शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाइ शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ । विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहने व्यवस्था छ । विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्ने व्यवस्था वर्तमान नियमावलीमा रहेको छ । विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समितिबिचमा सुमधुर सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानाध्यापकको रहेको छ । शैक्षिक सुशासनका लागि  यस गाउँपालिकामा सबै सामुदायिक विद्यालयमा विद्यालय सुधार योजना, सामाजिक परीक्षण र लेखापरीक्षण नियमित रुपमा हुने गरेका छन् ।

**चुनौती तथा समस्याहरुः**

- विद्यालय व्यवस्थापन समितिहरूमा प्रायः सदस्यहरूको प्रशासनिक ज्ञान र अनुभव कम हुँदा निर्णय प्रक्रिया प्रभावकारी रूपमा सञ्चालन हुन सकेको छैन ।
- विद्यालयको बजेट र खर्च पारदर्शी नहुनु, तथा जिम्मेवारीमा स्पष्टता नहुनु सुशासनको चुनौती बनिरहेको छ ।
- विद्यालयको प्रगति तथा कमी कमजोरीलाई समयमै मूल्याङ्कन नगर्दा योजनाबद्ध सुधार र प्रभावकारी निर्णय लिन कठिनाइ हुन्छ।
- विद्यालय र स्थानीय तहबिचको कमजोर समन्वयले स्रोत र व्यवस्थापन सुधारका कार्यहरूमा अवरोध सिर्जना गर्छ ।
- व्यवस्थापनका लागि आवश्यक दक्ष जनशक्ति र पर्याप्त स्रोत साधन नहुँदा गुणस्तरीय व्यवस्थापन कायम राख्न चुनौती छ ।

**अवसरहरू:**

- सङ्घीय शिक्षा नीतिको कार्यान्वयन गर्दै स्थानीय सरकारसँग सहकार्य गरेर विद्यालयको व्यवस्थापन सुधार गर्न सकिन्छ।
- विद्यालय व्यवस्थापनमा अभिभावक र स्थानीय समुदायलाई सहभागी गराएर उनीहरूको सक्रिय सहयोग र सुझावमार्फत शिक्षा प्रणाली सुधार गर्न सकिन्छ।
- सङ्घीय तथा प्रदेश सरकारका विभिन्न शिक्षा सुधार कार्यक्रम र अनुदानलाई विद्यालय सुशासन तथा व्यवस्थापन सुधारमा उपयोग गर्न सकिन्छ ।
- विद्यालय व्यवस्थापन समितिका सदस्यहरूलाई तालिम र क्षमता विकासको अवसर प्रदान गरेर उनीहरूलाई सुशासनको प्रक्रियामा संलग्न गराउन सकिन्छ ।

## ५.१.३ उद्देश्य

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन गरी कार्य सम्पादनप्रति उत्तरदायी, जवाफदेही प्रणाली स्थापना गरी सुशासनको अभिवृद्धि गर्नु,

२. स्थानीय तहका कर्मचारी तथा सरोकारवाला लगायत शिक्षाका सबै संरचना र संयन्त्रमा काम गर्ने जनशक्ति र संस्थाको क्षमता अभिवृद्धि गर्नु,

३. विद्यालयलाई नतिजाप्रति जबाफदेही बनाउन विद्यालय व्यवस्थापनलाई सक्षम बनाउनु,

४. सङ्घ र प्रदेश सरकारसँगको समन्वय र सहकार्य समेतका आधारमा आवश्यक स्रोत साधनको व्यवस्थापन गर्नु ।

**रणनीति**

१. सङ्घ र प्रदेश सरकारबाट जारी भएका कानुनका आधारमा सहकार्य तथा समन्वय गर्ने संयन्त्रसहित आवश्यक कानुनी प्रबन्ध गर्ने ।

२. स्थानीय सरकार सञ्चालन ऐनले परिकल्पना गरेको विभिन्न विषयगत योजना निर्माण तथा कार्यान्वयन गर्ने ।

३. स्थानीय तहमा विद्यालय तहको शिक्षासँग सम्बन्धित साङ्गठनिक संरचना तथा कर्मचारी व्यवस्थाको पुनरावलोकन गरी सङ्घीय सरकारसँग आवश्यक समन्वय तथा सहजीकरण गर्ने

४. विद्यालय सुधार योजनामा जोड दिँदै स्थानीय तहका विभिन्न संरचना तथा जनशक्ति र संस्थाहरूको क्षमता अभिवृद्धि गर्ने ।

५. विद्यालयमा प्रधानाध्यापकको नेतृत्व तथा उनीहरूलाई नतिजाप्रति उत्तरदायी बनाउन प्रधानाध्यापक छनोट गर्ने विद्यमान प्रणाली ,तालिम र वृत्ति विकासमा सुधार गर्ने ।

६. स्थानीय सरकारको नीति, कार्यक्रम तथा प्राथमिकता, विद्यालय तहमा विद्यालय सुधार योजनामा आधारित भई सङ्घ, प्रदेश र शिक्षाका अन्य सरोकारवालाहरुसँग समन्वय तथा सहकार्य गरी आवश्यक स्रोत साधनको व्यवस्थापन तथा परिचालन गर्ने ।

७. स्थानीय तहमा शिक्षक पेसागत सहयोग प्रणाली स्थापना गर्ने ।

### ५.१.४ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य

**उपलब्धि-**

१. स्थानीय तहमा आवश्यक पर्ने जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।

२. संस्थागत क्षमता अभिवृद्धि भइ उत्तरदायित्व तथा जिम्मेवारीमा अभिवृद्धि भएको हुनेछ।

३. स्थानीय तहमा आवश्यक स्रोत साधनको व्यवस्थापन भइ प्रभावकारी रूपमा कार्यसम्पादन भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्रसं | सूचक | एकाइ | २०८१/८२ (आधार वर्ष) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | संख्या | ३ | ४ | ५ | ६ | ७ | ७ |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | संख्या | ८ | ११ | १३ | १४ | १५ | १७ |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | संख्या | २४ | २४ | २४ | २४ | २४ | २४ |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | संख्या | २२ | २४ | २४ | २४ | २४ | २४ |
| ५ | प्रचलित कानुनमा | संख्या | ० | १ | १ | ३ | ५ | ७ |

| क्रसं | सूचक | एकाइ | २०८१/८२ (आधार वर्ष) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ |
|---|---|---|---|---|---|---|---|---|
| | व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | | | | | | | |

## ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधीकरण गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | शैक्षिक तथ्याङ्क व्यवस्थापन, प्रतिवेदन तयारी र प्रवोधीकरण गर्ने साथै वार्षिक कार्यक्रमहरूको स्थिति प्रतिवेदन तयार गर्ने | पटक | ० | १ | १ | १ | १ | ४ |
| ३ | विद्यालयहरूमा सञ्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी सामाजिक लेखापरीक्षण गर्ने | विद्यालय | २४ | २४ | २४ | २४ | २४ | १२० |
| ४ | विद्यालयको कार्यसम्पादन लेखापरीक्षण र सोको सुझावहरूको आधारमा स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन योजनाको गुणस्तर वृद्धि गर्ने | विद्यालय | २४ | २४ | २४ | २४ | २४ | १२० |
| ५ | विद्यालयहरूमा सञ्चालित शैक्षिक, भौतिक र अन्य सबै कार्यक्रमहरू बापत प्राप्त आय र सोको खर्च तथा व्ययसम्बन्धी आर्थिक लेखापरीक्षण गर्ने | विद्यालय | २४ | २४ | २४ | २४ | २४ | १२० |

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| ६ | स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिवृद्धि गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहका र वाह्य विशेषज्ञहरूको संयुक्त सहभागितामा विभिन्न Issues मा आधारित अनुसन्धान कार्यहरू (वार्षिक कम्तीमा १ समस्यामा) | पटक | १ | १ | १ | १ | १ | ५ |
| ७ | स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको वार्षिक, मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने | पटक | 0 | ० | १ | 0 | १ | २ |

## ५.२ शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

### ५.२.१ परिचय

कुनै पनि कार्यसम्पादन गर्नु अगाडिको महत्वपूर्ण मार्गचित्र योजनाले समेटेको हुन्छ । त्यसैले योजना निर्माण एक अनुमानित कार्य योजनाको खाका हो । यसमा कुन कुन कार्यहरू के कसरी गर्ने ? कहिले गर्ने ? कहाँ कहाँ गर्ने ? कति गर्ने ? कसले गर्ने ? बजेटको व्यवस्थापन पक्ष के हो ? इत्यादि विषय वस्तुहरूको समग्र प्रस्ताव योजनामा समावेश भएको हुन्छ । पूर्व योजनाले भविष्यमा गरिने कामहरूलाई सहजीकरण गर्दछ । कार्य आरम्भ गर्नु अगाडि नै विभिन्न जन अपेक्षाहरू, स्रोत साधन, अवस्था, मौजुदा ऐन नियमले गरेको कानुनी व्यवस्था आदिका आधारमा योजना निर्माण गरिन्छ ।

कुनै पनि गाउँपालिकाको शैक्षिक योजना निर्माण एउटा आधारभूत कुरा भए पनि यसको कार्यान्वयन पक्ष महत्वपूर्ण रहन्छ । योजनाले तोकेका उद्देश्य तथा लक्ष्यहरू कार्यान्वयनबाट प्राप्त गर्न सकेमा मात्र योजनाको अर्थ रहन्छ । कार्यान्वयन पक्ष बलियो र सशक्त भएमा प्रतिफल सोचे अनुसार हासिल हुन सक्छ । सबैभन्दा जटिल र चुनौतिपूर्ण अवस्था भनेकै योजना कार्यान्वयन हो । कार्यान्वयन सहज सशक्त भएमा मात्र अपेक्षित क्षेत्रहरूले प्रतिफल दिन सक्छन् । योजनामा समावेश गरिएका क्षेत्र तथा विषयवस्तुहरू तोकिएको समयमा सम्पन्न गर्न सकेमा थप योजना पुनः प्रारम्भ गर्ने बाटो खुल्छ ।

गाउँपालिकाले निर्माण गरेको शैक्षिक योजना कार्यान्वयनका लागि उपयुक्त प्रबन्ध गर्नु पर्ने हुन्छ । सम्बन्धित संगठनहरू परिचालन, जनशक्तिको व्यवस्थापन, नीति नियम तथा जिम्मेवारी र उत्तरदायित्व आदिको व्यवस्थापन गरेमा योजना सफल हुन सक्छ । योजना कार्यान्वयनका लागि सङ्घ, प्रदेश र स्थानीय तह सबैको भूमिका रहन्छ । योजना स्थानीय तहमा कार्यान्वयन हुने भएकोले यसको महत्वपूर्ण जिम्मेवारी स्थानीय तहको नै हुन्छ । योजना कार्यान्वयन गर्दा दिगोपन, प्रभावकारिता र कार्यकुशलतामा ध्यान दिनु पर्छ ।

### ५.२.२ वर्तमान अवस्थाः

मुलुक संघीय संरचनाको ढाँचामा रुपान्तरण भएसँगै नयाँ चिराबाट योजना कार्यान्वयनको प्रवन्ध गर्नुपर्ने कानुनी व्यवस्था छ । शिक्षा क्षेत्रमा पनि यसै अनुसार संरचनात्मक रुपान्तरण गर्नुपर्ने हुन्छ। सङ्घमा रहेको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समग्र शिक्षा नीति तथा योजना तर्जुमा, राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय, विकास साझेदारहरूसँग समन्वय तथा सहकार्य गर्दछ । स्थानीय तहमा शिक्षा महाशाखा/शाखा रहेका छन्। विद्यालयमा विद्यालय व्यवस्थापन समिति रहनुका साथै शिक्षक मध्ये एक जनालाई प्रधानाध्यापक नियुक्त गरी विद्यालय सञ्चालनको जिम्मेवारी दिइएको छ ।

स्थानीय तहमा कार्यसम्पादन गर्नका लागि परिवर्तन गरीएको उल्लिखित सङ्गठन संरचना तथा जनशक्ति व्यवस्थापन विद्यालय शिक्षामा सुशासन कामय गरी कुशल व्यवस्थापनका लागि पर्याप्त नदेखिएको सन्दर्भलाई विचार गर्दा यस योजनाको प्रभावकारी र कुशल कार्यान्वयनका लागि वर्तमान प्रबन्धमा परिमार्जन तथा सुधार आवश्यक देखिएको छ ।

**समस्या तथा चुनौतीहरूः**

१. स्थानीय शिक्षक सहायता पद्धति विकास गर्नु ।

२. शिक्षक तालिमको क्षमता विस्तार गर्नु ।

३. स्थानीय तहमा जनशक्ति अभावले विद्यालयका लागि सहयोग तथा अनुगमन प्रणाली व्यवस्थित गर्न र सङ्गठन तथा दरवन्दी पुनरावलोकन गर्नु ।

४. विद्यालय शिक्षाका सन्दर्भमा स्थानीय तहको भूमिका तथा कार्यविवरण स्पष्ट गर्नु पर्ने ।

५. सङ्घ, प्रदेश र स्थानीय तहको बजेटलाई एकीकृत गरी स्थानीय तहमा शिक्षा योजना निर्माण गर्नु।

६. सङ्घ, प्रदेश तथा स्थानीय तहहरू बिच समन्वय र सहकार्य सुदृढ गर्ने ।

**५.२.३ उद्देश्यहरुः**

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।

**रणनीतिहरू**

१. सङ्घीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरणमार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेटसमेत संलग्न गरी वार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
२. कार्यक्रम कार्यान्वयनका लागि आवश्यकतानुसार कानुन, कार्यविधि तथा निर्देशिका विकास गर्ने ।
३. कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी विद्यालयमा कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुने सुनिश्चितताका साथै समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
४. एकीकृत शैक्षिक सूचना व्यवस्थापनमार्फत नियमित रूपमा कार्यक्रम कार्यान्वयन तथा त्यसका नतिजाहरूको विवरण तयार गर्ने, त्यसको समीक्षा गरी थप सुधारमा प्रयोग गर्ने ।
५. विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालयलाई विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
६. विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने ।

७. विद्यालय व्यवस्थापनलाई सशक्तिकृत र सुदृढ गरी निर्धारित कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेवारी प्रदान गरी उत्तरदायी बनाउने ।

८. वित्तीय व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन तथा शिक्षकको कक्षा कोठामा समय तथा कार्यको सुनिश्चिततासम्बन्धी आवश्यक मापदण्ड तयार गरी लागु गर्ने ।

९. अभिभावक तथा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला तथा बैठकहरू आयोजना गर्ने र सामाजिक परीक्षणलाई प्रभावकारी बनाउने ।

१०. सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरूका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, वैकल्पिक शिक्षा तथा आय आर्जन र सिप विकासका कार्यक्रमहरू सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रूपमा समेत कार्य गर्ने ।

### ५.२.४ प्रमुख उपलब्धि तथा नतिजा

#### क) उपलब्धि

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।

### ६.२.५ प्रमुख क्रियाकलाप र परीमाणत्माक लक्ष्यः

| क.सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८१/८२ (आधार वर्ष) | २०८२ /०८२ | २०८३ /०८४ | २०८४ /०८५ | २०८५ /०८६ | २०८६ /०८७ |
| १. | वार्षिक वजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | १ |
| २. | आवश्यक कानुन निर्देशिका तथा कार्यविधिको विकास | पटक | १ | - | १ | - | - | - |
| ३. | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | पटक | - | १ | १ | १ | १ | १ |
| ४. | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक | पटक | १ | १ | १ | १ | १ | १ |
| ५. | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | पटक | १ | १ | १ | १ | १ | १ |
| ६. | शैक्षिक गुणस्तर सुधार सम्वन्धी अन्तरक्रिया | पटक | १ | १ | १ | १ | १ | १ |
| ७. | अनौपचारिक शिक्षा र जीवनपर्यन्त | पटक | १ | १ | १ | १ | १ | १ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | | | | | | | |
| ८. | सामाजिक परीक्षणको प्रतिवेदनको आधारमा विद्यालयहरुलाई थप सहजीकरण | पटक | १ | १ | १ | १ | १ | १ |

## ५.२.६ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८४ | २०८६ | जम्मा |
| १ | वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्ने विद्यालय | संख्या | २४ | २४ | २४ | २४ | २४ | १२० |
| २ | विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक गर्ने विद्यालय | संख्या | २४ | २४ | २४ | २४ | २४ | १२० |
| ३ | एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | संख्या | २४ | २४ | २४ | २४ | २४ | १२० |
| ४ | अनुगमन प्रणाली का लागि सूचक तयारी र अध्यावधिक | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | विद्यालय अनुगमन | पटक | २ | २ | २ | २ | २ | १० |
| ६ | चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ७ | विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | १ | १ | १ | १ | १ | ५ |
| ८ | विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |

# परिच्छेद ६

# *लगानी र स्रोत व्यवस्थापन*

## ६.१ परिचय

सबै नागरिकहरूलाई आधारभूत तह निःशुल्क र अनिवार्य तथा माध्यमिक तह निःशुल्क उपलव्ध गराउने संवैधानिक प्रावधान रहेको छ । आधारभूत तथा माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय सरकारको कार्यक्षेत्रमा राखिएको छ । आधारभूत तथा माध्यमिक शिक्षा, प्रा रम्भिक बालविकास शिक्षा, खुला शिक्षा, दुर शिक्षा, विशेष शिक्षा, सामुदायिक सिकाइ केन्द्रहरूका अतिरिक्त औपचारिक संरचना बाहिरका ट्युसन कोचिङ सेन्टरहरूको नीति, योजना र समग्र व्यवस्थापनको जिम्मेवारी स्थानीय सरकारको रहने गरी स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले २३ वटा अधिकारहरूको विस्तृतीकरण गरेको पाइन्छ । कार्यक्षेत्र भित्रका शैक्षिक संस्थाहरूलाई अनुदान उपलव्ध गराउने, लेखापरीक्षण र वित्तीय सुशासन कायम गर्ने दायित्व पालिकाको कार्यक्षेत्रमा रहेकोले सीमित स्रोत साधनलाई मितव्ययी, नियमित, प्रभावकारी र पारदर्शी ढङ्गले व्यवस्थापन गर्नु पर्नेछ ।

वित्तीय व्यवस्थापन अन्तर्गत दुईवटा पक्षहरूलाई समेटिएको छ । एकातर्फ योजना कार्यान्वयनको लागि आवश्यक पर्ने वित्तीय स्रोतको आँकलन, प्राप्ति र उपयोगलाई समेटिएको छ भने प्रदेश तथा सङ्घीय सरकारबाट प्राप्त विभिन्न प्रकारका अनुदानहरूलाई विद्यालयहरूमा पुऱ्याइ तोकिए बमोजिम खर्च, पारदर्शिता बढाउदै समग्र पक्षमा वित्तीय अनुशासन कायम गर्नु पर्नेछ ।

शिक्षा विकास पूर्वाधारहरूको पनि पूर्वाधारका रूपमा लिइन्छ । शिक्षाको समय सापेक्ष जुन गतिमा विकास हुनुपर्ने हो त्यसो हुन सकेको छैन । विभिन्न प्रतिवेदनहरूले कुल बजेटको २० प्रतिशत बजेट शिक्षामा विनियोजन गरिए तापनि सो अनुपातमा पुग्न सकेको छैन । यथार्थताको नजिक रहेर योजना बनाएर सो बमोजिम बजेट विनियोजन गर्ने नभइ हचुवाको भरमा बजेट विनियोजन गर्ने कार्यले प्रश्रय पाएको छ । समुदायको विद्यालयमा लगानी गर्नुपर्छ भन्ने सोचमा गिरावट आएको छ । संविधानमा शिक्षालाई लगानीमैत्री बनाउने र लगानी बढाउदै लैजाने नीति उल्लेख गरिएको छ । कमजोर भौतिक पूर्वाधारलाई सुविधा सम्पन्न बनाउनु, विद्यालयहरूको आर्थिक पक्षलाई सबलीकरण गर्नु, विद्यालय शिक्षामा परिचालन हुने बजेटलाई पारदर्शी बनाउनु चुनौतीका रूपमा रहेका छन् । सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा शिक्षालाई राखिनु, सङ्घ, प्रदेश र स्थानीय तहको एकल अधिकारका रुपमा समेत स्पष्ट गरिनुले शिक्षामा लगानीको अवसर राम्रो रहेको छ ।

## ६.२ वर्तमान अवस्था

विश्वव्यापी रुपमा दिगो विकासका लक्ष्यहरू हासिल गर्न कुल बजेटको कम्तिमा २० प्रतिशत रकम शिक्षा क्षेत्रमा विनियोजन गर्ने विश्वव्यापी प्रतिवद्धता रहे तापनि शिक्षा क्षेत्रको बजेट क्रमश घट्दै गइरहेको पाइन्छ । सर्शत अनुदानको रुपमा प्राप्त हुने केन्द्रिय अनुदानको ९५ प्रतिशत भन्दा बढी रकम शिक्षक तलव भत्ता, छात्रवृत्ति, भौतिक पूर्वाधार, दिवाखाजा र पाठ्यपुस्तक जस्ता शीर्षकहरूमा खर्च हुने गरेको छ । गुणस्तर अभिवृद्धि र क्षमता विकासका लागि स्थानीय सरकारका कार्यक्रमहरू केन्द्रित रहेका छन ।

पाँच वर्षीय शिक्षा योजना कार्यान्वयनको वित्तीय व्यवस्थापनका मुख्य स्रोत सङ्घीय, प्रदेश र स्थानीय सरकार रहनेछन् । अभिभावक र समुदायको भूमिका परिपूरकको रुपमा रहनेछ । शिक्षा क्षेत्रमा कार्य गर्ने सङ्घ संस्थाहरूलाई विज्ञताका आधारमा क्षेत्रगत रुपमा साझेदारी गर्न सकिनेछ । समग्र वित्तीय व्यवस्थापन अन्तर्गत योजना कार्यान्वयनका लागि प्रयाप्त वित्तीय स्रोत जुटाउनु, शैक्षिक गुणस्तर अभिवृद्धिका लागि विद्यालयहरूलाई आवश्यकता क्षेत्रमा स्रोत उपलव्ध गराउने र स्रोत साधनको प्रभावकारी व्यवस्थापन मार्फत वित्तीय सुशासन कायम गर्ने कार्यहरू प्राथमिकतामा रहेका छन । नतिजामा आधारित स्रोत विनियोजन पद्धति मार्फत विद्यालयहरूलाई नियमित अनुदानका अतिरिक्त एकमुष्ट, मागमा आधारित, कार्यसम्पादनमूलक र प्रोत्साहनमूलक अनुदानको व्यवस्था गरिनेछ । श्रोतको आँकलन तपसिल बमोजिम गरिएको छ ।

## ६.३ उद्देश्यहरू

१. शिक्षा क्षेत्रमा आवश्यक स्रोतको प्रक्षेपण गर्नु,
२. योजनामा समावेश भएका कार्यक्रम कार्यान्वयनका लागि आवश्यक वित्तीय स्रोत पहिचान गर्नु,
३. उपलब्ध स्रोतको आधारमा कार्यक्रमको प्राथमिकता निर्धारण गरी कार्यक्रम कार्यान्वयन गर्नु ।

**रणनीतिहरू**

१. सङ्घीय र प्रदेश सरकारको लगानीको अनुपातमा स्थानीय सरकारले आफ्नो स्रोतबाट शिक्षामा लगानीमा वृद्धि गर्ने ।
२. विद्यालय शिक्षामा पहुँच, सहभागिता एवम् गुणस्तर सुनिश्चित गर्न लगानी प्रभावकारीता बढाउने ।
३. वार्षिक रूपमा कुल बजेटको २० प्रतिशत बजेट शिक्षा क्षेत्रका कार्यक्रमका लागि व्यवस्था गर्ने ।
४. शिक्षामा निजी तथा गैरसरकारी क्षेत्रको लगानीलाई उचित नियमनका साथ प्रोत्साहन तथा प्रवर्द्धन गर्ने ।

५. मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गर्ने ।

६. वित्तीय व्यवस्थापन क्षमतामा सुधार ल्याइ वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्वलाई सबल बनाउने ।

७. लागत साझेदारीमा आधारित कार्यक्रम सञ्चालन गर्ने ।

## ६.४ प्रमुख उपलब्धि तथा नतिजा

१. शैक्षिक पहुँच, समता, गुणस्तर र क्षमता विकासमा आवश्यक स्रोतको व्यवस्थापन भएको हुनेछ ।

२. वित्तीय कार्यकुशलता, पारदर्शिता, जिम्मेवारी र उत्तरदायित्व सुदृढ भएको हुनेछ ।

**सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार बाट विद्यालय शिक्षा क्षेत्रअन्तर्गतका प्राप्त हुने अनुमानित बजेट (हजारमा)**

| क्र. सं. | अनुदान प्राप्त हुने उपक्षेत्र / विषय | आर्थिक वर्ष अनुसार रकम (हजारमा ) | | | | | पाँचवर्षको जम्मा बजेट हजारमा |
|---|---|---|---|---|---|---|---|
| | | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | २०८६/८७ | |
| १ | ३.१ प्रारम्भिक बालविकास र शिक्षा | १०,९१४ | १२,०७५ | १२,१३७ | १२,०९८ | ११,९६५ | ५९१८८.७० |
| २ | ३.२ आधारभूत शिक्षा | ११०२२८.३५ | १०४२८४.२७ | ११३४७४.९९ | ११४१९२.२९ | ११३४५७.६० | ५५५६३७.५१ |
| ३ | ३.३ माध्यमिक शिक्षा | ११०२२८.३५ | १०४२८४.२७ | ११३४७४.९९ | ११४१९२.२९ | ११३४५७.६० | ५५५६३७.५१ |
| ४ | ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम | १००.०० | ५९५०.०० | २३९५०.०० | ३९५०.०० | ८९५०.०० | ४२९००.०० |
| ५ | ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ | २७९०.०० | ५७९०.०० | ५१४०.०० | ५१४०.०० | ५१४०.०० | २४०००.०० |
| ६ | ४.१ पाठ्यक्रम र पाठ्यसामग्री | १५००.०० | १६००.०० | १५००.०० | २०००.०० | १७००.०० | ८३००.०० |
| ७ | ४.२ शिक्षक व्यवस्थापन र विकास | १३१०.०० | २४७०.०० | २३७०.०० | २४७०.०० | २३७०.०० | १०९९०.०० |
| ८ | ४.३ शैक्षिक समता र समावेशीकरणा | १०६०.०० | १०१०.०० | १०१०.०० | १०१०.०० | १०१०.०० | ५१००.०० |
| ९ | ४.४ विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | ६४०.०० | ६४०.०० | ४००.०० | ६४०.०० | ३८०.०० | २७००.०० |
| १० | ४.५ विद्यालय सुरक्षा, विपत न्यूनीकरण तथा उत्थानशीलता | १८५०.०० | २१८४.०० | २०३४.०० | १७८४.०० | २१८४.०० | १००३६.०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | ४.६ विद्यालय भौतिक पूर्वाधार | २०४९०.०० | २०४९०.०० | १३९९०.०० | १३९९०.०० | १३९९०.०० | ८२९५०.०० |
| १२ | ४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | २०४९०.०० | २०४९०.०० | १३९९०.०० | १३९९०.०० | १३९९०.०० | ८२९५०.०० |
| १३ | ८.१ अनुगमन तथा मुल्याङ्कन | ३२५.०० | १२५.०० | १५०.०० | १२५.०० | १५०.०० | ८७५.०० |
| १४ | सुशासन तथा व्यवस्थापन | ९४०.०० | ९४०.०० | १०६५.०० | १०१५.०० | १०६५.०० | ५०२५.०० |
| १५ | **शिक्षा योजना कार्यान्वयनको प्रबन्ध** | ९५०.०० | ९५०.०० | ९५०.०० | ९५०.०० | ९५०.०० | ४७५०.०० |

## अनुदान प्राप्त हुने क्षेत्र तथा उपक्षेत्रहरुको क्रियाकलापको अधारमा बजेट रु हजारमा

| **पूर्व प्रा.वि./बालविकास** | **लगानीको अनुमान रु हजारमा** | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | २०२९/३०<br>८६/८७ |
| पूर्व प्रा.वि./ECED कक्षा/केन्द्रमा तोकिएका न्यूनतम मापदण्डहरूको (Minimum Standards) कार्यान्वयन गर्ने | | ४५० | ४५० | ४५० | ४५० |
| आवश्यकता पहिचानको आधारमा अवस्थित ECED/PPE (संस्थागत विद्यालय सुविधाहरू सहित) लाई पुनरावलोकन गर्ने र नयाँ ECED केन्द्रहरूको स्थापना गर्ने | | ० | १०० | ० | १०० |
| न्यूनतम मापदण्डहरूको पालना सुनिश्चित गर्न ECED मैत्री हात धुने सुविधाको व्यवस्था | २१० | ५०० | ४०० | ४०० | ४०० |
| दिवा खाजा कार्यक्रम | ३०४८.३ | ३२२३.८ | ३२८०.५ | ३३३९.९ | ३४०२ |
| बालबालिकाको समग्र विकास र सिकाइलाई सहज बनाउन प्रारम्भिक बाल्यकाल र सिकाइ मापदण्डहरूको कार्यान्वयन | १५ | १५ | १५ | १५ | १५ |
| ECED केन्द्र र शिक्षकहरूलाई कार्यसम्पादन अनुदान (निर्धारित मापदण्डमा आधारित) | ४५ | ६० | ६० | ६० | ६० |
| विभिन्न प्रकारका अपाङ्गता भएका बालबालिकाहरूलाई सहयोग (Support to disable students) | ३० | ३० | ३० | ३० | ३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| पालिका तहको स्वास्थ्य केन्द्रहरूमार्फत त्रैमासिकरुपमा बालबालिकाहरुको स्वस्थ्य जाँच गर्ने साथै बालबालिकाहरूमा अपाङ्गता परीक्षण गरी पहिचान गर्ने (Assement and identification of disabilities) | २०० | २०० | २०० | २०० | २०० |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकको तलब भत्ता | ५,७४६ | ५,७४६ | ५,७४६ | ५,७४६ | ५,७४६ |
| ECED कक्षाका सहयोगी कार्यकर्ता/शिक्षकका लागि पोसाक भत्ता | २६० | २६० | २६० | २६० | २६० |
| ECED कक्षाहरूका सामग्री र सिकाइ कुनाका लागि बजेट अनुदान | ८० | १०० | १०० | १०० | १०० |
| ECED कक्षाहरूका सिकाइ सामग्री र विद्युतीय सिकाइ सामग्रीका लागि बजेट अनुदान | ५०० | ५०० | ५०० | ५०० | ४०० |
| ECED कक्षाहरूमा अध्ययनरत तोकिएका अति विपन्न र लक्षित समुदायका बालबालिकाहरुको सुविधाका लागि छात्रवृत्ति | ३० | ४० | ४५ | ४८ | ५० |
| अभिभावक सचेतना कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० |
| सहजकर्ताहरु लाई पुनर्ताजगी तालिम | - | ३०० | ३०० | ३०० | ३०० |
| स्थानीय तहमा प्रारम्भिक बाल विकास समिति गठन तथा परिचालन | ५० | ५० | ५० | ५० | ५० |
| कक्षा कोठाको बसाइ व्यवस्थापन | ६०० | ५०० | ५०० | ५०० | ३०० |
| जम्मा बजेट (हजारमा) | १०,९१४ | १२,०७५ | १२,१३७ | १२,०९८ | ११,९६५ |

| आधारभूत तह | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० |
| | ८२/८३ | ८३ /८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| सामुदायिक आधारभूत विद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | ३९,७९३.२ | ३९,७९३.२ | ४६,२१५.० | ४६,२१५.० | ४६,२१५.० |

| | | | | | |
|---|---|---|---|---|---|
| सामुदायिक आधारभूत विद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | ५,७३२.७ | ५,७३२.७ | ६,२४०.० | ६,२४०.० | ६,२४०.० |
| आधारभूत तह १-५ का लागि थप ४७ वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाइ बजेट अनुदान प्रदान गर्ने | ८,५६ ३.१ | २,५१८.६ | ४,६८०.० | ५,८५०.० | ४,०९५.० |
| आधारभूत तह ६-८ का लागि थप ३२ वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाइ बजेट अनुदान प्रदान गर्ने | ५,७३२.७ | ४,५८६.२ | ३,७४४.० | २,४९६.० | २,४९६.० |
| सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता | २,७३६.० | २,७३६.० | २,७३६.० | २,७३६.० | २,७३६.० |
| सामुदायिक आधारभूत तह (कक्षा १-५) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ समग्री, कम्तीमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | १,०५०.० | १,०५०.० | १,०५०.० | १,०५०.० | १,०५०.० |
| सामुदायिक आधारभूत तह (कक्षा १-८) विद्यालयहरुका लागि व्यवस्थापन/सञ्चालन खर्च (शिक्षण सिकाइ समाग्री, कम्तीमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | ३,४००.० | ३,४००.० | ३,४००.० | ३,४००.० | ३,४००.० |
| आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | ६.१ | ६.१ | ६.१ | ६.१ | ६.१ |
| आधारभूत विद्यालय (कक्षा १-८) का लागि सञ्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | ८५०.० | ८५०.० | ८५०.० | ८५०.० | ८५०.० |
| आधारभूत तह (कक्षा १-५) सञ्चालित परम्परागत धार्मिक विद्यालयहरुः गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | ७,५००.० | ७,५००.० | ७,५००.० | ७,५००.० | ७,५००.० |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा विद्यालय स्वस्थ्य कार्यक्रम सञ्चालन | २००.० | २००.० | २००.० | २००.० | २००.० |
| आधारभूत तह (कक्षा १-५) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | ४,८००.० | ५,०००.० | ५,२००.० | ५,३९२.० | ५,५९२.० |
| आधारभूत तह (कक्षा ६-८) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | १,७४६.४ | १,७८४.० | १,८२८.० | १,८५२.० | १,८८४.० |

| | | | | | |
|---|---|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सञ्चालन अनुदान | १६,२००.० | १६,८७५.० | १७,५५०.० | १८,१९८.० | १८,८७३.० |
| कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad वितरण | १,०४२.० | ९९६.० | ९५४.० | ९३०.० | ९७६.० |
| विद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | २,२५०.० | २,२५०.० | २,२५०.० | २,२५०.० | २,२५०.० |
| समता रणनीति कार्यान्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा ल्याइ उनीहरूको शिक्षालाई निरन्तरता दिन विद्यालय/विद्यार्थीलाई बजेट अनुदान | ७९.१ | १३१.१ | १४८.६ | १६६.१ | २१८.५ |
| आधारभूत तहमा अध्ययनरत विद्यार्थीमध्ये करिब २०% विद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति कक्षा १-५ | ६८०.० | ७००.० | ७१६.० | ७२०.० | ७२८.० |
| समता रणनीति कार्यान्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई विद्यालय शिक्षामा ल्याइ उनीहरूको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | ५७.० | ९७.० | १०५.० | १११.५ | ११५.५ |
| शून्य दरबन्दी भएका विद्यालयहरूलाई एकमुष्ठ बजेट अनुदान | ७,०००.० | ७,०००.० | ७,०००.० | ७,०००.० | ७,०००.० |
| SMCs र PTAs को क्षमता अभिबृद्धि र अभिभावकहरूलाई सचेतना कार्यक्रम | २५०.० | २५०.० | २५०.० | २५०.० | २५०.० |
| आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सञ्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | ३६०.० | ३७८.४ | ४०२.३ | ३२९.६ | ३३२.५ |
| विद्यालय स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन | - | २०० | २०० | २०० | २०० |
| स्थानीय तहका कर्मचारीलाई बालमैत्री प्रारूपमा अभिमुखीकरण | २०० | २०० | २०० | २०० | २०० |
| विद्यार्थी भर्ना र टिकाउका लागि घरदैलो अभियान | - | ५० | ५० | ५० | ५० |
| आधारभूत तह को बजेट ( हजारमा ) | ११०,२२८ | १०४,२८४ | ११३,४७५ | ११४,१९२ | ११३,४५८ |

| माध्यमिक तह | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | २०२९/३०<br>८६/८७ |
| सबै प्रकार र तहका विद्यालय नक्शाङ्कन, समायोजन र पुनर्वितरण कार्यक्रम सञ्चालन | - | १०० | - | १०० | |
| सामुदायिक माध्यमिक विद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता | ५,२९२ | ५,२९२ | ५,२९२ | ५,२९२ | ५,२९२ |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | ४ | ४ | ४ | ४ | ४ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत विद्यालय सहयोगी कर्मचारीहरूका लागि तलब भत्ता (पोसाक भत्ता सहित) | २,३६० | २,३६० | २,३६० | २,३६० | २,३६० |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) विद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता (पोसाक र भत्ता सहित) | १,५९९ | १,८६६ | १,८६६ | १,८६६ | १,८६६ |
| माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि सञ्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाइ सामग्री, कम्तीमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुविधा, शुद्ध पिउने पानी, विद्युत महसुल, आदि) | ३,५०० | ३,५०० | ३,५०० | ३,५०० | ३,५०० |
| माध्यमिक विद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | ४९० | ४९० | ४९० | ४९० | ४९० |

| | | | | | |
|---|---|---|---|---|---|
| माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिद र वितरण अनुदान | १,१०५ | १,२०५ | १,३०८ | १,४३१ | १,४६१ |
| माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिब र वितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | ४९६ | ५१६ | ५२४ | ५३६ | ५४८ |
| माध्यमिक तहका विद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अति बिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | ४१४ | ६०० | ६६० | ७५० | ८१० |
| माध्यमिक तहका विद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अति बिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका विद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | - | ९० | १२० | १५० | १८० |
| कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad वितरण बापतको बजेट अनुदान | १,६३४ | १,६८२ | १,६५९ | १,६१४ | १,६७० |
| माध्यमिक विद्यालय तहमा पुस्तकालय स्थापना र सञ्चालन बजेट अनुदान | ७५० | १,५०० | १,५०० | ७५० | - |
| माध्यमिक विद्यालय तहमा विज्ञान प्रयोगशाला स्थापना र सञ्चालन बजेट अनुदान | - | ७५० | - | ७५० | - |
| माध्यमिक विद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाइ सामग्री र सन्चालन | ७५० | ७५० | ७५० | ७५० | ७५० |
| नमुना विद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक विद्यालयमा Master Plan कार्यान्वयन (पुस्तकालय व्यवस्थापन, ICT र विज्ञान प्रयोगशाला, सामग्री र किट्सहरू, आदि) का लागि बजेट अनुदान | ३,००० | - | - | - | - |
| कक्षा ९-१२ मा प्राविधिक धार | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| सञ्चालनका लागि पहल गर्ने | – | – | २,५०० | – | – |
| सिकाइ उपलब्धि कमजोर भएका बालबालिकाहरू लक्षित सिकाइ सहयोग कार्यक्रम सञ्चालन | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| अभिभावक सचेतीकरण कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० |
| विद्यार्थी प्रोत्साहन कार्यक्रम सञ्चालन | – | १५० | १५० | १५० | १५० |
| शैक्षिक मेलाको आयोजना | २०० | २०० | २०० | २०० | २०० |
| प्राविधिक शिक्षा तथा व्यावसायिक सिप विकासका लागि पालिका स्तरीय सम्भाव्यता पहिचानका लागि नक्शाङ्कन कार्य सञ्चालन | – | २०० | – | – | – |
| **माध्यमिक तहको जम्मा बजेट (हजारमा)** | २२,१९४ | २१,८५४ | २३,४८२ | २१,२९२ | १९,८८० |

| प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३ /८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | २०२९/३०<br>८६/८७ |
| बहुप्राविधिक शिक्षालयको स्थापना | ० | ० | २०००० | ० | ० |
| रोजगार परामर्श सेवा | १०० | १०० | १०० | १०० | १०० |
| स्वरोजगार प्रवर्द्धन कार्यक्रम | ० | १५० | १५० | १५० | १५० |
| प्राविधिक तथा व्यवसायिक विद्यालय | ० | ५००० | ० | ० | ५००० |
| प्रयोगशाला व्यवस्थापन र स्तरोन्नति | ० | ० | ३००० | ३००० | ३००० |
| युवाहरुलाई खोज तथा नवप्रवर्तनका लागि प्रोत्साहनमूलक कार्यक्रम | ० | २०० | २०० | २०० | २०० |
| प्राविधिक शिक्षा अध्ययन गरेका युवाहरुलाई इन्टर्नसिप तथा उद्यमशिलता विकासका लागि कार्यक्रम | ० | ५०० | ५०० | ५०० | ५०० |
| **प्राबिधिक शिक्षा तथा व्यवसायिक तालिम कार्यक्रमको जम्मा बजेट (हजारमा)** | १०० | ५९५० | २३९५० | ३९५० | ८९५० |

| अनौपचारिक शिक्षा तथा निरन्तर सिकाई | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० |
| | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| स्थानीय तह र सो तहमा कार्यरत गैर-सरकारी र अन्य सङ्घ-संस्थाहरू सँगको सहकार्यमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी स्थानीय तहको मापदण्ड र निर्देशिकाहरूको विकास गरी लागु गर्ने | ० | १०० | ० | ० | ० |
| स्थानीय तहका सबै सरोकारवालाहरू सँगको समन्वय र सहयोगमा लक्षित कार्यक्रमहरू मार्फत स्थानीय तहका वार्डहरूलाई चरणबद्ध रूपमा पूर्ण साक्षरता बनाउन पूर्ण साक्षर पालिका कार्यक्रम सञ्चालन | २०० | ४०० | २०० | २०० | २०० |
| अनौपचारिक शिक्षा र निरन्तर शिक्षाका लागि रेडियो, टिभी जस्ता आम सञ्चारका साधनहरूको उपयोग (स्थानीय तहमा अनौपचारिक शिक्षा र निरन्तर शिक्षासम्बन्धी विषयवस्तुहरुको विकास, वितरण र प्रचारप्रसार गर्ने) | - | १५० | १५० | १५० | १५० |
| स्थानीय तहको प्रत्येक वार्डमा सञ्चालित सामुदायिक अध्ययन केन्द्रमा रहेका पुस्तकालयहरू सँग सम्बन्ध स्थापना गराउने गरी समुदाय स्तरमा पुस्तकालय स्थापना र सञ्चालन गर्ने | - | १,७५० | १,७५० | १,७५० | १,७५० |
| हाल सञ्चालनमा रहेका समुदायिक केन्द्रहरूमा आवश्यकतामा आधारित नमुना कार्यक्रमहरु थप गरी सवलीकरण गर्ने साथै समुदायिक केन्द्रहरूको सञ्चालन र व्यवस्थापन खर्च र अनौपचारिक शैक्षिक सुचना व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी तथ्याङ्क विवरण तयार गर्ने | ५०० | १,००० | ५०० | ५०० | ५०० |
| CLC परिचालकहरुको क्षमता अभिवृद्धि/तालिम | ५० | ५० | ५० | ५० | ५० |
| अनौपचारिक र निरन्तर शिक्षा कार्यक्रमहरुको अनुगमन | ४० | ४० | ४० | ४० | ४० |

| | | | | | |
|---|---|---|---|---|---|
| घरधुरी सर्वेक्षण तथा निरक्षर व्यक्तिहरूको तथ्याङ्क अद्यावधिक | १५० | १५० | १५० | १५० | १५० |
| शैक्षिक पहुँच सुनिश्चित गर्न बैकल्पिक शिक्षा कार्यक्रम सञ्चालन | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| आय आर्जन सिप विकास तालिम कार्यक्रम सञ्चालन | ३०० | ४५० | ४५० | ४५० | ४५० |
| अनौपचारिक तथा वैकल्पिक शिक्षाका लागि आवश्यक सिकाइ सामग्री विकास | ५० | ५० | ५० | ५० | ५० |
| सीमान्तकृत समुदायका व्यक्तिलाई आय आर्जन सिप विकास कार्यक्रम सञ्चालन | १,२०० | १,३५० | १,५०० | १,५०० | १,५०० |
| **अनौपचारिक तथा निरन्तर सिकाइ कार्यक्रमको जम्मा बजेट (हजारमा )** | **२७९०** | **५७९०** | **५१४०** | **५१४०** | **५१४०** |

| पाठ्यक्रम र मूल्याङ्कन | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५ / २६ | २०२६ / २७ | २०२७ / २८ | २०२८ / २९ | २०२९ / ३० |
| | ८२/८३ | ८३ /८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ को कार्यान्वयन (तहगत पाठ्यक्रमहरूको विकास, परीक्षण र कार्यन्वयन, नमुना पाठ्यपुस्तकहरूको विकास, शिक्षक निर्देशिका र सन्दर्भ सामग्रीहरुको विकास गर्ने) | १५० | १५० | १५० | १५० | १५० |
| संस्थागत संरचनाको विकास र क्षमता अभिबृद्धि गर्ने (विज्ञहरुको परिचालन गरी स्थानीय तहहरूमा स्थानीय पाठ्यक्रमको परिमार्जन र कार्यान्वयनका लागि प्राविधिक सहयोग प्रदान गर्ने विधि र पद्धति स्थापित गर्ने) | ० | ० | ० | ५०० | १०० |
| आधारभूत तहको पाठ्यक्रका लागि सबै शिक्षकहरूलाई ३ दिने अभिमुखीकरण तालिम प्रदान गर्ने | ४०० | ४०० | ४०० | ४०० | ४०० |

| | | | | | |
|---|---|---|---|---|---|
| आन्तरिक र बाह्य मूल्याङ्कन विधिका विद्यार्थी मूल्याङ्कन र तिनको कार्यान्वयनको मापदण्डहरू विकास गर्ने (जसमाः- नमुना सामग्रीहरु विकास गर्ने, कक्षाकोठामा आधारित मूल्याङ्कनका मापदण्डहरूको विकास र तिनको बारेमा अभिमुखीकरण साथै विद्यार्थी प्रगतिको प्रतिवेदन र सुझाव सङ्कलन) | २५० | २५० | २५० | २५० | २५० |
| विद्यालय शिक्षा पाठ्यक्रम, पाठ्यपुस्तक र अन्य विषय क्षेत्रका निर्देशिका, विधि र प्रक्रियाहरूको विकास र परिमार्जन गर्ने र तिनलाई एकीकृत गर्ने) | ० | १०० | ० | | १०० |
| विद्यार्थीको आवधिक मुल्याङ्कन | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| स्टिम अवधारणा अनुसार शिक्षण प्रकृया हुने विद्यालय | १०० | १०० | १०० | १०० | १०० |
| सिकाइ पोर्टलको प्रयोग सम्बन्धी शिक्षक क्षमता विकास | १०० | १०० | १०० | १०० | १०० |
| पाठ्यक्रम र मूल्याङ्कन कार्यक्रमका लागि बजेट (हजारमा) | १,५०० | १,६०० | १,५०० | २,००० | १,७०० |

| शिक्षक व्यवस्थापन र तालिम | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० |
| | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| शिक्षक योग्यता र वितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर्वितरण र समायोजन) | - | १०० | - | १०० | - |
| नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | - | - | - | - | - |
| माध्यमिक शिक्षकहरुलाई गणित, विज्ञान र अंग्रेजी विषयको विषयवस्तुको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | २१० | २१० | २१० | २१० | २१० |
| शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाइ सम्बन्धी तालिम | - | - | - | - | - |

| | | | | | |
|---|---|---|---|---|---|
| सबै विद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाइ Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गर्ने विद्यालय संख्या | ५० | ५० | ५० | ५० | ५० |
| विद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिबृद्धि गर्ने | २०० | २०० | २०० | २०० | २०० |
| हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ वर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | ४०० | ४०० | ४०० | ४०० | ४०० |
| असल अभ्यासको अवलोकन भ्रमण गर्ने | ० | ४०० | ४०० | ४०० | ४०० |
| शिक्षकलाई परामर्श कार्य गर्न, अध्ययन अनुसन्धान, अनुगमन, सुपिरवेक्षणको लागि विज्ञ समूह परिचालन गर्ने | १५० | | | | |
| उत्कृष्ट शिक्षक पुरस्कार तथा सम्मान कार्यक्रम सञ्चालन | ० | ८१० | ८१० | ८१० | ८१० |
| **शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट (हजारमा)** | **१,३१०.००** | **२,४७०.००** | **२,३७०.००** | **२,४७०.००** | **२,३७०.००** |

| समाहित शिक्षा | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० |
| | ८२/८३ | ८३ /८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| स्थानीय तहका स्वास्थ्य शाखा/केन्द्रहरू सँग समन्वय गरी शैक्षिक सत्रको शुरूमा ECD देखि आधारभूत तहसम्मका विद्यार्थीहरुको अपाङ्गतासम्बन्धी स्वास्थ्य जाँच र परीक्षण | २०० | २०० | २०० | २०० | २०० |
| अपाङ्ग बालबालिका पहिचान गरी व्यक्तिगत शिक्षा योजना (IEP) विकास गर्नु। | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| श्रवण/बहिरा र बौद्धिक अपाङ्गता भएका बालबालिकाका लागि साथै अन्य प्रकारका अपाङ्गता भएका बालबालिकाका लागि शिक्षण सिकाइ सामग्री, ब्रेल किताब, श्रवण सामग्री र थप सामग्रीहरु वितरण | १०० | १०० | १०० | १०० | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| बालबालिका तथा समाहित शिक्षा सञ्जाल गठन तथा विविध कार्यक्रम सञ्चालन | १० | १० | १० | १० | १० |
| अपाङ्गता तथा समावेशी शिक्षा सम्बन्धी अभिभावक सचेतना विकास कार्यक्रम सञ्चालन | १५० | १५० | १५० | १५० | १५० |
| विद्यालयमा बाल क्लव तथा जुनियर रेडक्रस सर्कलमा आधारित कार्यक्रम सञ्चालन | १०० | १०० | १०० | १०० | १०० |
| समावेसी शिक्षा सञ्जाल गठन | ५० | ५० | ५० | ५० | ५० |
| गुनासो सुनुवाई कार्यविधि निर्माण र कार्यान्वयन | १५० | | | | |
| प्रधानाध्यापक तथा विद्यालय व्यवस्थापन समितिका पदाधिकारी लक्षित समावेशी शिक्षासम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन | - | १०० | १०० | १०० | १०० |
| **समाहित शिक्षा कार्यक्रमको जम्मा बजेट (हजारमा)** | **१,०६०** | **१,०१०** | **१,०१०** | **१,०१०** | **१,०१०** |

| विद्यालय मा स्वास्थ्य तथा पोषण प्रस्तावित कार्यक्रमहरु | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३ /८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | २०२९/३०<br>८६/८७ |
| दिवा खाजाका लागि भान्सा तथा भण्डार एवम् थप भाँडावर्तनको प्रबन्ध | १०० | १०० | १०० | १०० | ८० |
| दिवा खाजाको मेनु सुधार र खाजा टोकरी निर्माण | ० | २४० | ० | ० | ० |
| विद्यालयलाई प्राथमिक उपचार किट प्रदान | २४० | ० | ० | २४० | ० |
| आवधिक स्वास्थ्य जाँच, जुकाको औषधी, भिटामिन र आइरन ट्यावलेट कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० |
| किशोरी महिनावारी स्वच्छताका लागि कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० |
| अभिभावक सचेतना कार्यक्रम | १०० | १०० | १०० | १०० | १०० |
| **विद्यालय मा स्वास्थ्य पोषण कार्यक्रमको जम्मा बजेट (हजारमा)** | **६४०** | **६४०** | **४००** | **६४०** | **३८०** |

| बिपत व्यवस्थापन तथा न्यूनीकरण | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० |
| | ८२/८३ | ८३ /८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| शिक्षक तथा वि.व्य.स.को लागि विपद व्यवस्थापन सम्बन्धी क्षमता विकास तालिम | ० | १०० | १०० | १०० | १०० |
| गाउँपालिका आपतकालीन योजना निर्माण र कार्यान्वयन | १५० | ० | १५० | ० | १५० |
| निरन्तर र सुरक्षित सिकाइका लागि शिक्षक विद्यार्थी सम्मिलित कार्य समूह निर्माण र परिचालन | ० | १५० | ० | १५० | ० |
| स्वास्थ्य सुविधासहितको स्वास्थ्य शिक्षिका/कार्यकर्ताको व्यवस्था | ० | ८४ | ८४ | ८४ | ८४ |
| हरित विद्यालय सम्बन्धी SMC,PTA, शिक्षक, प्र. अ. लाई क्षमता अभिवृद्धि | २५० | २५० | २५० | ० | २५० |
| विपद् प्रतिकार्य योजना निर्माण/ | ० | १५० | ० | ० | १५० |
| आपत्कालीन अवस्थामा सिकाइ निरन्तरताको लागि स्थानीय तहको शिक्षा समूह गठन एवम् परिचालन | १०० | १०० | १०० | १०० | १०० |
| स्थानीय तह अन्तर्गतका प्रत्येक विद्यालयमा बृहत विद्यालय सुरक्षाका न्यूनतम प्याकेज कार्यान्वयन | २५० | २५० | २५० | २५० | २५० |
| पालिकास्तरमा प्रकोप व्यवस्थापन कोषको स्थापना | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| सिकाइ आपुरण तथा द्रुत सिकाइ सम्बन्धी शिक्षकको क्षमता विकास र कार्यान्वयन | ६०० | ६०० | ६०० | ६०० | ६०० |
| **विपद् व्यवस्थापन तथा न्यूनीकरण कार्यक्रमको जम्मा बजेट (हजारमा)** | १८५० | २१८४ | २०३४ | १७८४ | २१८४ |

| विद्यालय भौतिक पूर्वाधार विकास | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ | २०२६ /२७ | २०२७ /२८ | २०२८ /२९ | २०२९ /३० |
| | ८२/८३ | ८३ /८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| स्थानीय तहका छनौट भएका विद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका विद्यालय निर्माण गर्ने | १९५०० | १९५०० | १३००० | १३००० | १३००० |
| विद्यालयमा बनेका संरचनाको सम्बर्धन तथा फर्निचर व्यवस्थापन | ५० | ५० | ५० | ५० | ५० |
| विद्यालयको भौतिक निर्माणमा वातावरणीय र | २४० | २४० | २४० | २४० | २४० |

| | | | | | |
|---|---|---|---|---|---|
| सामाजिक सुरक्षा सम्बन्धी रुजु सूची भर्ने विद्यालय | | | | | |
| कक्षा कोठा सबलीकरण | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | २०० | २०० | २०० | २०० | २०० |
| **विद्यालय भौतिक पूर्वाधार विकास कार्यक्रमका लागि बजेट (हजारमा )** | २०४९० | २०४९० | १३९९० | १३९९० | १३९९० |

| शिक्षामा सूचना तथा सञ्चार प्रविधि | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० |
| | ८२/८३ | ८३ /८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| | | | | | |
| विद्यालयमा ICT मैत्री संरचना विस्तार गरी ई-लाईब्रेरी स्थापना | ५०० | ५०० | ५०० | ५०० | ५०० |
| सबै शिक्षण संस्थाहरुमा विद्युतका साथै इन्टरनेट सेवा विस्तार | ४३२ | ४३२ | ४३२ | ४३२ | ४३२ |
| शिक्षक तथा कर्मचारीहरुको सञ्चार तथा प्रविधिसम्बन्धी क्षमता विकास | १५० | १५० | १५० | १५० | १५० |
| एक शिक्षक एक ल्यापटप लागत साझेदारीमा कार्यक्रम | ० | ७५० | ० | ७५० | ० |
| सामुदायिक सिकाइ केन्द्रहरुलाई डिजिटल लर्निङ सेन्टरको रुपमा विकास | ३०० | ३०० | ३०० | ३०० | ३०० |
| परिवार र समुदायलाई प्रविधिमैत्री बनाउनका लागि सचेतनामूलक कार्यक्रमहरु सञ्चालन | १०० | १०० | १०० | १०० | १०० |
| EMIS सम्बन्धी तालिम | १०० | १०० | १०० | १०० | १०० |
| साइबर कानुनको प्रभावकारी कार्यान्वयन र जनचेतना स्तर अभिवृद्धि गरी सूचना र सञ्चारको दुरुपयोग र साइबर अपराधका घटनाहरुमा न्यूनीकरण (६-१२ सञ्चालित सबै विद्यालयहरु) | १०० | १०० | १०० | १०० | १०० |
| सबै माध्यमिक विद्यालयहरुको वेभसाइट, इ-हाजिरी र सिसी टिभी क्यामेरा जडान | १००० | १००० | ५०० | ५०० | ५०० |
| शिक्षामा सूचना तथा सञ्चार प्रविधि कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (हजारमा) | २६८२ | ३४३२ | २१८२ | २९३२ | २१८२ |

| सुशासन तथा व्यवस्थापन | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० |
| | ८२/८३ | ८३ /८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| स्थानीय तहका शैक्षिक कार्यक्रमहरूको अनुगमन निर्देशिका, सूचकहरू र साधनहरुको विकास र अध्यावधीकरण गर्ने | ५० | ५० | ५० | ५० | ५० |

| | | | | | |
|---|---|---|---|---|---|
| शैक्षिक तथ्याङ्क व्यवस्थापन, प्रतिबेदन तयारी र प्रबोधीकरण गर्ने साथै बार्षिक कार्यक्रमहरूको स्थिति प्रतिवेदन तयार गर्ने | ० | ० | ७५ | ७५ | ७५ |
| विद्यालयहरूमा सञ्चालित शैक्षिक, भौतिक, आर्थिक र अन्य सबै कार्यक्रमहरूको सम्पादनसम्बन्धी सामाजिक लेखापरीक्षण गर्ने | २४० | २४० | २४० | २४० | २४० |
| विद्यालयको कार्यसम्पादन लेखापरीक्षण र सोको सुझावहरूको आधारमा स्थानीय तहको शैक्षिक कार्यक्रम कार्यान्वयन योजनाको गुणस्तर वृद्धि गर्ने | १२० | १२० | १२० | १२० | १२० |
| विद्यालयहरूमा सञ्चालित शैक्षिक, भौतिक र अन्य सबै कार्यक्रमहरू बापत प्राप्त आय र सोको खर्च तथा व्ययसम्बन्धी आर्थिक लेखापरीक्षण गर्ने | ४८० | ४८० | ४८० | ४८० | ४८० |
| स्थानीय तहका शैक्षिक समस्याहरूलाई सम्बोधन गरी गुणस्तर अभिबृद्धि गर्ने कार्यक्रमहरूलाई स्थानीय तहको शिक्षा क्षेत्रको योजनामा राख्न स्थनीय तहका र वाह्य बिशेषज्ञहरूको संयुक्त सहभागितामा बिभिन्न Issues मा आधारित अनुसन्धान कार्यहरू (बार्षिक कम्तीमा १ समस्यामा) | ५० | ५० | ५० | ५० | ५० |
| स्थनीय तहको शिक्षा क्षेत्रको योजनाको बार्षिक, मध्यावधि र अन्तिम मूल्याङ्कन गर्ने | | ० | ५० | | ५० |
| सुशासन तथा व्यवस्थापन कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (हजारमा) | ९४० | ९४० | १०६५ | १०१५ | १०६५ |

| शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० |
| | ८२/८३ | ८३ /८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| वार्षिक बजेट तथा कार्यक्रम निर्माण गर्ने विद्यालय | २४० | २४० | २४० | २४० | २४० |
| विद्यालय सुधार योजना निर्माण एवम् अद्यावधिक गर्ने विद्यालय | ३६० | ३६० | ३६० | ३६० | ३६० |
| एकीकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | १२० | १२० | १२० | १२० | १२० |
| अनुगमन प्रणालीका लागि सूचक तयारी र अध्यावधिक | १० | १० | १० | १० | १० |
| विद्यालय अनुगमन | १०० | १०० | १०० | १०० | १०० |
| चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन | ३० | ३० | ३० | ३० | ३० |
| विद्यालयको कार्यसम्पादन परीक्षण | ३० | ३० | ३० | ३० | ३० |
| विद्यार्थी सिकाइ उपलब्धि परीक्षण | ६० | ६० | ६० | ६० | ६० |
| शिक्षा योजना कार्यान्वयनको प्रबन्ध कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा) | ९५० | ९५० | ९५० | ९५० | ९५० |

| अनुगमन मुल्याङ्कन | लगानीको अनुमान रु हजारमा | | | | |
|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | २०२९/३० |
| | ८२/८३ | ८३ /८४ | ८४/८५ | ८५/८६ | ८६/८७ |
| अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | | - | २५.० | - | २५.० |
| नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | २०.० | २०.० | २०.० | २०.० | २०.० |
| कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | १५.० | १५.० | १५.० | १५.० | १५.० |
| छात्रा मुल्याङ्कन प्रविधि समति (SATC) को गठन र अभिमुखीकरण | २००.० | | | | |
| कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | ३० | ३०.० | ३०.० | ३०.० | ३०.० |
| अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | १०.० | १०.० | १०.० | १०.० | १०.० |
| अनुगमन पद्धति विकास तथा कार्यान्वयन | ५० | ५० | ५० | ५० | ५० |
| **स्थानीय तहको शिक्षामा क्षमता अभिबृद्धि, अनुगमन र मुल्याङ्कन कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (हजारमा)** | ३२५.० | १२५.० | १५०.० | १२५.० | १५०.० |

## ६.५ योजनाको वार्षिक बजेट तर्जुमा प्रक्रिया

शुद्धोधन गाउँपालिकाको शिक्षा योजनामा उल्लिखित परिच्छेद ३, ४, ५ र ६ मा उल्लिखित प्रमुख क्रियाकलाप र लक्ष्यलाई प्रस्तावित भौतिक लक्ष्य मानी वार्षिक रूपमा सो कार्य सम्पादनका लागि आवश्यक बजेट हिसाब गरी एकाइ लागत निर्धारण गरिएको छ । सो एकाइ लागतले लक्ष्यलाई गुणन गरी वार्षिक अनुमानित बजेट निर्धारण गरी क्रियाकलापगत बजेटको जम्मा जोड हिसाब गरी उक्त उपक्षेत्र र अन्तरसम्बन्धित विषय क्षेत्रमा आवश्यक पर्ने बजेट हिसाब गरी उपक्षेत्रगत र अन्तरसम्बन्धित विषय क्षेत्रगत कार्यक्रम तथा बजेटको सारांश तपसिलको तालिकामा प्रस्तुत गरिएको छ । उपक्षेत्रगत र र अन्तरसम्बन्धित विषय क्षेत्रका क्रियाकलापगत विस्तृतीकरणलाई अनुसूचीमा उल्लेख गरिएको छ ।

माथिको तालिका अनुसार तयार भएको बजेटका लागि स्रोतको अनुमान सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त हुने प्रस्तावित बजेट तथा विभिन्न सङ्घसंस्थाबाट कार्यान्वयन हुने क्रियाकलापको समेत प्रक्षेपण गरी बजेटको अनुमान गरिएको छ ।

परिच्छेद ७

# अनुगमन तथा मूल्याङ्कन

## ७.१ परिचय

यस गाउँपालिकाले शिक्षा कार्यक्रम कार्यान्वयन वार्षिक स्वीकृत कार्यक्रम अनुरुप कार्यान्वन गर्नेछ । स्थानीय तह र विद्यालयको आधारभूत तहमा सञ्चालन हुने कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनमा जोड दिइएको छ । प्रत्येक विद्यालयले र पालिकाले बजेटमा तोकिएको जिम्मेवारी अनुसार कार्यक्रम सञ्चालन गर्नेछन । कार्यक्रम सञ्चालनको लागि बजेट र आवश्यक प्रबन्ध पालिकाको गाउँपालिकाले गर्नेछ

जब कार्यक्रमहरुको कार्यान्वयन भए नभएको अनुगमन मूल्याङ्कन गर्न पालिका तहमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखको संयोजनमा अनुगमन समिति र विद्यालय तहमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा कार्यक्रमहरुको प्रभावकारी कार्यन्वयनको अनुगमन गरिनेछ । विद्यालय अनगुमनका क्रममा गाउँपालिकाले समग्र पक्षको (शैक्षक, प्रशासनिक, शैक्षिक र भौतिक) नियमित अनगुमन, सपुरिवेक्षण, निरीक्षण गर्नेछन् । अनगुमन पश्चात सरोकारवालाहरुसँग समीक्षा बैठक गरी अनकुरणीय पक्षको प्रचार प्रसार र सुधारात्मक पक्षका लागि कार्ययोजना बनाइ कार्यान्वन गरिनेछ । कार्यक्रम कार्यान्वयनको लागि नीतिगत रुपमा पालिका र विद्यालय स्तरमा कार्यक्रम अनुगमन तथा मूल्याङ्कन समिति बनाइ सक्रिय हुनेछ ।

## ७.२ वर्तमान अवस्था

स्थानीय तहमा शैक्षिक क्षेत्राधिकार अनुसारका कार्यहरुमा अनुगमन, नियमन र मूल्याङ्कन गर्ने कार्य गरिरहेको छ । खासगरी गाउँपालिकाको शिक्षा शाखाबाट समय समयमा अनुगमन तथा मूल्याङ्कन गर्ने गरिएको तथा कहिलेकाही जनप्रतिनीधिहरुलाई सामिल गराइ संयुक्त अनुगमनमा पनि गरिएको छ । विद्यालयमा वि.व्य.स. र प्र.अ.को नेतृत्वमा अनुगमन गर्ने गरेको छ । अनुगमन मूल्याङ्कनका संरचना वा निकायहरु खडा भए तापनि सक्रिय बनाउन बाँकी नै छ । कहिलेकाही गरिएका अनुगमनले सुधारात्मक सुझाव दिने तर त्यसको कार्यान्वयन गर्ने परिपाटी छैन । समग्र कार्यक्रम कार्यान्वयन, प्रगति समिक्षा पनि हुन बाँकी नै छ । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी संरचना निर्माण र परिचलनमा समस्या छ । सफलता, सिकाइ र राम्रा अभ्यासहरुको दस्तावेजीकरण र प्रचार प्रसारको पनि खाँचो रहेको छ ।

## ७.३ उद्देश्य

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु ।
२. अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु ।

३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल गर्नु ।

**रणनीति**

१. कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने ।
२. नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने ।
३. विद्यार्थी उपलब्धि परीक्षण तथा विद्यालय कार्यसम्पादन परीक्षणलाई थप व्यवस्थित र नियमित गर्ने ।
४. कक्षाकोठाको सिकाइको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रबन्ध गर्ने।
५. योजनाअन्तर्गत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने ।
६. अनिवार्य तथा निशुःल्क शिक्षा ऐन २०७५ ले तोकेबमोजिम अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी स्थानीय तहमा पेस गर्ने ।

## ७.४ प्रमुख उपलब्धि तथा नतिजा

***क) उपलब्धि***

१. अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ।
२. नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
३. योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतीलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ।

***ख) नतिजा***

१. अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।
२. नतिजामा आधारित अनुगमन प्रणाली स्थापित भइ योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन भएको हुनेछ ।

## ७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्यः

| क.सं. | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | २०८२ | २०८३ | २०८४ | २०८५ | २०८६ | जम्मा |
| १ | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | ० | १ | ० | १ | ३ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचक तयार तथा अद्यावधिक गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ३ | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा वार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ |
| ४ | कार्यक्रम कार्यान्वयन पुस्तिका तयारी | पटक | १ | १ | १ | १ | १ | ५ |
| ५ | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गर्ने | पटक | १ | १ | १ | १ | १ | ५ |
| ६ | अनुगमन पद्धति विकास तथा कार्यान्वयन | पटक | १ | १ | १ | १ | १ | ५ |